# कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७८

वन तथा वातावरण मन्त्रालय

## वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाण्डौ

२०७८

# बिषय सूची


परिच्छेद १. प्रारम्भिक ..... ८

१.१ भूमिका ..... ८

१.२ कार्यविधिको प्रारुप ..... ८

१.३ कार्यविधि तयारीको उद्देश्य ..... ९

१.४ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन ..... ९

१.५ उपभोक्ता समूहबाट कार्यक्रम सञ्चालन गर्दा अपनाउने प्रक्रिया ..... १०

१.६ जनशक्ति व्यवस्थापन तथा समयसिमा ..... ११

परिच्छेद २. वन तथा भू-संरक्षण विभाग कार्यक्रम ..... १२

२.१ सातौं सामुदायिक वन राष्ट्रिय गोष्ठी ..... १२

२.२ वार्षिक योजना तर्जुमा गोष्ठी ..... १२

२.३ वार्षिक प्रगति समिक्षा गोष्ठी ..... १३

२.४ वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन ..... १४

परिच्छेद ३. डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) ..... १५

३.१ वन डढेलो नियन्त्रण सम्बन्धी सामाग्री खरिद ..... १५

३.२ **GIS/RS** सम्बन्धि दक्षता अभिवृद्ध तालिम ..... १६

३.३ वन सुरक्षा कक्षको स्तर उन्नति ..... १६

३.४ वन डढेलो सम्बन्धी प्रकाशित समाचारहरुको सङ्कलन र प्रतिवेन तयारी ..... १६

३.५ वन, वन्यजन्तु, जैविक विविधता, वन डढेलो नियन्त्रण सम्बन्धि अभिमूखिकरण, पैरवी तथा प्रचार प्रसार सामाग्री उत्पादन/प्रशारण ..... १७

३.६ प्रादेशिक वन डढेलो जोखिम नक्शांकन तथा सुचाकंन ..... १७

परिच्छेद ४. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम ..... १८

४.१ वन व्यवस्थापनको प्राविधिक परिक्षण (**Technical Audit**) को लागि सूचकहरू तयारी तथा २ स्थानमा अडिट समेत ..... १८

४.२ वन व्यवस्थापनका सफल अभ्यास छायाङ्कन तथा सरोकारवालाहरूको अन्तरक्रिया ..... १९

४.३ व्यवसायिक कबुलियती वन राष्ट्रिय समिक्षात्मक गोष्ठी ..... २०

४.४ राष्ट्रिय वनको दिगो व्यवस्थापन सम्बन्धि मापदण्ड सहितको कार्यविधि तयारी ..... २१

वन्यजन्तुको वासस्थान व्यवस्थापन (वन संरक्षण क्षेत्र, कोरिडोरको सिमसार/घाँसे मैदान)..........२२
लुम्बिनी प्रदेशमा सरिसृप ( **Herpeto fauna)** हरुको अवस्था अध्ययन तथा प्रोफाइल तयारी अध्ययन..........................................................................२२
४.७ वन्यजन्तु उद्धार सम्बन्धी आकस्मिक सहयोग कार्यक्रम..........................................२३
४.८ वन्यजन्तुको ह्याण्डलिङ/पहिचान तालिम..........................................................२४
४.९ वन्यजन्तु नियन्त्रण एकाइ **(WCCB)** समन्वय बैठक..............................................२४
४.१० वन्यजन्तु व्यवस्थापन सम्बन्धि आकस्मिक अनुगमन ............................................२५
४.११ वन उद्यम सम्वन्धि मेशीन ओजार खरिद सहयोग यज्ञडोल सा.ब.उ.स गोकर्णेश्वर न.पा. ४ , काठमाण्डौं...........................................................................२५
४.१२ काठमाण्डौ उपत्यका पहाडि श्रृंखला वन संरक्षण क्षेत्र ब्यवस्थापन योजना निर्माण....................२६
४.१३ सामुदायिक वन उद्यममा काष्ठकला प्रवद्र्धन सिप विकास तालिम....................................२७
४.१४ वन उद्यममा लगानी विस्तारका लागि वैकर्स विमक र वन उद्यमी विच अन्तरक्रिया गोष्ठि..........२८
४.१५ वन उद्यम र पर्यापर्यटन प्रवर्द्धनका लागि सरोकारवालाहरुको स्थलगत भ्रमण तथा अन्तरसंवाद कार्यक्रम.........................................................................२८
४.१६ वनजन्य उद्यम सम्बन्धी प्रदर्शनी, अध्ययन तथा अवलोकन भ्रमणमा निजी क्षेत्रका उद्यमीको सहभागिताका लागि सहयोग कार्यक्रम ...............................................२९
४.१७ ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्डको मस्यौदा तयारी र परिमार्जन..........................३०
४.१८ राष्ट्रिय पुरस्कारहरु (गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी, साझेदारी, गणेश बहादुर शाही संरक्षण पुरस्कार आदि) ...........................................................३१
४.१९ सिवक्थोर्न प्रजातिको संरक्षण, फल संकलन तथा प्रशोधन, उत्पादन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धि तालिम ..................................................................३२
४.२० उच्च हिमाली जिल्लाका वन उद्यमी एवं अन्य सरोकारवालाहरुको सिवक्थोर्न प्रजातिको प्रवर्धन तथा उद्यम विकास सम्बन्धि अन्तरक्रिया गोष्ठी..................................................३३
४.२१ सिवक्थोर्न (डालेचुक तथा भूइँचुक) प्रजातिको संरक्षण कार्य योजना तथा वितरण ढाँचा तयारी.......३४
४.२२ वन बीऊ बगैंचा स्थापना सम्बन्धि मार्गदर्शन तयारी.............................................३५
४.२३ दुर्लभ/लोपोन्मुख रुख प्रजाति पहिचान, बीउ संकलन एवं प्रशोधन तथा बीउको परस्थानीय आनुवाशिंक संरक्षण.......................................................................३७
४.२४ नर्सरी संरचना मर्मत व्यवस्थापन तथा हेरचाह ..................................................३८
४.२५ विरुवा उत्पादन शहरी सौन्दर्य प्रजाति सहित ....................................................३९
४.२६ अगरउडको इनोकुलेसन प्रविधि विस्तार..........................................................३९

७ अगरउड डेमोप्लट तथा बृक्षारोपण क्षेत्रको संरक्षण, मर्मत संभार तथा अनुगमन......................४०
८ साइटिस सूचिकृत कानूनको अभिमुखीकरण ...............................................................४२
४.२९ साइटिस सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा बितरण.........................................४२
४.३० साइटिस प्रतिवेदन तयारी ..................................................................................४२
४.३१ नेपालमा पाइने तथा रोपण भैसकेका अगरउडको अभिलेखिकरण गर्ने .................................४३
४.३२ साइटिस जन्य वन पैदावार प्रशोधन उद्योगको अनुगमन ................................................४३
४.३३ संकलन ओसार पसार तथा घाटगद्दी अनुगमन.........................................................४४
४.३४ **IEE/EIA** क्षेत्रको नुगमन.................................................................................४४
४.३५ शहरी वन विकास (बिरुवा उत्पादन/खरिद, बृक्षारोपण, संरक्षण)......................................४४
४.३६ स्थानीय तहहरुसंगको साझेदारीमा शहरी वन विकास कार्यक्रम ........................................४६
४.३७ भोगाधिकार दिएको वन क्षेत्रको डिजिटाइजेसन तथा क्षतिपुरक वृक्षारोपण क्षेत्र पहिचान.............४६
४.३८ वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि भोगाधिकार दिएको आयोजनाहरुको अनुगमन र प्रतिवेदन तयार.....................................................................................................४७

परिच्छेद **५.** जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम ................................................४८

खण्ड १: जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा अन्तर्गत शाखाहरु तर्फ ..................................४८
**५.१** ताल क्षेत्रमा हुने थिग्रीकरण मापनका लागि आवश्यक उपकरण खरीद ..............................४८
**५.२** जलीय पुनर्भरण क्रियाकलाप प्रदर्शन स्थल निर्माण...................................................४९
**५.३** सुख्खाग्रस्त जलाधार क्षेत्रमा एकीकृत पानी श्रोत व्यवस्थापन नमूना कार्यक्रम, दिक्तेल रुपाकोट, खोटांग.....................................................................................................५०
**५.४** सिमसार संरक्षण तथा व्यवस्थापन, जन जागृति सामुदायिक वन, चितवन..........................५०
**५.५** राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका सिमसार क्षेत्र पहिचानका लागि अध्ययन, अनुसन्धान तथा सूचना अध्यावधिक .........................................................................................५२
**५.६** संरक्षित क्षेत्र भन्दा बाहिरका रामसार सुचीकृत सीमसार क्षेत्रहरुको पानीको गुणस्तर मापन गर्ने (त्रिविवि वातावरण विज्ञान केन्द्रीय विभागसंगको सहकार्यमा)...........................................५३
**५.७** सिमसार कार्यक्रम संचालन/व्यवस्थापन, अनुगमन प्रतिबेदन तयारी ................................५४
**५.८** आकस्मिक बाढी/पहिरो विपद व्यवस्थापन एकीकृत कार्यक्रम .........................................५४
**५.९** पहिरो नियन्त्रण कार्यक्रम...................................................................................५५
**५.१०** **Impact study of watershed management projects on GESI** ................५६
**५.११** पहिरो सम्बन्धि समाचारहरुको संकलन/संग्रह तथा प्रतिबेदन तयारी ..................................५६
**५.१२** लैंगिक सशक्तिकरण गोष्ठि.................................................................................५७

३ राष्ट्रिय स्तरका बृहत पहिरोहरुको सर्भेक्षण तथा अध्ययन तथा अभिलेखीकरण कार्य ................५७
४ काठमाण्डौ उपत्यका भित्रका घनावस्ती क्षेत्रको जोखिमयुक्त पहिरो व्यवस्थापन......................५८
**५.१५** धार्मिक पुरातात्विक महत्व स्थलको संरक्षण योजना तर्जुमा..........................................५८
**५.१६** पानी श्रोत सर्वेक्षण एकीकृत योजना निर्माण र कार्यान्वयन ...........................................५९
**५.१७** भू तथा जलाधार संरक्षण सम्बन्धि नीतिगत बहस, पैरवी एवं समन्वयात्मक अन्तरक्रिया ..........६१
**५.१८** संघ, प्रदेश र स्थानीय तह बीच कार्यक्रम व्यवस्थापन सम्बन्धि अन्तरक्रिया.........................६२
**५.१९** थप १० ओटा जलाधार क्षेत्र घोषणाको सम्भाव्यता अध्ययन..........................................६३
**५.२०** **Watershed Atlas** को स्तरोन्नती तथा प्रकाशन...................................................६४
**५.२१** पहिरो प्रकोप न्यनिकरण पूर्व सूचना प्रणाली स्थापना (सुनकोशी जलाधार क्षेत्र)......................६५
**५.२२** जलाधार व्यवस्थापन सम्बन्धि अध्ययन अनुसन्धानको लागि वन विज्ञान अध्ययन संस्थानसँग सहकार्य ..........................................................................................................६६
**५.२३** क्षतिग्रस्त भुमि पहिचान र योजना निर्माण कार्यक्रम...................................................६७
**५.२४** नदी उकास जग्गा पहिचान र पुर्नस्थापना कार्यक्रम ...................................................६७
खण्ड २: बृहत् जलाधार व्यवस्थापन केन्द्रहरु तर्फ .................................................................६९
५.२.१ बहुवर्षिय बिरुवा उत्पादन........................................................................ ६९
५.२.२ बहुउद्देश्यीय बहुवर्षिय नर्सरी स्थापना............................................................ ६९
५.२.३ हरियाली पार्क निर्माण तथा वृक्षारोपण .......................................................... ७०
५.२.४ सव-वेसिन जलाधार व्यवस्थापन एकिकृत कार्यक्रम.............................................. ७१
५.२.५ संरक्षण कार्यको व्यवस्थापन रेखदेख ............................................................. ७३
५.२.६ हरितपेटी सहितको खहरे/खोला/नदी किनार संरक्षण तथा तटबन्धन............................. ७३
५.२.७ एकीकृत भू-क्षय रोकथाम तथा गल्छी/पहिरो नियन्त्रण/व्यवस्थापन कार्यक्रम.................. ७४
५.२.८ आकस्मिक बाढी/पहिरो विपद् व्यवस्थापन कार्यक्रम............................................ ७६
५.२.९ सिमसार संरक्षण, व्यवस्थापन तथा पर्यापर्यटन प्रवर्द्धन......................................... ७७
५.२.१० सिंचाई पोखरी निर्माण तथा व्यवस्थापन........................................................ ७८
५.२.११ कुवा/मुहान संरक्षण............................................................................ ७९
५.२.१२ तालतलैया क्षेत्रको थिग्रीकरण न्युनिकरण एकीकृत कार्यक्रम ................................... ८०
५.२.१३ रामसार सूचिमा सूचिकृत सिमसार क्षेत्र व्यवस्थापन कार्य ..................................... ८२
५.२.१४ फेवाताल संरक्षण तथा व्यवस्थापन............................................................... ८३

५.२.१५ पोखरी/तालतलैया/दह निर्माण/मर्मत/संरक्षण/व्यवस्थापन तथा पर्यापर्यटन प्रवर्द्धन........................ ८४

५.२.१६ पानी स्रोत संरक्षण एकीकृत कार्यक्रम........................ ८५

५.२.१७ जलीय पुनर्भरण क्रियाकलाप प्रदर्शन स्थल निर्माण........................ ८६

५.२.१८ जलाधार सम्बन्धी शीप विकास तथा जनचेतना लैङ्गिक समावेशीकरण तालिम........................ ८७

५.२.१९ नदी बेशिन व्यवस्थापन संयन्त्र निर्माण........................ ८८

५.२.२० संघ, प्रदेश, र स्थानीयतह बीच कार्यक्रम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया........................ ८९

५.२.२१ संरक्षण दिवस समारोह........................ ८९

५.२.२२ क्रियाकलाप पार्श्वचित्र तयारी........................ ९०

५.२.२३ पहिरो क्षेत्र नक्शाङ्कन/अभिलेखिकरण........................ ९०

५.२.२४ पानीमुहान स्रोत सर्वेक्षण........................ ९१

५.२.२५ बेसिन क्षेत्रको आधारभूत तथ्याङ्क सङ्कलन/अभिलेखिकरण तथा तयारी........................ ९२

५.२.२६ कृषिवन प्रणालीको नमूना क्षेत्र विकास........................ ९३

५.२.२७ जलवायु मापन र निरन्तरता........................ ९३

५.२.२८ संरक्षण प्रविधि क्रियाकलाप प्रदर्शन निर्माण/विकास/व्यवस्थापन........................ ९४

५.२.२९ ग्रामिण सडकसंग भू-संरक्षण कार्यको नमुना प्रदर्शन........................ ९५

५.२.३० पहिरो स्थिति पत्र तयारी........................ ९६

५.२.३१ मुलाधार क्षेत्र संरक्षण योजना तथा सिमांकन प्रबिधि विकास........................ ९७

५.२.३२ फेवाताल क्षेत्रको थिग्रिकरण मापन तथा अनुगमन कार्य........................ ९८

५.२.३३ फेवातालमा **Eutrophication** अध्ययन तथा मिचाहा प्रजाति व्यस्थापन........................ ९९

५.२.३४ सिमसार संरक्षण सम्बन्धि सरोकारवालाहरुसंग अन्तरक्रिया........................ ९९

खण्ड ३: संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र तर्फ **........................** १०१

५.३.१ बागमती जलाधार क्षेत्रमा जलीय स्वच्छता एकीकृत कार्यक्रम........................ १०१

५.३.२ संघ, प्रदेश र स्थानीयतह बीच कार्यक्रम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया........................ १०२

५.३.३ भूस्खलन व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम........................ १०२

५.३.४ कुलेखानी जलाधार क्षेत्रको थिग्रीकरण मापन........................ १०३

५.३.५ माटो पानी नमूना परीक्षण........................ १०४

५.३.६ भू-क्षेत्र ढकानका आधारमा भू-क्षय मापन प्लट व्यवस्थापन........................ १०५

३.७ जलाधार सम्बन्धी प्रचार प्रसार तथा प्रकाशन......१०६
३.८ जलाधार व्यवस्थापनको लागि ज्ञान प्रवर्द्धनात्मक साझेदारी अध्ययन/अनुसन्धानमूलक कार्यक्रम......१०६
५.३.९ कार्यालय भवन तथा आवास भवन मर्मत सुधार......१०७
५.३.१० भूकम्पबाट क्षतिग्रस्त भवन पुनर्निर्माण......१०८
५.३.११ कार्यालय सञ्चालनसंग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार खरिद......१०८

# परिच्छेद १. प्रारम्भिक

## मिका

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग अन्तर्गत विभिन्न आयोजना/कार्यक्रमहरु संचालन गर्ने गरी बजेट विनियोजन भएको परिप्रेक्ष्यमा आर्थिक कार्यविधि तथा प्रचलित ऐन निय मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र विनियोजित बजेटको परिधि भित्र रही स्विकृत वार्षिक कार्यक्रमहरु विभागका महाशाखा र शाखाहरु एवं विभाग मातहतका कार्यालयहरुः सामुदायिक वन अध्ययन केन्द्र, काठमाण्डौ, वृहत् जलाधार व्यवस्थापन केन्द्रहरु ४ (बृहत जलाधार व्यवस्थापन केन्द्र कोशी, बृहत जलाधार व्यवस्थापन केन्द्र गणडकी, बृहत जलाधार व्यवस्थापन केन्द्र कर्णाली, बृहत जलाधार व्यवस्थापन केन्द्र महाकाली), जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी, वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरु ४ वटा (काठमाण्डौ, मोरंग, कास्की, बाँके), सशस्त्र वन रक्षक तालीम केन्द्र, चितवनबाट संचालन गर्ने गरी तय गरिएको छ । स्वीकृत वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलव्धि प्राप्तिका लागि कार्यक्रम सम्पादन गर्ने निकायहरु बीच कार्यक्रम संचालन प्रकृयामा समान र साझा बुझाई, कार्यक्रम/क्रियाकलाप संचालनमा एकरुपता, सम्पादित कार्यको परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता तथा सरल र सहज तरीकाबाट समयमा नै प्रभावकारी कार्यान्यवन भइ अधिकतम उपलब्धि हासिल गर्ने उद्देश्यले यो **कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७८** तयार गरिएको छ । स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलाप, क्रियाकलापहरुको उद्देश्य, कार्य सञ्चालन प्रक्रिया, जनशक्ति व्यवस्थापन र अपेक्षित उपलब्धि लगायतका पक्षहरु यस कार्यविधिमा समेटिएका छन् ।

## १.२ कार्यविधिको प्रारुप

यस कार्यविधिमा वन तथा भू-संरक्षण विभाग अन्तर्गत चालु आ.व. २०७८/०७९ मा संचालन हुने गरी स्वीकृत भएका बार्षिक कार्यक्रम र बजेट विनियोजनको आधारमा वन तथा भू-संरक्षण विभाग कार्यक्रम, डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत), राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम समेत ४ वटा आयोजना/परियोजना छुट्टाछुट्टै स्वीकृत बार्षिक कार्यक्रम र क्रियाकलापहरु निम्नानुसार विभिन्न परिच्छेदमा समेटिएका छन् ।

परिच्छेद १ः प्रारम्भिक
परिच्छेद २ः वन तथा भू-संरक्षण विभाग कार्यक्रम
परिच्छेद ३ः डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)
परिच्छेद ४ः राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
परिच्छेद ५ः जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम

**कार्यविधि तयारीको उद्देश्य**

- विभिन्न कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको बारेमा थप स्पष्टता प्रदान गर्ने,
- कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरुपता तथा समान बुझाई ल्याउने,
- सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्नुका साथै सञ्चालित क्रियाकलापहरुको दिगो उपभोग गर्न सहयोग पुर्याउने,
- सरल तथा सहज तरिकाबाट सेवाप्रवाह गर्ने ।

## १.४ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन

- स्विकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।
- कामको प्रकृति र स्वीकृत बजेटको परिमाण एवं आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६, सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित), बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र वन तथा वातावरण सम्बन्धी कानूनका साथै अन्य प्रचलित कानून बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता सेवाप्रदायक, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ ।
- कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स, सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम संचालन निर्देशिका, मार्गदर्शन र कार्यविधि अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ ।
- कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गरी कार्य गराउँदा सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त (**Terms of Reference**) र परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्सको अधिनमा रही लागत अनुमान तयार गरी सम्बन्धित पदाधिकारीबाट स्वीकृत गराइ प्रचलित ऐन नियम अनुसार काम गराउनु पर्नेछ।
- कार्यक्रम प्रारम्भ गर्नु भन्दा अघि कार्यक्रम बारेमा जानकारी गराउने र कार्यक्रम सम्पन्न भईसके पछि कार्यान्वयन गर्ने उपभोक्ता समिति/कार्यक्रम कार्यान्वयन गर्ने निकायले सार्वजनिक लेखा परिक्षण गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदायको आयआर्जन हुने तथा हरियाली प्रवर्द्धन हुने कार्यलाई एकीकृत गरि सञ्चालन गर्नुपर्नेछ ।

- कामको प्रकृति र स्थान अनुसार कार्यक्रम सञ्चालन गर्नु भन्दा पहिले सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयको सिफारिश लिनुपर्नेछ ।
- फिल्डस्तरमा जलस्रोत संरक्षण तथा व्यवस्थापनसंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा **ICIMOD: Manual on Protocol for Reviving Springs in the Hindu Kush Himalaya** लाई समेत आधार मानी आवश्यकता अनुसार लैंगिक तथा सामाजिक समावेशीकरणलाई केन्द्रबिन्दुमा राखी विभिन्न उपायहरु सञ्चालन गर्न सकिनेछ ।
- भू-संरक्षण वा नदी नियन्त्रण गर्ने कार्यमा संभव भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त हेभिकोटेड जि.आई. तारको मेसिन मेड तारजाली प्रयोग गर्नुपर्नेछ ।
- कामको प्रकृति र स्थान अनुसार कार्यक्रम सम्पन्न भए पश्चात् प्राविधिकको मूल्याङ्कनको आधारमा सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयको सिफारिश सहित आवश्यक कागजात प्राप्त भए पश्चात् अन्तिम भुक्तानी गरिनेछ ।
- उपभोक्ता समिति मार्फत् कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित उपभोक्ता समितिले कुल लागतको कम्तिमा १० प्रतिशत लागत साझेदारी वा जनश्रमदान उपलव्ध गराउनुपर्नेछ ।
- यस कार्यविधिमा उल्लेख नभएका तर स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गर्न आवश्यक भएका कार्यक्रमहरु समेत प्रचलित ऐन नियम नर्मस निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ ।
- कार्यक्रम संचालन स्थलमा लागत अनुमान लगायत अन्य विवरण खुल्ने गरी सूचना पाटी (होर्डिङ्ग बोर्ड) राख्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न भए पछि हरेक क्रियाकलापको पार्श्वचित्र **(Activity Profile)** बनाउनु पर्नेछ ।

### १.५ उपभोक्ता समूहबाट कार्यक्रम सञ्चालन गर्दा अपनाउने प्रक्रिया

- सम्भाव्य स्थल पहिचान
- स्थलगत भ्रमण तथा स्थल छनौट
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी र स्वीकृती
- सम्झौता र कार्यान्वयन
- अनुगमन तथा मुल्याङ्कन
- कार्य सम्पन्न
- सार्वजनिक लेखा परीक्षण
- उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी
- उपभोक्ताबाट मर्मत सम्भार तथा लाभांश प्राप्ति

**नशक्ति व्यवस्थापन तथा समयसिमा**

विभाग एवं मातहत कार्यालयहरुमा कार्यरत रहेका मौजुदा जनशक्तिको उच्चतम परिचालन गरी कार्य सम्पादन गरिनेछ । फिल्डस्तरमा संचालन गरिने भौतिक संरचना निर्माण एवं तिनको व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरु भने जनसहभागितात्मक तरिकाबाट स्थानीय स्रोत साधनको समेत परिचालन गरी गरिनेछ । विभाग एवं मातहत कार्यालयहरुमा विद्यमान जनशक्तिको ज्ञान, सीप, तथा दक्षता न्यून भएको अवस्थामा आवश्यकता अनुसार प्रचलित नियम कानूनको अधीनमा रहि सेवाप्रदायकबाट समेत सेवा खरिद गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । आवश्यकतानुसार विषय विशेषज्ञको सेवा समेत खरिद गरी लिन सकिनेछ । प्रत्यक्षरुपमा कार्यालयको प्राविधिक कर्मचारीको नियमित रेखदेखमा संचालन गर्नुपर्ने क्रियाकलापहरुमा आवश्यकता र औचित्यताको आधारमा प्रचलित ऐन नियमको परिधि भित्र रही अमानतबाट पनि कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

- सामान्यत प्रथम त्रैमासिक अवधि भित्रमा अवधारणा पत्र र कार्यविवरण तयारी, सर्वेक्षण र लागत अनुमान तयारी एवं स्वीकृति, सरोकारवाला निकायहरुसँग छलफल, आवश्यकता र औचित्यका आधारमा सेवाप्रदायक संस्था छनौट, कार्यदिश दिने कार्य सम्पन्न गरी दोस्रो र तेश्रो त्रैमासिक अवधिमा पूर्ण कार्यान्वयन गरी चौथो त्रैमासिक भित्र कार्य सम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्नेछ । स्वीकृत बार्षिक कार्यक्रममा प्रथम त्रैमासिक अवधि भित्रै सम्पन्न गर्ने भनेर लक्षित कार्यक्रमको हकमा भने सबै प्रक्रिया र क्रियाकलाप यसै अवधि भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

# परिच्छेद २. वन तथा भू-संरक्षण विभाग कार्यक्रम

## २.१ सातौं सामुदायिक वन राष्ट्रिय गोष्ठी

आर्थिक वर्ष २०७६/०७७ मा सातौ सामुदायिक वन राष्ट्रिय गोष्ठि आयोजना गर्न बजेट विनियोजन भई तयारीको क्रममा कार्यपत्रहरु स्वीकृती लगायतका कार्यहरु अन्तिम चरणमा रहेको अवस्थामा कोभिड १९ का कारण गोष्ठि आयोजना हुन नसकि गत आ.व.मा गोष्ठि आयोजना गर्न पूनः बजेट विनियोजन गरिएको हो । गत वर्षकै प्रगति उन्मुख कार्यहरु (**Work In Progress**) लाई निरन्तरता दिई कार्य सम्पन गर्ने गरि परिवर्तित सन्दर्भमा विज्ञहरुको सेवा करार लिई भर्चुअल विधिबाट गोष्ठि सम्पन्न गर्न गत वर्ष स्वीकृत गरिएको कार्यविधि र सचिवालयलाई पुनरावलोकन गरि सो अनुरुप कार्यविवरण र बजेट महानिर्देशकबाट स्वीकृत गरी कार्यान्वयन गरिने छ । यस कार्यको लागि विनियोजित बजेटबाट विज्ञको सेवा करार, भर्चुअल सफ्टवायर खरिद, तयारि बैठक भत्ता, दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन, आवास खर्च, खाजा, समुहगत छलफल, अन्तरक्रिया र प्रतिवेदन तयार आदिमा बजेट खर्च गर्न सकिनेछ ।

यो कार्यक्रम अन्तर्गत सम्पन्न गरिने विभिन्न क्रियाकलापहरुलाई विषय विज्ञता र रुचि समुहको सहभागितालाई सुनिश्चित गर्ने गरि प्रचलित कानून बमोजिम सेवा प्रदायकबाट सेवा खरिद गरेर अथवा रुचि समुहका संघ संस्था र दातृ निकायहरुको लागत सहभगिताबाट पनि संचालन गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

वन तथा भू-संरक्षण विभागले विभाग–मन्त्रालय अन्तर्गतका कर्मचारी, विषयगत विज्ञहरु तथा सचिवालय सहयोगिको सेवा करार, सरोकारवाला संघ, संस्थाहरुबाट उपलब्ध हुने जनशक्तिको सहयोग लिई गोष्ठि सन्चालनार्थ सचिवालयलाई पूर्नसंरचना गरेर गोष्ठि संचालनार्थ आवश्यक जनशक्तिको ब्यवस्थापन गरिने छ ।

**अपेक्षित उपलब्धि**

- नीती निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।
- सामुदायिक वन विकासको विद्यमान अवस्थाको चित्रण भई भविष्यको लागि मार्गदर्शन प्राप्त हुने ।

## २.२ वार्षिक योजना तर्जुमा गोष्ठी

आगामी आर्थिक वर्षका लागि राष्ट्रिय योजना आयोगको आवधिक योजना, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालयबाट प्राप्त बजेट सिलिंग, मार्गदर्शन, नीति तथा कार्यक्रमका आधारमा विभाग र

का कार्यालयहरुको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने भएकोले बार्षिक बजेट तथा ... तयारीको पूर्वसन्ध्यामा यस क्रियाकलापलाई सम्पादन गरिनेछ । प्रभावकारी रुपमा निकायगत समन्वय गरी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा हुने हुने बिभिन्न स्वीकृत कार्यहरुमा खर्च गर्नु यस क्रियाकलापको प्रमुख उद्धेश्य रहनेछ ।

यस अन्तर्गत निम्न क्रियाकलापहरु गर्न सकिने छ ।

- अन्तरक्रियात्मक गोष्ठी,
- कार्यक्रम प्रस्तुतीहरु (आन्तरिक, बाह्य)

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र तथा लागत अनुमान तयारी
- कार्यान्वयन चरणः गोष्ठी र अन्तरक्रिया कार्यक्रम संचालन
- निकायगत बजेट कार्यक्रम **LMBIS** मा प्रविष्ठीका लागि विवरण संकलन ।

**अपेक्षित उपलब्धि**

विभाग तथा मातहतका संघीय कार्यालयहरुको प्रस्तावित बजेट तथा कार्यक्रमहरु सम्बन्धमा पर्याप्त छलफल र अन्तरक्रिया भइ नियमित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भएको हुनेछ ।

## २.३ वार्षिक प्रगति समिक्षा गोष्ठी

विभाग तथा मातहतका कार्यालयहरूको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयनको प्रगतिको समिक्षा गर्ने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ ।त्रैमासिक तथा वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगतिको समिक्षा गरी विगतमा भए गरेका कमि कमजोरीहरूलाई सुधार गर्दै लैजाने र समयमा नै कार्यक्रम सम्पादन गरी उल्लेखनीय प्रगति हासिल गर्नका लागि समिक्षा गरिनेछ।

यस अन्तर्गत निम्न क्रियाकलापहरु गर्न सकिने छ ।

- अन्तरक्रियात्मक गोष्ठी,
- प्रगति प्रस्तुतीहरु

**यन प्रक्रिया**

- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र तथा लागत अनुमान तयारी
- कार्यान्वयन चरणः गोष्ठी र अन्तरक्रिया कार्यक्रम संचालन तथा पृष्ठपोषण

**अपेक्षित उपलब्धि**

विभाग तथा मातहतका संघीय कार्यालयहरुको प्रस्तावित बजेट तथा कार्यक्रमहरु सम्बन्धमा पर्याप्त छलफल र अन्तरक्रिया भइ नियमित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भएको हुनेछ ।

## २.४ वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन

यस विभाग र मातहतका कार्यालयहरुबाट गत आ.व. ०७७/७८ मा भए गरेका क्रियाकलापहरु संकलन गरी वार्षिक प्रतिवेदन तयार गरिने छ । यसमा विनियोजित बजेट उक्त कार्य गर्दा लाग्ने तथ्याङक संकलन गरी प्रतिवेदन तयारी र छपाइमा लाग्ने बिभिन्न क्रियाकलापमा स्वीकृत लागत अनुसार खर्च गरीनेछ ।

**जनशक्ति व्यवस्थापन**

सम्बन्धित महाशाखा शाखाहरुमा उपलब्ध जनशक्तिबाट आवश्यकतानुसार सहयोग लिइ कार्य सम्पन्न गरिनेछ ।

**अपेक्षित उपलब्धिः** विभाग र मातहतका कार्यालयहरुबाट भए गरेका कार्यको जानकारी सहितको रिपोर्ट प्रकाशित भएको हुनेछ ।

# परिच्छेद ३. डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)

## ३.१ वन डढेलो नियन्त्रण सम्बन्धी सामाग्री खरिद

वन डढेलो नियन्त्रणको लागि प्रयोग गर्नुपर्ने औजार तथा सामग्रीहरु विशेष किसिमको र अग्नि समन टोली सदस्यहरुले लगाउने वा प्रयोग गर्ने सुरक्षा सामाग्री तथा अति जोखिमयुक्त क्षेत्रमा डढेलो नियन्त्रणको लागि **High pressure water pump,** पानी टंकी, ट्रेक्टर वा पीकअपले तान्ने भर्ने ट्रलि खरीद गर्ने कार्य गरिनेछ । वन तथा भू-संरक्षण विभागमा आकस्मिक प्रयोगका लागि र डिभिजन वन कार्यालयहरुलाई नियमित रुपमा प्रयोग गर्ने गरी उपलब्ध गराउन सकिने उपकरण, मेशीन औजार र कर्मचारी तथा अग्नि नियन्त्रकहरुका लागि व्यक्तिगत सुरक्षा सामग्रीहरु समेतको पर्याप्त र पुर्ण सेट को विवरण, प्रकार र संख्या एकिन गर्नु पर्नेछ । यस अन्तरगत खरिद गरिने सामग्रीहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह प्राप्त र स्वीकृत अग्नि नियन्त्रण मापदण्ड अनुरुपको हुनु पर्नेछ । उल्लेखित तथ्य अनुरुप आवश्यक सामग्री र मेशीन उपकरण औजारहरुको मापदण्ड, गुणस्तर, संख्या र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार मुल्यका आधारमा लागत अनुमान तयार गरी स्वीकृत गराइ प्रचलित खरिद ऐन नियम अनुरुप खरिद गरिनेछ । सम्भव भएसम्म नेपाल गुणस्तर वा अन्तर्राष्ट्रिय गुणस्तरका सामग्रीहरु आधिकारिक विक्रेताबाट खरिद गर्नुपर्दछ र सो सम्भव नभएमा स्थानीयस्तरमा उपलव्ध गुणस्तरीय सामानहरु खरिद गर्नुपर्दछ । मालसामान आपुर्तिकर्ताले वन तथा भू-संरक्षण विभागमा दुई द्विवशीय सामग्री तथा मेशीन औजार उपयोग तथा संचालन विधि, भण्डारण तथा मर्मत संभार, सुरक्षा सर्तकता मापदण्ड सम्वन्धि प्रशिक्षण र उपयोग मार्गदर्शन पुस्तिका समेत उपलब्ध गराउनु पर्नेछ । यस अन्तर्गत विनियोजित बजेटवाट जिल्लासम्म दुवानी गर्ने तथा उपयोग विधि सम्वन्धि अभिमुखिकरण कार्य संचालन गर्न र वन डढेलो नियन्त्रणमा मेशीन औजार उपयोग सम्वन्धि जानकारी पुस्तिका निर्माणमा समेत बजेट विनियोजन गर्न सकिने छ ।

### जनशक्ति व्यवस्थापन

सम्वन्धित शाखाले विषय विज्ञको थप सेवा आवश्यक भएको अवस्थामा सेवा प्रदायकवाट सेवा खरिद गरी आवश्यक जनशक्तिको व्यवस्था मिलाउनेछ ।

### अपेक्षित उपलब्धि

- वन डढेलो नियन्त्रणका लागि मेशीन उपकरण औजार उपलब्ध हुनेछ ।
- वन डढेलो नियन्त्रणका लागि मेशीन उपकरण औजार संचालन गर्ने जनशक्ति तयार हुनेछ।
- वन डढेलो नियन्त्रण तथा रोकथामका लागि मेशीन उपकरण औजार संचालन गर्ने मार्गदर्शक पुस्तिका तयार हुनेछ।

### IS/RS सम्बन्धि दक्षता अभिवृद्ध तालिम

यस विभाग मातहत रहेका बिभिन्न वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरुमा यसै विभागमा कार्यरत कर्मचारीका लागि भौगोलिक सूचना प्रणाली तथा दूर संवेदन (**Geographical Information System and Remote Sensing**) सम्बन्धी दक्षता अभिवृद्धि गराउनु यस तालिमको उद्देश्य रहनेछ । तालिमको बिस्तृत योजना तथा सत्र योजना सहित लागत अनुमान स्वीकृत गराई तालिम संचालन गराउनु पर्नेछ । विनियोजित रकम भौतिक वा भर्चुअल तालिम संचालनका लागि आवश्यक सामग्री वा सफ्टवयर खरिद, सहभागीका लागि दैनिक भ्रमण खर्च, खाजा खर्च, हल भाडा, प्रशिक्षण भत्ता, प्रशिक्षण सामग्री तयारी, प्रमाण पत्र तयारी लगायतका बिभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गरिने छ ।

**जनशक्ति व्यवस्थापन**

विभागले आफू मातहतका कर्मचारी वा बिभिन्न डिभिजन वन कार्यालयका विज्ञ वा स्वतन्त्र बिज्ञ परिचालन गरी यस कार्यक्रम सम्पन्न गर्नेछ ।

**अपेक्षित उपलब्धि**

- भौगोलिक सूचना प्रणाली तथा दूर संवेदन (**Geographical Information System and Remote Sensing**) सम्बन्धी ज्ञान तथा शिप बढ्ने ।
- सहभागीले कार्य क्षेत्रमा भौगोलिक सूचना प्रणाली तथा दूर संवेदन (**Geographical Information System and Remote Sensing**) प्रविधिको प्रयोग गर्ने ।

## ३.३ वन सुरक्षा कक्षको स्तर उन्नति

वन डढेलो पहिचान तथा अनुगमन प्रणाली सुदृढ गर्न आवश्याक सामग्री स्वीकृत लागत अनुसार खरिद तथा जडान, बिभिन्न सामग्रीको मर्मत तथा सम्भार गरिने छ ।

## ३.४ वन डढेलो सम्बन्धी प्रकाशित समाचारहरुको सङ्कलन र प्रतिवेन तयारी

गत आ.व. २०७७/७८ मा नेपाल भर र दक्षिण एसियाली मुलुकमा वन डढेलोको चपेटाबाट आक्रान्त बन्यो । बिभिन्न छापा, अनलाइन संचार मध्य तथा बिभिन्न जर्नलमा बिभिन्न समाचार वा लेख प्रकाशित भएका छन् । प्रकाशित लेख वा समाचार सामाग्रीको संकलन, एकतृत गर्ने, छपाई तथा वितरण कार्य साथै यसै सम्बन्धित कार्य हुने भ्रमण, इन्धन तथा यातायात समेतको खर्च यस क्रियाकलापमा विनियोजित रकमबाट हुने छ ।

**व्यवस्थापन**

आफू मातहतका कर्मचारी वा बिभिन्न डिभिजन वन कार्यालयका सहयोगमा यस कार्यक्रम सम्पन्न गर्नेछ ।

**अपेक्षित उपलब्धि**

- वन डढेलो रोकथाम तथा नियन्त्रणमा थप मद्दत हुने ।

## ३.५ वन, वन्यजन्तु, जैविक विविधता, वन डढेलो नियन्त्रण सम्बन्धि अभिमूखिकरण, पैरवी तथा प्रचार प्रसार सामाग्री उत्पादन/प्रशारण

वन, वन्यजन्तु, जैविक विविधता, वन डढेलो नियन्त्रण सम्बन्धि अभिमूखिकरण, पैरवी तथा प्रचार प्रसार सामाग्री उत्पादन/प्रसारणका लागि स्वीकृत सामग्रीको श्रव्य दृश्य रेकर्ड तथा विभिन्न प्रसारण गर्ने संघ संस्थासंग वा कम्पनी संग सम्झौता गरी सो अनुसार निर्धारित समयावधीमा प्रसारण गरिने छ । यस कार्य सम्पन्न गर्न लाग्ने बैठक भत्ता, अन्तरक्रिया खर्च जस्ता स्वीकृत लागत अनुसार खर्च गरिने छ ।

**जनशक्ति व्यवस्थापन**

विभागले आफू मातहतका **GIS and Mapping** शाखाका कर्मचारी वा बिभिन्न डिभिजन वन कार्यालयका सहयोग तथा समन्वयमा यस कार्यक्रम सम्पन्न हुनेछ ।

**अपेक्षित उपलब्धि**

वन डढेलो वन्यजन्तु तथा जैविक विविधता सम्बन्धी श्रव्य दृश्य सामग्री उत्पादन हुने
वन डढेलो रोकथाम तथा नियन्त्रणमा थप मद्दत हुने ।

## ३.६ प्रादेशिक वन डढेलो जोखिम नक्शांकन तथा सुचाकंन

यस कार्यक्रमबाट प्रदेश स्तरमा डढेलोको जोखिम तथा घटनाको नक्शांकन गरी प्रतिवेदन तयार गरिनेछ । यस कार्यको लागि विनियोजित बजेटबाट डिजिटल नक्शा तथा सप्टवेयरहरु खरिद, समुहगत छलफल, अन्तरक्रिया, फिल्ड भ्रमण खर्च र विज्ञ जनशक्तिको पारिश्रमिक, प्रतिवेदन तयारी आदिमा बजेट खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागले सम्बन्धित शाखाको जनशक्तिबाट तथा आवश्यकता अनुसार विषय विज्ञको सहयोग समेत लिई कार्य गर्न सक्नेछ।

**अपेक्षित उपलब्धि**

प्रादेशिकस्तरमा भएका वन डढेलोको घटनाहरु नक्शांकृत भै जोखिमयुक्त क्षेत्रहरु पहिचान र नक्शांकन हुनेछ ।

# परिच्छेद ४. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

## ४.१ वन व्यवस्थापनको प्राविधिक परिक्षण (Technical Audit) को लागि सूचकहरू तयारी तथा २ स्थानमा अडिट समेत

विगत समयदेखि देशका विभिन्न भागहरूमा भिन्न भिन्न व्यवस्थापन पध्दति अनुसार विभिन्न निकायहरूद्वारा वनको व्यवस्थापन हुँदै आएको छ । यसमध्ये सरकारद्वारा व्यवस्थापन गरिएको वैज्ञानिक वन व्यवस्थापन तथा दिगो वन व्यवस्थापन लगायत समूहमा आधारित साझेदारी तथा सामुदायिक वनहरूमा समेत विभिन्न किसिमका व्यवस्थापन पद्धतिहरू लागू भई वनको व्यवस्थापन हुँदै आएको छ । यसरी विविध किसिमको व्यवस्थापन पध्दति अनुसार हुँदै आएको वनको व्यवस्थापनले प्राविधिकीय तथा व्यवस्थापकीय पक्षहरूमा अनेक सवालहरू समेत सिर्जना गरेको छ । वनको दिगो संरक्षण, व्यवस्थापन तथा सदुपयोगको लागि भईरहेको वन व्यवस्थापनको प्राविधिक तवरबाट अनुगमन तथा परिक्षण गर्नु अति आवश्यक हुने भएकोले वन तथा भू-संरक्षण विभागको आ.व. २०७८।७९ को लागि वन व्यवस्थापनको प्राविधिक परिक्षणको लागि सूचकहरू तयार गरी २ स्थानमा स्थलगत अडिट (परिक्षण) समेत गर्ने कार्यक्रम राखिएको हो। यस अन्तर्गत विभिन्न किसिमका वन व्यवस्थापन पद्धतिहरूलाई समेटिने गरी तिनीहरुको परिक्षण गर्न उपयुक्त हुने किसिमले सूचकहरू (**Indicators**) तयारी गर्ने तथा तिनै तयार गरिएको सूचकहरूको व्यवहारिक परिक्षणको लागि कुनै दुई स्थानमा भिन्न किसिमको वन व्यवस्थापन पद्धतिहरूमा प्रयोग गरी सूचकहरूलाई अन्तिम रुप दिईनेछ । यो कार्य सम्पन्न गर्न कार्य विवरण तयार गरी वन तथा भू-संरक्षण विभागबाट स्वीकृत गराई कार्यान्वयन गरिने छ । यस कार्यको लागि विनियोजित बजेटबाट दैनिक भ्रमण भत्ता, सवारी खर्च, ईन्धन, आवास खर्च, खाजा समूहगत छलफल, अन्तरक्रिया र विज्ञ जनशक्तिको पारिश्रमिक, प्रतिवेदन तयारी आदिमा बजेट खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यका लागि सम्बन्धित शाखाबाट कार्य विवरण तयार गरी स्वीकृत गराई सेवाप्रदायक मार्फत सेवा करार लिई वा वन तथा भू-संरक्षण विभागका प्राविधिकहरूको टीम खटाई गराईनेछ ।

**अपेक्षित उपलब्धि**

भईरहेका वन व्यवस्थापन पद्धति तथा क्रियाकलापहरूको प्रभावकारितामा वृद्धि हुनुका साथै उपयुक्त वन व्यवस्थापन प्रणाली छनौट गर्न समेत महत्वपूर्ण सहयोग पुग्नेछ ।

## वन व्यवस्थापनका सफल अभ्यास छायाङ्कन तथा सरोकारवालाहरूको अन्तरक्रिया

विगत लामो समयदेखि नेपालमा वन संरक्षण, संवर्द्धन तथा सदुपयोग लगायतका समग्र क्रियाकलापहरू समेटिने गरी विभिन्न किसिमका प्राविधिक तथा सामाजिक र व्यवसायिक अवधारणा अनुसारका वन व्यवस्थापनका अभ्यास हुँदै आएको छ । यस अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, समुदायमा आधारित वन व्यवस्थापन पध्दति, व्यवसायिक वन तथा उत्थानमूलक वन व्यवस्थापन पध्दतिहरू अपनाउँदै आएको पाइन्छ । तर पनि कतिपय प्रतिफल दिने खालका समुदायलाई लाभ हुने र वातावरणीय दृष्टिकोणले समेत उपयुक्त वन व्यवस्थापन पध्दतिहरूको यथोचित प्रचार प्रसार र मान्यता पाएको देखिंदैन । यसै परिप्रेक्ष्यमा प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणबाट हाल संचालित विभिन्न व्यवस्थापन पध्दतिहरूको सफलतम प्रयोगलाई उजागर गर्ने तथा आम जनसमुदायलाई समेत उनीहरूकै प्रतिक्रिया तथा सुझावहरूको आधारमा परिमार्जन गर्नको लागि र नेपाल सरकारको आवधिक योजना अनुसार उत्पादनमूलक वन व्यवस्थापन कार्य अवलम्बन गर्न अभिप्रेरित गर्ने उद्देश्यले आ.व. २०७८।०७९ को लागि वन तथा भू-संरक्षण विभागले वन व्यवस्थापनका सफल अभ्यास छायाङ्कन तथा सरोकारवालाहरूको अन्तरक्रिया कार्यक्रम राखेको हो । यस कार्यक्रम अन्तर्गत वनको दिगो विकासको लागि उल्लेखनीय योगदान पुऱ्याएको र सफलतम प्रयोगमा आई उपयुक्त वातावरण अनुसार गुणात्मक वृद्धि गरी अन्य क्षेत्रमा पनि लागू गर्न तथा असल सिकाईको रुपमा राम्रा र सफल वन व्यवस्थापन कार्यलाई अभिलेखीकरण गर्नका लागि विभिन्न सफल वन व्यवस्थापन कार्यको छायाङ्कन गरिने छ । विनियोजित बजेट छायाङ्कन कार्यको लागि व्यवसायिक परामर्शदाता सेवा शुल्क लगायत **Script Writing**, प्रस्तावित कार्य तथा सरोकारवालाहरूको अन्तरकृयाको क्रममा चिया खाजा भ्रमण आदिको लागि खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

छायाङ्कन कार्यको लागि सम्बन्धित शाखाबाट कार्यसूचि (**ToR**) तयार गरी नियमानुसार प्रकृया पुऱ्याई व्यवसायिक परामर्शदाता सेवा करार लिईनेछ ।

**उपलब्धिहरू**

- वनको व्यवस्थापनमा जनसहभागिता जुटाउन तथा प्रभावकारी कार्यान्वयन गर्न महत्वपूर्ण योगदान पुग्ने ।
- व्यवस्थापन प्रणालीहरूको सही सूचना तथा जानकारी व्यापक रुपमा प्रचारप्रसार भई व्यवस्थापन प्रणाली लागु गर्दाका समस्याहरू हल हुन सहयोग पुग्ने ।
- सफल अभ्यासको श्रव्यदृश्य सामाग्री तयार भई प्रचार प्रसार हुने र अभिलेख रहने

## ४.३ व्यवसायिक कबुलियती वन राष्ट्रिय समिक्षात्मक गोष्ठी

वन नीति २०७१, वन ऐन २०७६ लगायतका ऐन, नियम तथा नीति र रणनीतिहरूमा समेत स्पष्ट व्यवस्था भएता पनि उद्यमशीलतामा आधारित व्यवसायिक कबुलियती वनको अपेक्षाकृत विकास तथा प्रबर्द्धन हुन नसकेको वर्तमान परिप्रेक्ष्यमा आ.व. २०७७/७८ मा वन तथा भू-संरक्षण विभागद्वारा व्यवसायिक कबुलियती वनको सम्भाव्यता अध्ययन गराईएको थियो । उक्त प्रतिवेदन अनुसार पनि सम्भाव्य क्षेत्रहरूमा व्यवसायिक कबुलियती वनको विकासको लागि र हाल संचालित विभिन्न किसिमका व्यवसायिक कबुलियती वनहरुमा रहेका समस्या तथा अन्य विविध सवालहरूलाई समेत सम्बोधन गरी प्राविधिक, आर्थिक, नीतिगत तथा कानूनी र प्रकृयागत अन्यौलता तथा व्यवधानहरूको समाधानार्थ राष्ट्रिय स्तरमा सम्पूर्ण सरोकारवालाहरूलाई संलग्न गरी समिक्षात्मक गोष्ठी गर्नु आवश्यक देखिएकोले वन तथा भू-संरक्षण विभागले आ. व. २०७८।०७९ को लागि व्यवसायिक कबुलियती वन राष्ट्रिय समिक्षात्मक गोष्ठीको कार्यक्रम राखेको हो । वन उद्यमीहरू, वन पैदावारमा आधारित उद्योग संचालन गर्ने व्यवसायीहरू, पर्या-पर्यटनसँग सम्बन्धित व्यवसायी तथा जडिबुटी उत्पादन तथा विक्री वितरण गर्ने उद्यमी तथा व्यवसायीहरू तथा अन्य सरोकारवालाहरू यस गोष्ठिका सहभागीहरू हुन सक्नेछन् । देशको कुनै पनि स्थानमा अनुकूलता हेरी यो गोष्ठी वन तथा भू-संरक्षण विभागले संचालन गर्नेछ अथवा सेवा-प्रदायक मार्फत पनि कार्यक्रम संचालन गराउन सकिनेछ । यस कार्यको लागि विनियोजित बजेटबाट सहभागीहरूको दैनिक भ्रमण भत्ता, सवारी खर्च, ईन्धन्, आवास खर्च, गोष्ठीको लागि हल भाडा, कार्यपत्र, सत्र संचालन शुल्क, तालिम भत्ता, समूह छलफल तथा प्रतिवेदन तयारी तथा प्रकाशन आदिमा खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

राष्ट्रिय महत्व तथा नीति तर्जुमा स्तरमा दीर्घकालीन प्रभाव पर्न सक्ने कार्यक्रममा विभागीय जनशक्तिबाट नै गोष्ठी सन्चालन गर्ने |

**अपेक्षित उपलब्धिहरू**

व्यवसायिक कबुलियती विकासमा भएका सवाल तथा चुनौती समष्टिगत सम्बोधन भई समाधानमा सहयोग पुग्ने ।

- व्यवसायिक कबुलियती वन विकासको लागी स्पष्ट खाका तयार हुने तथा मार्गनिर्देशन प्राप्त भई वन विकास तथा वातावरण संरक्षण मार्फत आर्थिक विकासमा टेवा पुग्ने ।

## ४.४ राष्ट्रिय वनको दिगो व्यवस्थापन सम्बन्धि मापदण्ड सहितको कार्यविधि तयारी

समुदायमा आधारित लगायत सबै खालका राष्ट्रिय वनमा वैज्ञानिक वन व्यवस्थापन पद्धति लागु भई सञ्चालन हुँदै आएकोमा हाल त्यसमा परिमार्जन गरी सरकारले सबै किसिमको राष्ट्रिय वनमा दिगो वन व्यवस्थापन पद्धति लागु गर्ने निर्णय गरेको छ । दिगो वन व्यवस्थापन निर्देशिकाले निर्देश गरे बमोजिम समुदायको हित अनुकूल हुने गरी नेपाल सरकारको आवधिक योजना र वन नीतिले निदिष्ट गरे बमोजिम आर्थिक विकासमा समेत उल्लेखनीय योगदान पुग्ने गरी र उपभोक्ताहरूको वन पैदावारको मागलाई आपूर्ति गर्ने किसिमले र वातावरणीय सन्तुलन कायम गरी उत्पादनमुखी वन व्यवस्थापन गर्नको लागि विस्तृत र व्यवहारिक तथा प्राविधिक किसिमले प्रष्ट अनि सही किसिमको कार्यविधि आवश्यक पर्ने भएकोले वन तथा भू-संरक्षण विभागले आ.व. २०७८/०७९ को लागि “राष्ट्रिय वनको दिगो व्यवस्थापन सम्बन्धि मापदण्ड सहितको कार्यविधि तयारी” कार्यक्रम राखेको हो । यस कार्यक्रममा वन व्यवस्थापनको प्राविधिक परिक्षण पछि आएका सूचकहरू समेतलाई समेटी विभिन्न किसिमका वन व्यवस्थापन प्रणालीहरू अनुसार उपयुक्त हुने मापदण्डहरू समेत निर्धारण गरिनेछ । यो कार्यविधि तयारी गर्दा सबै सरोकारवालाहरूलाई समेत संलग्न गरी वन तथा वातावरण तथा वन व्यवस्थापन विज्ञहरूको परामर्शमा गरिनेछ । यो कार्य सम्पन्न गर्न कार्य विवरण (**Terms of Reference)** तयार गरी वन तथा भू-संरक्षण विभागबाट स्वीकृत गराई कार्यान्वयन गरिने छ । यस कार्यको लागि विनियोजित बजेटबाट कार्यशाला गोष्ठी, परामर्श शुल्क, सरोकारवालाहरूको अन्तरक्रिया गोष्ठी, बैठक भत्ता, खाजा, समूहगत छलफल, अन्तरक्रिया र विज्ञ जनशक्तिको पारिश्रमिक, प्रतिवदेन तयारी आदिमा खर्च गर्न सकिनेछ ।

**... व्यवस्थापन**

...र्यका लागि वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय, विज्ञको परामर्श सेवा लिई वा वन तथा भूसंरक्षण विभागका प्राविधिक-द्वारा खर्च गरिनेछ |

**अपेक्षित उपलब्धि**

- दिगो वन व्यवस्थापन प्रभावकारी रुपमा सञ्चालनको लागि मार्गदर्शन तयार हुनेछ ।
- वन व्यवस्थापन कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ ।

## ४.५ वन्यजन्तुको वासस्थान व्यवस्थापन (वन संरक्षण क्षेत्र, कोरिडोरको सिमसार/घाँसे मैदान)

रास्ट्रिय वन तथा सामुदायिक वन क्षेत्रहरुमा (मुख्यतया वन संरक्षण क्षेत्र, कोरिडोर क्षेत्रहरुमा) वन्यजन्तुको उपस्थिति बढ्दै गइरहेकोले वन्यजन्तुको वासस्थान व्यवस्थापन एक महत्वपुर्ण सवाल भैसकेको छ | त्यसैले देशका विभिन्न भागमा रहेका वन संरक्षण क्षेत्र तथा कोरिडोरमा अवस्थित पानि घोल तथा सिमसार क्षेत्रहरुको नियमित सरसफाई जस्तै मिचाहा प्रजातिहरू हटाउने, नयाँ पानि पोखरी निर्माण गर्ने लगाएतका काम एवं घाँसे मैदान वासस्थान (पुरानो ढड्डी घाँस हटाउने लगाएतका कार्यहरु) यस कार्यक्रम अन्तर्गत गर्न सकिन्छ | वन्यजन्तुको संख्या धेरै भएका क्षेत्र हरु जस्तै बर्दिया जिल्लाको खाता कोरिडोर, कैलाली जिल्लाको वसन्ता कोरिडोर र दाङ जिल्लाको लमही बोटलनेक तथा फुलबारी क्षेत्रमा उक्त कार्यक्रम गर्न सकिन्छ | कार्यक्रम संचालन गर्न आवश्यक ज्यामी (दक्ष तथा अदक्ष) खर्च, उपकरण जस्तै ट्र्याक्टर लगाएतको भाडा खर्च लगायतमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागले आफू मातहतका कर्मचारीहरु परिचालन गरी अन्य सम्वन्धित निकायहरुको सहयोग लिइ यो कार्यक्रम संचालन गर्न सक्नेछ । डिभिजन वन कार्यालयहरु तथा स्थानिय समुदायबाट प्रस्ताब आव्हान गरि गरि कार्यक्रम संचालन गर्न सक्नेछ |

**अपेक्षित उपलब्धि**

वन्यजन्तुको लागि उपयुक्त वासस्थानको उपलब्धतामा वृद्धि (खाना र पानी) भई संख्या वृद्धिमा सहयोग पुग्नेछ ।

## ४.६ लुम्बिनी प्रदेशमा सरिसृप ( Herpeto fauna) हरुको अवस्था अध्ययन तथा प्रोफाइल तयारी अध्ययन

लुम्विनी प्रदेशको संरक्षित क्षेत्र बाहिरका रास्ट्रिय वन क्षेत्र (सामुदायिक वन क्षेत्र, साझेदारी वन क्षेत्र, कबुलियती वन क्षेत्र लगाएतका), सिमसार क्षेत्रहरुमा **Herpeto fauna** र अन्य वन्यजन्तु वन क्षेत्र बाट

त्र तथा वस्तीहरुमा चहलपहल बढिरहेको देखिएको छ | त्यसैले **Herpeto fauna** हरुको अध्ययन गरि प्रोफाइल तयारी गर्न सकेमा भविष्यमा उक्त प्रजातिहरुको संरक्षण र व्यवस्थापन मा धेरै सहयोग पुग्न सक्छ | अध्ययनलाई मुख्यगरि वन संरक्षण क्षेत्र, कोरिडोर क्षेत्रहरुमा केन्द्रित गर्न सकिन्छ | कार्यक्रम संचालन गर्न आवश्यक बिज्ञ शुल्क, यातायात, अन्तरक्रिया कार्यक्रममा खाजा, भत्ता आदि लगायतमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

वन तथा भूसंरक्षण विभागका कर्मचारीहरु परिचालन गरि यो कार्यक्रम संचालन गरिने छ । आबस्यक मात्रामा डिभिजन वन कार्यालयहरुसँग समन्वय गरी गरिने छ । यो कार्य प्रचलित कानून बमोजिम सेवा प्रदायकबाट समेत सञ्चालन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

- **Herpetofauna** हरुको अवस्था प्रोफाइल सहितको प्रतिवेदन तयारी र प्राकाशन हुनेछ |

## ४.७ वन्यजन्तु उद्धार सम्बन्धी आकस्मिक सहयोग कार्यक्रम

राष्ट्रिय वन क्षेत्र तथा संरक्षित क्षेत्रवाट बाहिर निस्केका वन्यजन्तुहरुको तात्काल उद्धार कार्य गर्न सकेमा वन्यजन्तुहरुबाट हुन सक्ने क्षति कम भई स्थानीय समुदायमा वन्यजन्तुप्रतिको धारणा सकारात्मक हुन जान्छ | फिल्ड स्तरमा खटिने अग्रपंक्तिका वन कर्मचारीहरु परिचालन गरी वन्यजन्तुको समयमा उद्धार गर्न सम्बन्धित डिभिजन वन कार्यालयवाट प्राप्त प्रस्ताबनाको आधारमा यो कार्यक्रम संचालन गर्न सकिन्छ | नियमित रुपमा वन्यजन्तुको ओहोरदोहोर हुने ठाउँहरुमा प्राथमिकताको हिसाबले यो कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ | जस्तै जैविक मार्ग भएका कंचनपुर, कैलाली, बर्दिया, बाँके, नवलपरासी पश्चिम लगायतका ५ वटा डिभिजन वन कार्यालयबाट प्रस्तावना आव्हान गरी कार्य संचालन गर्न सकिन्छ | कार्यक्रम संचालन गर्न आवश्यक साना उपकरण खरिद तथा भाडा शुल्क, यातायात शुल्क, खाजा भत्ता, दैनिक भ्रमण भत्ता, केज निर्माण आदि र भैपरी आउने अन्य खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम डिभिजन वन कार्यालयका कर्मचारीबाट संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

जिल्लामा वन्यजन्तु उद्धारका कार्य सम्पन भइ मानव वन्यजन्तु द्वन्द रुपान्तरण भएको हुनेछ |

## वन्यजन्तुको ह्याण्डलिङ/पहिचान तालिम

नेपालमा जैविक विविधताको प्रचुरता रहेको सर्वविदितै छ। निकुञ्ज र आरक्ष लगायतको क्षेत्रमा खटिने कर्मचारीबीच बन्यजन्तु संरक्षणबारे नियमित प्रशिक्षण हुने तथा वन्यजन्तुको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने हुनाले वन्यजन्तु ह्याण्डलिङको बारेमा ज्ञान हुनेछ | तर संरक्षण क्षेत्रभन्दा बाहिर डिभिजन वन कार्यालयहरुमा कार्यरत कर्मचारीहरुमा वन्यजन्तुको पहिचान, आनीबानी तथा घाईते वा अशक्त वन्यजन्तुको उद्दार तथा ह्याण्डलिङ बारे जानकारी कम हुँदा बेला बेला समस्या पर्ने गरेको पाईन्छ। यसैले डिभिजन वन कार्यालय अन्तरगत कार्यरत कर्मचारीहरु साथै शसस्त्र वन रक्षकहरुको क्षमता अभिबृद्दि गर्दै वन्यजन्तु संरक्षणमा सक्षम बनाउने उद्देश्यले यो तालिम प्रस्ताव गरिएको हो।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमलाई प्रभावकारी ढंगबाट सम्पन्न गर्नका लागि आवश्यक जनशक्ति विभाग, प्रदेश मन्त्रालय तथा प्रदेश निर्देशनालयसँग समन्वय गरी वन्यजन्तु ह्याण्डलिङ/पहिचान सम्बन्धि ज्ञान भएको राष्ट्रिय प्रकृति संरक्षण कोषको सहयोग लिई तालिम संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- डिभिजन वन कार्यालयका कर्मचारीहरु तथा शसस्त्र वन रक्षकहरुको लागि सञ्चालन गरिने यस वन्यजन्तुको पहिचान, उद्धार तथा व्यवस्थापन तालिमले सहभागिहरुलाई वन्यजन्तुको पहिचान, उद्धार तथा व्यवस्थापन सम्बन्धी अवधारणलाई मजबुत बनाउनुका साथै आफ्नो कार्य क्षेत्रमा घट्ने त्यस्ता खालका घटनाहरु व्यवस्थापन गर्ने ज्ञान, सीप तथा क्षमता विकास गर्नुका साथै वन, वन्यजन्तुको संरक्षण गरी मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा सहयोग पुग्ने ।

## ४.९ वन्यजन्तु नियन्त्रण एकाइ (WCCB) समन्वय बैठक

वन/वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सरोकारवालाहरु जस्तै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र अन्य सम्बन्धीत संस्थाका प्रतिनिधहरुसँग छलफल र अन्तरक्रिया गर्ने र सो गर्दा हुने खाजा तथा भत्ता खर्चमा बजेट खर्च गर्न सकिन्छ ।

**अपेक्षित उपलब्धि**

जिल्लाका विभिन्न निकायहरुसँगको सम्बन्ध विस्तार र सहकार्यवाट वनक्षेत्रको सुरक्षाको लागि वन अतिक्रमण, वन चोरी कटानी, वन्यजन्तुको चोरी शिकार, वन पैदावारको अवैध व्यापार जस्ता वनजन्य अपराध र वन डढेलो नियन्त्रणमा सहयोग पुग्ने ।

### वन्यजन्तु व्यवस्थापन सम्बन्धि आकस्मिक अनुगमन

डिभिजन वन कार्यालयहरु/स्थानिय समुदायबाट राष्ट्रिय वन, सामुदायिक वन, जैविक मार्ग र प्राणी उद्यानहरुमा वन्यजन्तु व्यवस्थापन सम्बन्धि कार्यहरु संचालन हुँदै आईरहेको छ । ती क्षेत्रहरु भैरहेको वन्यजन्तु व्यवस्थापन सम्बन्धि आकस्मिक रुपमा अनुगमन गर्नका लागि यस शीर्षकमा विनियोजित रकम खर्च गरीनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम वन तथा भू-संरक्षण विभागका कर्मचारीबाट संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

आकस्मिक अनुगमनबाट आएका पृष्ठपोषणले वन्यजन्तु व्यवस्थापन सहयोग पुग्नेछ ।

### ४.११ वन उद्यम सम्वन्धि मेशीन ओजार खरिद सहयोगः यज्ञडोल सा.ब.उ.स गोकर्णेश्वर न.पा. ४, काठमाण्डौं

यज्ञडोल सा.ब.उ.स. गोकर्णेश्वर न.पा. ४, काठमाण्डौले शहिद स्मारक तथा निजामति पार्क स्थापना गरी पर्यापर्यटकिय गतिविधि संचालन गरि रहेको छ । उक्त सामुदायिक वन समुहलाई काठमा आधारित पर्यटकिय सामग्रीहरु निर्माण गर्ने वन उद्यम संचालनार्थ ब्यवसायिक कार्य योजनाको आधारमा आवश्यक पर्ने मेशीन औजारहरु खरिद गर्न र सो सम्वन्धि सिप हस्तान्तरण गर्ने कार्यका लागि यो रकम खर्च गरिनेछ ।

यज्ञडोल सा.ब.उ.स. गोकर्णेश्वर न.पा. ४, काठमाण्डौं सँग समन्वय गरी विनियोजित बजेटवाट प्रस्तावित उद्यमको ब्यवसायिक कार्य योजना निर्माण गर्ने , आवश्यक मेशीन औजार खरिद गर्ने तथा उक्त मेशीन औजार संचालन गर्ने आवश्यक पर्ने सिप विकासका लागि पनि यो रकम खर्च गरिने छ । यज्ञडोल सा.ब.उ.स. गोकर्णेश्वर न.पा. ४, काठमाण्डौले यो कार्य सम्पन्न गर्न स्थानीय नगर पालिका , सहकारि,संघ सस्था तथा निजी क्षेत्र सँग साझेदारि तथा सहकार्य गरी थप प्रभावकारी हुने गरी कार्य संचालन गर्न सक्नेछ ।

यो कार्यक्रम अन्तर्गत सम्पन्न गरिने विभिन्न क्रियाकलापहरुलाई मेशीन औजार खरिद, ब्यवसायिक कार्य योजना निर्माण , सिपमुलक तालिम संचालन , बैठक लगायतमा खर्च गर्न सकिनेछ ।

**व्यवस्थापन**

भू-संरक्षण विभागले विभाग/मन्त्रालय अन्तर्गतका कर्मचारी, विषयगत विज्ञहरु सरोकारवाला संघ, संस्थाहरु वाट उपलब्ध हुने जनशक्तिको सहयोग लिई आवश्यक जनशक्तिको ब्यवस्थापन गरिने छ ।

**अपेक्षित उपलब्धि**

- यज्ञडोल सा.ब.उ.स. गोकर्णेश्वर न.पा. ४, काठमाण्डौले पर्यटकिय वस्तु उत्पादन गर्ने वन उद्यम संचालनार्थ आवश्यक मेशीन औजार प्रापत गर्ने ।
- पर्यटकिय वस्तु उत्पादन गर्ने वन उद्यम संचालनार्थ आवश्यक पर्ने सिप वन समुहले प्राप्त गर्ने छ ।

## ४.१२ काठमाण्डौ उपत्यका पहाडि श्रृंखला वन संरक्षण क्षेत्र ब्यवस्थापन योजना निर्माण

वातावरणिय सेवा भुक्तानीको अवधारणा लाई समेत कार्यान्वयन गर्ने गरि सवै सरोकारवालाहरुको सहभागिता र साझेदारिता विकसित गरी काठमाण्डौ उपत्यकाको पहाडि श्रृखंलाको वन सरक्षणका लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । द्धितीय तथ्यांक तथा भौगोलिक सूचना प्रणालीको उपयोग वाट प्राप्त जानकारिका आधारमा सरोकारवालाहरुसंग सहकार्य तथा अन्तरक्रिया गरि काठमाण्डौ उपत्यकाको पहाडि श्रृंखलाको वन क्षेत्रलाई क्रमिक रुपमा वन संरक्षण क्षेत्र घोषणा गरि ब्यवस्थापन योजना निर्माण गर्न क्षेत्रगत विभाजन गरिनेछ र प्राथमिकता र संभाब्यताको आधारमा यस वर्ष १ वटा क्षेत्रको वन संरक्षण क्षेत्र ब्यवस्थापन योजना निर्माण गरिनेछ । यो कार्य काठमाण्डौ उपत्यकाका डिभिजन वन कार्यालयहरु सँगको समन्वयमा स्थानीय तह र प्रदेश सरकारसँगको सहभागितामा सम्पन्न गरिनेछ ।

यो कार्य सम्पन्न गर्न कार्य विवरण र लागत इष्टिमेट तयार गरि महानिर्देशकवाट स्वीकृत गरी कार्यान्वयन गरिने छ । सरोकारवाला निकाय तथा संघ सस्थाहरुले यस विषयमा ब्यापक जनसहभागिता र जनचेतना जगाउन विविध कार्यक्रमहरु संचालन गर्न सक्नेछन र उक्त कार्यक्रममा वन तथा भु संरक्षण विभागले आफ्नो खर्चमा स्रोत ब्याक्ति उपलब्ध गराईदिन सक्ने छ ।

यस कार्यको लागि विनियोजित बजेटवाट सेवा प्रदायको सेवा शुल्क, दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन,आवास खर्च, खाजा, भौगोलिक सूचना निर्माण, नक्शांकन, प्रशिक्षक भत्ता, समुहगत छलफल, अन्तरक्रिया र प्रतिवेदन तयार आदिमा बजेट खर्च गर्न सकिनेछ ।

**व्यवस्थापन**

...ार्यका लागि सेवा प्रदायक सस्थाको सेवा करारमा लिई सम्वन्धित शाखामा उपलब्ध जनशक्तिवाट कार्यान्वयन गरिने छ ।

**अपेक्षित उपलब्धि**

- काठमाण्डौ उपत्यका पहाडि श्रृंखला वन संरक्षण क्षेत्र व्यवस्थापन योजना निर्माण कार्य प्रारम्भ हुने।

## ४.१३ सामुदायिक वन उद्यममा काष्ठकला प्रवर्धन सिप विकास तालिम

सामुदायिक वनमा वन उद्यम तथा पर्यापर्यटन संचालन गरि रहेका र गर्न इच्छुक वन समुहहरुले सिफारिस गरेका समुह सदस्यहरुलाई वन उद्यममा काष्ठकला प्रवर्धन गर्ने सिप विकास तालिम उपलब्ध गराइनेछ । यस किसिमको तालिम प्राप्त गरे पछि समुहले आफ्नो समुहमा काष्ठकलामा आधारित वन उद्यम संचालन गर्ने प्रतिवद्धता उपलब्धता गराउनु पर्नेछ । प्रतिवद्धता पत्र र समुहको क्षमताका आधारमा एउटा समुहवाट ३ जना सम्म प्रशिक्षार्थि छनौट गर्न सक्नेछ । २ वा २ भन्दा वढि समुह मिलेर भविष्यमा काष्ठकलामा आधारित वन उद्यम संचालन गर्ने प्रतिवद्धता सहित तालिम माग गरेमा उक्त समुहहरुलाई पायक पर्ने गरि तालिम सचालन गर्न सकिनेछ । यस सम्वन्धि अवधारणा, कार्य विवरण र लागत अनुमान विवरण तयार गरि कार्यक्रम कार्यान्वयन गरिनेछ । यो कार्यक्रम काठमाण्डौ उपत्यका भित्र १ वटा र संभव भए सम्म काठमाण्डौ उपत्यका वाहिर १ वटा संचालन गरिनेछ । यो कार्यक्रम सेवा प्रदायक सस्थावाट सेवा खरिद गरि संचालन गरिनेछ । सामुदायिक वन उपभोक्ता समुहहरु कै दक्ष काष्ठकला श्रमिकलाई उपयोग गरि कार्यस्थलमै आधारित तालिमको रुपमा समुहले तालिम संचालन गर्न चाहेमा समुहको क्षमताका आधारमा स्वीकृत लागत अनुमानको अधिनमा रहि उपभोक्ता समुहवाट महाशाखाले तालिम संचालन गर्न गराउन सक्नेछ ।

यस कार्यको लागि विनियोजित बजेटवाट सेवा प्रदायको सेवा शुल्क, सहभागिको लागि भत्ता ,दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन,आवास खर्च, खाजा, प्रशिक्षक भत्ता, तालिम सामग्री आदिमा बजेट खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यका लागि सम्वन्धित शाखा वाट सेवा प्रदायक संस्था वा वन समुहवाट स्वीकृत कार्य विवरण अनुसारको कार्य सम्पन्न गराउन सेवा करार गरिनेछ ।तालिम कार्यक्रमको अनुगमन शाखाको जनशक्ति वाट गरिनेछ ।

**अपेक्षित उपलब्धि**

सामुदायिक वन समुह भित्र काष्ठकलामा आधारित वन उद्यमका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन हुने छन् ।

### ४.१४ वन उद्यममा लगानी विस्तारका लागि वैकर्स विमक र वन उद्यमी विच अन्तरक्रिया गोष्ठि

वन उद्यममा वैक तथा विमा क्षेत्रको चासो, रुचि र लगानी बढाउन वन उद्यमीहरुको माग संवोधन गर्दे यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो कार्यक्रम नेपाल वन पैदावार उद्योग ब्यवसायि महासंघ को समन्वय र साझेदारिमा छानिएका प्रदेश तथा जिल्ला स्तरमा अन्तरक्रिया गरि केन्द्रिय स्तरमा नेपाल राष्ट्र वैक तथा विमा समिति समेतको सहभागितामा केन्द्रिय स्तरमा सघन परामर्श हुने गरि नेपाल वन पैदावार उद्योग ब्यवसायि महासंघ सँग समन्वय गरि गोष्ठिको आयोजना गरिनेछ ।

यस कार्यको लागि विनियोजित बजेट वाट, सहभागिको लागि खाजा , खाना तथा आवास ,सहजकर्ता विज्ञको पारिश्रमिक ,दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन,आवास खर्च, खाजा, प्रशिक्षक भत्ता, तालिम सामग्री आदिमा बजेट खर्च गर्न सकिनेछ । नेपाल वन पैदावार उद्योग ब्यवसायि महासंघ सँग समन्वय गरि अन्तरक्रिया तथा गोष्ठिको कार्यविवरण र लागत अनुमान तयार गरि स्वीकृत गरि कार्यक्रम कार्यान्वयन गरिनेछ । स्वीकृत लागत अनुमान अनुरुप खर्च हुने खाजा, खाना तथा आवासको खर्च ब्यवस्थापनका लागि सोझै नेपाल वन पेदावार उद्यम ब्यवसायि महासंघलाई कार्यक्रम आयोजना गर्नका लागि उपलब्ध गराउन सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यका लागि सम्वन्धित शाखावाट वा नेपाल वन पैदावार उद्यम ब्यवसायि महासंघवाट स्वीकृत कार्य विवरण अनुसारको कार्य सम्पन्न गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- वन उद्यम मैत्रि वैकिंङ तथा विमा नीती निर्माणमा सहयोग पुग्ने ।
- वन उद्यममा विमा तथा वैकिंङ क्षेत्र आकर्षित हुने ।

### ४.१५ वन उद्यम र पर्यापर्यटन प्रवर्धनका लागि सरोकारवालाहरुको स्थलगत भ्रमण तथा अन्तरसंवाद कार्यक्रम

समुदायले संचालन गरेका वन उद्यम तथा पर्यापर्यटनका गतिविधिहरुलाई वन ऐन नियम अनुकुल हुने गरि बढावा दिन यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो कार्यक्रममा वन उद्यम तथा पर्यापर्यटनका क्रियाकलापहरु संचालन गरि रहेका वन समुहहरुलाई वन ऐन नियम तथा वन उद्यम तथा पर्यापर्यटन सम्वन्धि बजारिकरण लगायतका ब्यवसायिक ज्ञान सिप दिने र समुहहरु विच अन्तरसम्वन्ध र

्या लाई बढवा दिई सिकाईलाई प्रचार प्रसार गर्ने क्रियाकलाप हरु संचालन गरिने छ । पृष्ठपोषणका लागि विभागमा सरोकारवालाहरको अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।यसका लागि छानिएका समुहहरु तथा सरोकारवालाहरु विच अन्तर संवाद कार्यक्रम तथा स्थालगत भ्रमणका कार्यक्रमहरु संचालन गरिनेछ । यस कार्यक्रमको कार्यविवरण र लागत अनुमान स्वकृित गराई कार्यक्रम गरिनेछ ।

यस कार्यको लागि विनियोजित बजेट वाट , सहभागिको लागि दैनिक भ्रमण भत्ता ,दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन,आवास खर्च, खाजा, प्रशिक्षक भत्ता, गाडि भाडा आदिमा बजेट खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यका लागि आवश्यक जनशक्ति सम्वन्धित शाखावाट ब्यवसथापन गरि कार्य सम्पन्न गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- सामुदायमा आधारित वन समुहहरू बीच वन उद्यम तथा पर्यापर्यटन विकासका लागि सहकार्य र समन्वय विकास हुनेछ ।
- सामुदायमा आधारित वन समुहहर विच वन उद्यम तथा पर्यापर्यटन विकासका लागि नितीगत पृष्ठपोषण प्राप्त हुनेछ ।

### ४.१६ वनजन्य उद्यम सम्बन्धी प्रदर्शनी, अध्ययन तथा अवलोकन भ्रमणमा निजी क्षेत्रका उद्यमीको सहभागिताका लागि सहयोग कार्यक्रम

वन उद्यमीहरलाई वन उद्यम विकासमा लागि बजार विस्तार र नविनतम प्रविधिको खोजी गर्न सहयोग पुरयाउने उद्धेश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो कार्यक्रमको कार्यान्वयनका लागि स्वदेश तथा विदेशमा आयोजना हुने वनजन्य उद्यम सम्वन्धि प्रदर्शनी, अध्ययन अवलोकन भ्रमणका लागि वन उद्यमीहरुलाई उनीहरुको नेपाल वन पैदावार उद्योग ब्यवसायि महासंघ लगायत वन उद्यम सँग जोडिएका निजी क्षेत्रका वस्तुगत संघ महासंघको सिफारिसमा आर्थिक तथा ब्यवस्थापकिय सहयोग उपलब्ध गराइने छ ।यस अन्तेगत हवाईजहाजको टिकट , आवास खर्च , प्रवेश शुल्क , भिसा शुलक, कार्यपत्र लेखन तथा प्रस्तुति लगायतका अन्य खर्चहरु हुनेछ । नेपाल वन पैदावार उद्योग ब्यवसायि महासंघ को समन्वयमा यस कार्यमा वन तथा भु-संरक्षण विभागका प्राविधिक कर्मचारिहरलाई पनि सहभागि गराउन सकिनेछ ।

**व्यवस्थापन**

र्यका लागि आवश्यक जनशक्ति सम्वन्धित शाखावाट ब्यवस्थापन गरि कार्य सम्पन्न गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- वन उद्यम विकासका लागि बजार विस्तार र नविनतम प्रविधिको खोजी गर्न वन उद्यमीहरु प्रोत्साहित हुने ।

## ४.१७ ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्डको मस्यौदा तयारी र परिमार्जन

वन ऐन २०७६ अनुरुप तयार गर्नु पर्ने नियमावलि, निर्देशिका र मापदण्ड हरुका अतिरिक्त वन तथा भू संरक्षण विभाग वाट सार्वजनिक चासो र सरोकारका विषयमा सेवा प्रवाह गर्दा अपनाउनु पर्ने कार्यविधिहरु र अवलम्वन गर्नुपर्ने मापदण्ड निर्धारण गर्ने कार्यमा यस शिर्षक वाट विनियोजित बजेट खर्च गरिनेछ । वन तथा भू संरक्षण विभागको समग्र कार्य सम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारि वनाउन वन तथा भू संरक्षण विभागको रणनैतिक योजना निर्माण यसै शिर्षक अन्तर्गत विनियोजित बजेट वाट सम्पन गरिनेछ । वन तथा भू संरक्षण विभागवाट विगत देखि वितरण गरिदै आएका पुरस्कारहरुको कार्यविधि पुनरावलोकन गर्ने तथा वनाउने कार्य पनि यसै वाट सम्पन्न गरिनेछ । सवै किसिमका नियमावलि, निर्देशिका , कार्यविधि, मापदण्ड वनाउनु पुर्व महानिर्देशक वाट उक्त कार्यहरु सम्पन्न गर्नू पर्ने कार्यको औचित्य पुष्टि गरि कार्य विवरण , निर्माण कार्यविधि र लागत अनुमान स्वीकृत गराई सम्वन्धित महाशाखाहरु वाट कार्य सम्पन्न हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

सम्बन्धि शाखामा उपलब्ध जनशक्ति र विज्ञ हरुको सेवा खरिद गरी कार्य सम्पन्न गरिने छ ।

**अपेक्षित उपलब्धि**

- वन तथा भू संरक्षण विभागको रणनैतिक योजना निर्माण हुने ।
- वन तथा भू संरक्षण विभागको लागि आवश्यक कार्यविधिहरु निर्माण हुने ।
- वन ब्यवस्थापन र सेवा प्रवाह सँग सम्वन्धित पुरस्कार वितरण कार्यविधिहरु अद्यावधिक हुने ।

**राष्ट्रिय पुरस्कारहरु (गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी, साझेदारी, गणेश बहादुर शाही ..रक्षण पुरस्कार आदि)**

वनको संरक्षण र ब्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने समुह तथा ब्याक्तिहरुलाई प्रोत्साहित गर्न र समुह तथा व्यक्तिले गरेका कार्यको प्रचार प्रसार गर्न यो कार्यक्रम संचालन गरिनेछ । विगत देखिनै कार्यान्वयन हुदै आईरहेको यो कार्यक्रमको कार्यान्वयनका लागि स्वीकृत कार्यविधि अनुरुप कार्यविवरण र लागत अनुमान महानिर्देशकवाट स्वीकृत गराई कार्यान्वयन गरिने छ ।

वन तथा वातावरण मन्त्रालयको सहयोग र समन्वयमा प्रदेश वन मन्त्रालय तथा डिभिजन वन कार्यालयहरुलाई पुरस्कारमा सहभागि हुन अनुरोध गरिनेछ । कार्यविधि अनुरुप पुरस्कार छनौटका लागि सार्वजनिक सुचना प्रकाशन गरी आवेदन संकलन गर्ने, सचिवालय स्थापना तथा मुल्यांकन कर्ता छनौट गर्ने , स्थलगत अनुगमन गर्ने, प्रमाण पत्र तयार गर्ने पुरस्कारको राशि निर्धारण गर्ने र यस आ.ब.मा पुरस्कृत हुने लाई पुरस्कार वितरण कार्य अर्को आ.ब.को सामुदायिक वन दिवसको अवसरमा समारोह आयोजना गरि पुरस्कार वितरण गरिनेछ । यस सँग सँगै सम्वन्धित डिभिजन वन कार्यालयलाई पनि सम्मान पत्र प्रदान गरिने छ ।

यस कार्यको लागि विनियोजित बजेट वाट स्वीकृत कार्यविधि अनुरुप विषयगत पुरस्कारको लागि रकम ,स्थलगत अनुगमनका लागि दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन, खाजा,तथा आवेदनहरुको मुल्यांकन फारममा प्रविष्टि तथा सत्यापन परिक्षण गर्ने कार्य , मुल्यांकनकर्ताविज्ञ को पारिश्रमिक, मुल्यांकन समितिको वैठक भत्ता र खाजा खर्च, प्रमाण पत्र निर्माण तथा पुरस्कृत समुहका लागि आतेजाते यातायात तथा दैनिक भ्रमण भत्ता, समारोह आयोजना, प्रतिवेदन तयारि तथा पुरस्कृत समुहहरुको अनुगमन गर्ने आदिमा बजेट खर्च गर्ने गरि लागत अनुमान स्वीकृत गरि कार्यान्वयन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

पुरस्कारको मुल्यांकनका लागि स्वीकृत कार्यविधि अनुरुप मुल्यांकन समिति र विज्ञहरुको छनौट गरिनेछ । मुल्यांकन समितिहरुको वैठक लगायतका कार्यहरु आयोजना गर्न सम्वन्धित शाखामा उपलब्ध जनशक्तिवाट सचिवालय संचालन हुनेछ भने मुल्यांकन समिति र विज्ञहरुको सहयोगका लागि एकजना वन प्राविधिकलाइ सेवा करारमा लिन सकिने छ।

**उपलब्धि**

- वनको संरक्षण र व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने समुह तथा ब्याक्तिहरु पुरस्कृत हुने ।

## ४.१९ सिवक्थोर्न प्रजातिको संरक्षण, फल संकलन तथा प्रशोधन, उत्पादन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धि तालिम

नेपालको उच्च हिमाली क्षेत्रमा प्राकृतिक रुपमा पाईने महत्वपुर्ण जडिबुटी प्रजातीहरुमध्य सिवक्थोर्न (डालेचुक/भुइंचुक) पनि एक हो । अत्यन्त कोमल भू-वनोटयुक्त उच्च हिमाली भू-भागको संरक्षणको अलावा स्थानिय बासिन्दाहरुको जनस्वास्थ्य एवं दिगो जिविकोपार्जनको एक भरपर्दो विकल्पको रुपमा रहेको यस बहुआयमिक वनस्पति प्रजातिको महत्व र उपयोगिताका बारेमा अझैपनि कतिपय जिल्लाहरुमा स्थानिय बासिन्दाहरु अनभिज्ञ रहेका कारण प्राकृतिमै उपलब्ध यसका फल त्यतिकै खेर गइरेको हुँदा यस प्रजातिको संरक्षण, फल संकलन तथा प्रशोधन, उत्पादन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धि संभावित जिल्लाहरुमा स्थलगत तालिम संचालन गर्ने उद्देश्यले यो तालिम कार्यक्रम प्रस्ताव गरिएको छ ।

प्राकृतिक रुपमा प्रशस्त मात्रामा सिवक्थोर्न उपलब्ध भएका विकट हिमाली जिल्लाका वन क्षेत्र तथा वरपरका वस्तीहरुमा स्थलगत रुपमा नै गएर कार्यक्रम संचालन गरिनेछ । कार्यक्रममा स्थनिय तहका प्रतिनिधी, स्थानिय जडिबुटी व्यवसायी, सामुदायिक वनका उपभोक्ता, महिला समुह वा अन्य समुदायमा आधारित सघं संस्था एवं अन्य यसमा अभिरुची राख्ने स्थानिय सर्वसधारण सहभागी हुन सक्नेछन ।

**जनशक्ति तथा बजेट व्यवस्थापन**

यस कार्यक्रमलाई प्रभावकारी ढंगबाट सम्पन्न गर्नका लागि वन तथा भू-संरक्षण विभागमा रहेको जनशक्ति परिचालन गरी आवश्यक परेमा सम्बन्धित प्रदेश मन्त्रालय, प्रदेश निर्देशनालय तथा डिभिजन वन कार्यालयसँग समन्वय गरी उपयुक्त क्षेत्र पहिचान गरेर यस वनस्पति प्रजातिको प्रभावकारी संरक्षण, फल तथा पात संकलन तथा प्रशोधन गरी यसबाट सर्वत, जाम, चिया जस्ता उत्पादन, तिनको प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धि आवश्यक ज्ञान र सीप उपलब्ध गराईने छ । यस कार्यक्रमका लागि रु. ९००,०००। विनियोजन गरिएको छ । यसमा विनियोजित रकम तालिमका शिलशिलामा फल संकलन तथा प्रशोधनका लागि आवश्यक पर्ने मेशिनऔजार तथा अन्य सामाग्री खरिद, स्टेशनरी, तालिमका सहभागी तथा प्रशिक्षकहरुको दैनिक भ्रमण तथा यातायात खर्च, प्रशिक्षक भत्ता, हल भाडा आदीमा ३ वटा तालिम संचालनका लागि खर्च्र गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम संचालनार्थ अवधारणपत्र, लागत अनुमान तयारी तथा स्वीकृती
- कार्यक्रम संचालन हुने जिल्ला, स्थान तथा सरेकारवालाहरुको पहिचान
- तालिम संचालन
- तालिमको प्रतिवेदन तयारी

**अपेक्षित उपलब्धि**

उच्च हिमाली भेगको विद्यमान वातावरणीय समस्याहरुको क्रमिक सुधार गर्दै पछिल्लो पुस्तासम्म पनि उद्योग एवं व्यापारको दिगो स्रोतको यथेष्ठ सम्भावनाहरु बोकेको सिवक्थोर्नको दिगो एवं व्यवसायिक उपयोग तथा बजारीकरण मार्फत स्थानिय बासिन्दाहरुको आय आर्जनमा वृद्वि गर्न टेवा पुग्नेछ ।

## ४.२० उच्च हिमाली जिल्लाका वन उद्यमी एवं अन्य सरोकारवालाहरुको सिवक्थोर्न प्रजातिको प्रवर्धन तथा उद्यम विकास सम्बन्धि अन्तरक्रिया गोष्ठी

उच्च हिमाली जिल्लाहरुमा प्राकृतिक रुपमा पाईने महत्वपुर्ण जडिबुटी प्रजाती सिवक्थोर्न ( डालेचुक/भुइंचुक) को महत्व तथा उपयोगीताका बारेमा केहि जिल्लाका स्थानीय बासन्दिाहरु सचेत भईसकेका भएता पनि कतिपय जिल्लाका स्थानिय बासिन्दा यस बारेमा अझै अनभिज्ञ रहेका हुंदा यस बहुआयमिक वनस्पति प्रजातिको संरक्षण, महत्व र उपयोगिताका बारेमा सचेत गराउने अभिप्रायले यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

सिवक्थोर्न प्राकृतिक रुपमा प्रशस्त मात्रामा उपलब्ध भएका हिमाली जिल्लामा स्थलगत रुपमा यो कार्यक्रम संचालन गरिनेछ । कार्यक्रममा सिवक्थोर्न पाईने स्थनिय तह (गा.पा. वा न.पा.) का प्रतिनिधी, वन उद्यमी, स्थानिय जडिबुटी व्यवसायी, डिभिजन वन कार्यालयका प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ तथा घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि, सामुदायिक वनका उपभोक्ता, महिला समुह वा अन्य समुदायमा आधारित सघं संस्थाका प्रतिनिधि, यसमा अभिरुची राख्ने स्थानिय सर्वसधारण एवं अन्य सरोकारवालाहरु सहभागी गराईनेछ ।

**जनशक्ति तथा बजेट व्यवस्थापन**

अन्तरक्रिया गोष्ठी संचालनको लागि वन तथा भू-संरक्षण विभागबाट सम्बन्धित शाखाका प्रविधिक कर्मचारीका साथै डिभिजन वन कार्यालय समेतको सहयोगमा जनशक्ति व्यवस्थापन गरिने छ । यसमा विनियोजित रकम आवश्यक स्टेशनरी, गोष्ठीका सहभागी तथा सहजकर्ताहरुको दैनिक भ्रमण तथा यातायात खर्च, हल भाडा आदीमा २ वटा गोष्ठी संचालनका लागि खर्च गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम संचालनार्थ अवधारणपत्र, लागत अनुमान तयारी तथा स्वीकृती
- कार्यक्रम संचालन हुने जिल्ला तथा सहभागीहरुको पहिचान एवं छनोट
- सरोकारवालाहरुसंग अन्तरक्रिया गोष्ठी, छलफल तथा संम्भाव्य कार्यक्रमहरु तय
- गोष्ठीको प्रतिवेदन तयारी

**अपेक्षित उपलब्धिहरु**

सरोकारवालाहरु बीचको अन्तरक्रिया, छलफल एवं सचेतना कार्यक्रमबाट यस बहुपयोगी वनस्पति प्रजातिको महत्व र उपयोगिताका बारेमा सबै सरोकारवालाहरु सचेत भई उक्त वनस्पति प्रजातिको प्रभावकारी संरक्षण तथा दिगो उपयोग गर्नमा टेवा पुग्ने देखिन्छ ।

## ४.२१ सिवक्थोर्न (डालेचुक तथा भूइँचुक) प्रजातिको संरक्षण कार्य योजना तथा वितरण ढाँचा तयारी

सिवक्थोर्न नेपालको उच्च हिमाली क्षेत्रका पूर्व देखि पश्चिम सम्मका २५ भन्दा बढि उच्च हिमाली जिल्लाका माथिल्लो भू-भागहरुमा प्राकृतिक रुपमा पाईने महत्वपुर्ण जडिबुटी भइकन पनि हालसम्म के कति जिल्लाहरुमा के कसरी यो प्रजाति फैलिएको छ भन्ने बिषयमा कुनै खोज वा अनुसन्धान नभएकोले यस प्रजातिको संरक्षण कार्य योजना तथा नेपालको पूर्व देखि पश्चिम सम्मको वितरण ढाँचा तयार गर्न यस शीर्षकमा विनियोजन भएको रकम खर्च गरिनेछ । यसका लागि यस विभागबाट कार्यसुची तयार गरी परामर्श सेवा खरिदको माध्यमबाट सेवा प्रदायकको सहयोग लिएर यो कार्यक्रम सम्पन्न गरिनेछ । अध्ययनको प्रतिवेदन तयार गर्ने क्रममा स्थलगत अध्ययन, सिबक्थोर्न पाइने जिल्लामा **Focus Group Discussion** पश्चात विभागमा प्रस्तुतीकरण गराइ विषय विज्ञ र सहभागीहरुबाट प्राप्त हुने पृष्ठपोषणहरुलाई समावेश गरी अन्तिम रुप दिइनेछ ।

**जनशक्ति तथा बजेट व्यवस्थापन**

यो कार्य विभागमा उपलब्ध कर्मचारीहरुको समन्वयमा सम्बन्धित डिभिजन वन कार्यालयहरुको समेत सहयोग लिई सेवा प्रदायक मार्फत संचालन गरिनेछ । यस कार्यक्रमका लागि रु. ५००,०००। विनियोजन गरिएको छ ।

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम संचालनार्थ अवधारणपत्र, कार्यसुची तयारी तथा स्वीकृती
- सेवा प्रदायक छनोट तथा सम्झौता
- जिल्लाहरु छनोट तथा स्थलगत फिल्ड भ्रमण
- सेवा प्रदायक मार्फत इन्सेप्सन रिपोर्ट तयारी तथा प्रस्तुती
- सेवा प्रदायक मार्फत अन्तिम खेस्रा प्रतिवेदन तयारी तथा प्रस्तुती

- सिबक्थोर्न पाइने जिल्लाको सो प्रजाति पाइने क्षेत्रको नक्शांकन
- प्राप्त सुझावहरु सहितको अन्तिम प्रतिवेदन तयारी

**अपेक्षित उपलब्धिहरु**

नेपालको अधिकांश हिमाली जिल्लाहरुमा पाईने यस प्रजातिको संरक्षण कार्य योजना तथा वितरण ढाँचा तयार भै यसको वितरणको अवस्थाका बारेमा जानकारी हुनेछ साथै भविष्यमा यस प्रजातिको दिगो विकास र बिस्तारका लागि संचालन गर्न सकिने कार्यक्रमहरुका लागि आधार तय हुने साथै भविष्यमा संभाव्य व्यवसायिक उद्यम संचालनका लागि समेत टेवा पुग्ने देखिन्छ ।

## ४.२२ वन बीऊ बगैंचा स्थापना सम्बन्धि मार्गदर्शन तयारी

महत्वपुर्ण तथा बहुउपयोगी रुख प्रजातिहरुको गुणस्तरीय बीउको माग स्थानिय एवं राष्ट्रिय रुपमा बढ्दो अवस्थामा रहेको पाईन्छ । नेपालमा हालसम्म ५० वटा वन बीऊ बगैंचा स्थापना गरिएको तथ्याङ्क रहेता पनि विगत वर्षहरुमा तिनको नियमित संरक्षण तथा व्यवस्थापन हुन नसक्दा अधिकांश बीऊ बगैंचाहरुको अवस्था दयनिय रहेको पाईन्छ । सन् १९०० को दशकमा स्थापना गरिएका केही डालेघाँस प्रजातिका बीउ बगैंचामा रोपीएका रुखहरु मरिसकेका छन् भने आशिंक रुपमा बीउ दिने केही बीऊ बगैंचाहरुबाट समेत खाशै बीउ संकलनको काम हुन सकेको देखिंदैन । बीउ बगैंचा को स्थापना तथा तिनको व्यवस्थापनको कार्य दक्ष एवं अनुभवी प्राविधिकहरु मार्फत निरन्तर रुपमा हुनुपर्ने एक संवेदनशिल विषय भएतापनि सो अनुसार हुन नसकेको साथै यस सम्बन्धि प्रष्ट मार्गदर्शन वा निर्देशिका नभएको कारणले यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

**जनशक्ति तथा बजेट व्यवस्थापन**

यो कार्य विभागमा उपलब्ध कर्मचारीहरुको सहभागिता तथा समन्वयमा सम्बन्धित प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय र डिभिजन वन कार्यालयको समेत सहयोग लिई सेवा प्रदायक मार्फत संचालन गरिनेछ । यस कार्यक्रमका लागि रु. ५००,०००। विनियोजन गरिएको छ ।

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम संचालनार्थ अवधारणपत्र, कार्यसुची तयारी तथा स्वीकृती
- सेवा प्रदायक छनोट तथा सम्झौता
- विद्यमान बीउ बगैंचाहरुको स्थलगत अनुगमन
- सेवा प्रदायक मार्फत इन्सेप्सन रिपोर्ट तयारी तथा प्रस्तुती
- सेवा प्रदायक मार्फत अन्तिम खेस्रा प्रतिवेदन तयारी तथा प्रस्तुती

प्राप्त सुझावहरु सहितको अन्तिम प्रतिवेदन तयारी

**उपलब्धिहरु**

[illegible]ैंचा को स्थापना तथा तिनको व्यवस्थापन कार्य विशुद्ध दक्ष एवं अनुभवी प्राविधिकरु सम्लग्न भई तोकीएको निकाय मार्फत संचालन गर्ने गराउने गरी आवश्यक सबै प्राविधिक पक्षहरु समेटीएको मार्गदर्शन तयार भई भबिष्यमा बीउ बगैंचा को स्थापना तथा तिनको नियमित व्यवस्थापनको कार्यमा प्राविधिक तवरले पुर्णता साथै सहजता आउनेछ ।

## ४.२३ दुर्लभ/लोपोन्मुख रुख प्रजाति पहिचान, बीउ संकलन एवं प्रशोधन तथा बीउको परस्थानीय आनुवाशिंक संरक्षण

नेपालका कतिपय वनजन्य रुख प्रजातिहरु लोप भई सकेका र कतिपय लोपोन्मुख अवस्थामा पुग्दैछन् । यिनको समयमै संरक्षण गरी हाम्रा भावि पुस्ता समेतका लागि जोगाई राख्नु हाम्रो दायित्व हुन आउँछ । यस्ता संकटापन्न अवस्थाका प्रजातिहरुलाई तिनको प्राकृतिक बासस्थान वा मौलिक स्थानभन्दा बाहिर लगी वन बीउ बगैंचा (**Breeding Seed Orchard**) वा वनस्पति उद्यान (**Botanical Garden**) स्थापना गरेर संरक्षण गर्न सकिन्छ जुन समय एवं लागतका हिसाबले तुलनात्मक रुपमा खर्चिलो हुन जान्छ । त्यस्ता प्रजातिहरुलाई लामो समयसम्म (५० वर्ष वा बढी) संरक्षण गरी राख्न बीउ संकलन गरी बीउ बैंङ्क (**Seed Bank**) मा भण्डार गर्न सकिन्छ । वनजन्य रुखबिरुवाका बीउ भण्डार गर्नका लागि नेपालमा हालसम्म हिमालयन बीउ बैंक (**Himalayan Seed Bank**) को नामले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (**NAST**), खुमलटार, ललितपुरमा केही वर्ष देखि संचालनमा रहेको छ भने वनस्पति विभाग मार्फत गोदावरीमा समेत गत आ.व. देखि बीउ बैंक स्थापना भई संचालन भईसकेको छ ।

दुर्लभ/लोपोन्मुख रुख प्रजाति पहिचान गरी बीउ संकलन गरेर तिनको दिर्घकालीन आनुवाशिंक संरक्षण गर्ने उद्देश्यले लामो समयसम्म भण्डार गर्न सकिने (अर्थोडक्स) प्रजाति पहिचान गरी बैउ बैंकमा भण्डारण गर्ने प्रयोजनका लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ । यस कार्यक्रमका लागि रु. ३००,०००। विनियोजन भएको छ ।

**जनशक्ति तथा बजेट व्यवस्थापन**

यो कार्य विभागमा उपलब्ध प्राविधिक कर्मचारीहरुको सहभागितामा सम्बन्धित डिभिजन वन कार्यालयहरुको समेत सहयोग लिई संचालन गरिनेछ । विभिन्न जिल्लामा भ्रमण गरी ३ वटा दुर्लभ/लोपोन्मुख प्रजाति तथा तिनका उपयुक्त माउ रुख पहिचान गर्ने, ती रुखहरुको **GPS Location**, सम्पूर्ण आयामको नाप सहितको बिस्तृत विवरण अद्यावधिक गर्ने, बीउ संकलन तथा प्रशोधन गरी बीउ बैंकमा भण्डार गर्ने कार्यका लागि उक्त रकम खर्च गरिनेछ ।

**उपलब्धिहरु**

[illegible] लोपोन्मुख वा संकटापन्न अवस्थाका अर्थोडक्स प्रजातिहरुको परस्थानीय संरक्षणको भरपर्दो विकल्पको रुपमा रहेको यस कार्यक्रमबाट ५० वर्ष वा सो भन्दा बढी समय सम्म ती प्रजातिको बीउको उमार शक्तिको अलावा अनुवाशिंक गुणहरु समेत सुरक्षित राख्न सकिने एक दुरगामी प्रभावयुक्त कार्यक्रम रहेको हुँदा भबिष्यमा कुनै पनि बेला ती प्रजातिहरुको उपयोग गर्न र तिनको आनुवाशिंक गुण एवं बीउ सम्बन्धी थप अध्ययन अनुसन्धान गर्न समेत टेवा पुग्नेछ ।

## ४.२४ नर्सरी संरचना मर्मत व्यवस्थापन तथा हेरचाह

विगत वर्षहरुमा यस विभाग मार्फत संचालन भई आएको केन्द्रिय स्तरको नर्सरीको स्तरन्नोती, आवश्यक मर्मत तथा सरसफाई एवं नियमित रुपमा हेरचाह गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको छ । नर्सरी हाता भित्र आवश्यक सरसफाई बिरुवा बीउ उमार्न र थैला राख्नका लागि आवश्यक पर्ने बेडहरुको तयारी तथा मर्मत, ग्रिन हाउस/सेड हाउस निर्माण तथा र्ममत, नर्सरी हाता वरपरको बारबन्देज निर्माण तथा मर्मत, माटो बालुवा वा अन्य नर्सरी सामाग्री भण्डारका लागि आवश्यक घर टहरा निर्माण तथा मर्मत लगायतका भौतिक संरचना निर्माण तथा मर्मतको अलावा विद्युत, सिंचाई, कम्पोष्टिंग, होर्डिङ्गबोर्ड, नर्सरीको दैनिक हेरचाह तथा सुरक्षा व्यवस्था आदी कार्यहरु संचालन गर्नका लागि यसमा बिनियोजित रकम खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमलाई सम्पन्न गर्नका लागि वन तथा भू-संरक्षण विभागमा रहेको जनशक्ति परिचालन गरी कार्य संचालन गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

नेपाल सरकारको प्रचलित ऐन, नियमको परिधिभित्र रही विभागको प्रत्यक्ष निगरानीमा कार्यक्रम संचालन गरिनेछ ।

- स्विकृत नर्मस, प्रचलित जिल्ला दररेट बमोजिमको लागत अनुमान तयारी तथा स्वीकृती
- नर्सरी संरचनाहरुको मर्मत, व्यवस्थापन तथा हेरचाह
- कार्य सम्पन्न प्रतिवेदन तयारी

**अपेक्षित उपलब्धि**

यस कार्यबाट विद्यमान स्थायी नर्सरीको पूर्वाधार अद्यावधिक भई विभिन्न प्रकारका प्रजातिका बिरुवाहरु उत्पादन तथा वितरण गर्नका लागि सहज हुनेछ ।

### विरुवा उत्पादन शहरी सौन्दर्य प्रजाति सहित

मझौला आकारका, सदाबहार एवं शहरी सौन्दर्य बढाउने प्रजातिको अलावा लोपोन्मुख भइ संरक्षणका लागि आवश्यक भएका तथा स्थानीय समुदायको चाहना समेतलाई मध्यनजर गरी विविध प्रजातिका बहुवर्षिय बिरुवाहरु उत्पादन गर्ने उद्देश्यल यो कार्यक्रम प्रस्ताव गरिएको छ । यस अन्तर्गत प्रजाति छनौट, विभिन्न प्रजातिका बीउ संकलन एंव खरीद, बिरुवा उत्पादन, बिरुवा उत्पादन, आवश्यक नर्सरी सामाग्री खरदि, बीउ ब्याड तथा पोलीथिन ब्याड व्यवस्थापन, आवश्यक ज्यामी तथा अन्य जनशक्ति परिचालनको कार्य आदी संचालन गरिनेछ । बहुवर्षिय बिरुवा उत्पादन हुने भएकाले प्रजाति अनुसारका ठूला साईजका पोलीब्याग प्रयोग गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

बिरुवा उत्पादन कार्य प्राविधिक विषय भएकोले नेपाल सरकारको प्रचलित ऐन, नियमको परिधिभित्र रही यस विभाग अन्तर्गत वन सम्वर्धन शाखाबाट प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा कार्यक्रम संचालन गरिनेछ।

### कार्यान्वयन प्रक्रिया

- स्विकृत नर्मस, प्रचलित जिल्ला दररेट बमोजिमको लागत अनुमान तयारी तथा स्वीकृती
- बिरुवा उत्पादन तथा व्यवस्थापन कार्य
- कार्य सम्पन्न प्रतिवेदन तयारी

### अपेक्षित उपलब्धि

लक्षित प्रजातिका बिरुवाको परिमाण तथा गुणात्मकता कायम गर्दै विभिन्न प्रजातिका बिरुवा उत्पादन भई समुदायमा वितरण तथा रोपण हुनेछन् जसबाट हरियाली तथा वातावरणीय स्वच्छता कायम हुनमा मद्दत पुग्न जानेछ ।

## ४.२६ अगरउडको इनोकुलेसन प्रविधि विस्तार

अगरउड व्यवसायिक सुगन्धित तेल उत्पादनका लागि निजी जग्गामा बृक्षारोपणका लागि आकर्षक आयातित प्रजातिको रुपमा देखा परेको छ । अगरउडबाट सुगन्धित तेल प्राप्त गर्न सकिने गरी अगरउडको बृक्षारोपणलाई विकसित गर्न प्राकृतिक रुपमा लामो समय लाग्ने भएकाले छिटो र सहज रुपमा व्यवसायिक सुगन्धित तेल उत्पादन योग्य बृक्ष वनाउन कृत्रिम रुपमा इनोकुलेसन प्रविधिवाट रुखमा पहिचान गरिएका फंगसहरुको प्रसारण गर्ने कार्य गरिनेछ । यो प्रविधि सम्बन्धी ज्ञान भएका विज्ञहरुबाट सरकारी वन क्षेत्रमा/निजी हुर्काइएका अगरउडको इनोकुलेसनका लागि उपयुक्त क्षेत्र

गरी प्रविधि विस्तार गरिनेछ । निजी जग्गामा अगरउडको बृक्षारोपण गरेका कृषकसँग संझौता ...जहरुको बृक्षारोपणमा इनोकुलेसन प्रविधिको विस्तार गरिनेछ । यस प्रकृयामा सम्वन्धित डिभिजन वन कार्यालय र वन तथा भू-संरक्षण विभागमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई अगरउडको इनोकुलेसन प्रविधि विस्तारको स्थलगत तालिम समेत उपलब्ध गराइनेछ । यस कार्यको लागि विनियोजित बजेटवाट फंगस खरिद, खरिद गरिएका फंगस  भण्डारणका लागि आवश्यक उपकरण र सो संचालन खर्च, अगरउडको **Inventory** तथा छनौट गरिएको क्षेत्रमा इनोकुलेसन विस्तार, दैनिक भ्रमण खर्च, सवारी खर्च, इन्धन, समुहगत छलफल, अन्तरक्रिया, प्रशिक्षण र प्रतिवेदन तयार आदिमा बजेट खर्च गर्न सकिनेछ । यस सम्वन्धी अवधारणा पत्र, कार्य विवरण र लागत अनुमान स्वीकृत गराइ कार्यक्रम कार्यान्वयन गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

हाल नेपालमा यस सम्बन्धी प्रविधिका विज्ञ उपलब्ध नभएकाले विदेशी विज्ञ मार्फत इनोकुलेसन सेवा उपलब्ध गराइने छ | विभागको सम्बन्धित शाखाका कर्मचारी, विभागकै प्रयोगशालाका प्राविधिकबाट प्रदेश मन्त्रालय र डिभिजन वन कार्यालयहरु, निजी क्षेत्र, साथै परामर्श सेवा प्रदायक मार्फत विषय विज्ञको सेवा समेत खरिद गरी यो कार्य संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

अगरउड खेतीमा संलग्न किसानहरुको पहिचान तथा इनोकुलेसन कार्यका लागि आवश्यक प्रविधिको ज्ञान आर्जन तथा विस्तार हुने ।

### ४.२७ अगरउड डेमोप्लट तथा बृक्षारोपण क्षेत्रको संरक्षण, मर्मत संभार तथा अनुगमन

आ.व. ०७७/७८ मा दुई ठाउँमा वृक्षारोपण र दुई ठाउँमा डेमोप्लट निर्माण गरिएको थियो । यस कार्यक्रममा गत आ.व. मा बनाइएका बनाइएका डेमोप्लट तथा वृक्षारोपण क्षेत्रहरुको नियमित अनुगमन रेखदेख तथा मर्मत संभार गरिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा अगर उडको इनोकुलेशन प्रविधि विस्तार गर्ने कार्यको परिपुरक कार्यक्रमको रुपमा कार्यानवयन गरिने छ । यसका लागि कार्य विवरण र लागत अनुमान स्वीकृत गरि कार्यक्रम कार्यान्वयन गरिने छ । यस कार्यको लागि विनियोजित बजेट वाट वृक्षारोपण क्षेत्रमा तारवार तथा मर्मत, डेमोप्लटको तारवार मर्मत, रुखहरुको तथ्यांक अपडेट लगायत दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन, आवास खर्च, खाजा, समुहगत छलफल, अन्तरक्रिया र प्रतिवेदन तयार आदिमा बजेट खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

त शाखाले आफ्नो शाखामा उपलब्ध जनशक्ति र परामर्श सेवा प्रदायक मार्फत विज्ञको सेवा
ा लिई आवश्यक जनशक्तिको ब्यवस्थापन गरिने छ ।

**उपलब्धि**

- अगरउडको डेमोप्लट ब्यवस्थित हुने ।
- अगरउडको वृक्षारोपण क्षेत्र ब्यवस्थित तथा संरक्षित हुने ।

## ४.२८ साइटिस सूचिकृत कानूनको अभिमुखीकरण

चार वटा प्रदेशमा साइटिस सूचिकृत कानूनको अभिमुखीकरण गोष्ठी सन्चालन गरिनेछ । यसमा विनियोजित बजेट भ्रमण खर्च, इन्धन, यातायात, गोष्ठी कार्यक्रम संचालनसंग सम्बन्धित शिर्षकमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागले सम्बन्धित शाखाका कर्मचारीबाट वा प्रदेश मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र डिभिजन वन कार्यालयहरु एवं विषय विज्ञहरुको सहयोग समेत लिइ यो कार्य संचालन गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

साइटिस सूचिकृत कानूनको बारेमा प्रदेशका सरोकारवालाहरुलाई जानकारी हुने।

## ४.२९ साइटिस सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा बितरण

साइटिस सम्वन्धि जानकारी तथा नियम कानुनको सामाग्री उत्पादन गरी बितरण गरिनेछ । यसमा विनियोजित बजेट साइटिस सम्बन्धी प्रचार प्रसार सामाग्री तयारी, छपाइ, उत्पादन र वितरण कार्यका साथै यसैसंग सम्बन्धित रहेर गरिने भ्रमण खर्च, इन्धन, यातायातमा समेत खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभाग अन्तर्गका कर्मचारीबाट यो कार्य संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धी**

साइटिस सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा बितरण भइ जानकारी प्रचार प्रसार हुने ।

## ४.३० साइटिस प्रतिवेदन तयारी

साइटिस महासन्धी अन्तर्गत नेपालमा वनस्पति तर्फ व्यवस्थापन निकायको रुपमा वन तथा भू-संरक्षण विभाग रहेकोले वनस्पति सम्बन्धी साइटिस सचिवालयमा पेश गर्नुपर्ने प्रतिवेदन तथा अन्य आवश्यक प्रतिवेदनहरु तयार गर्नका लागि यो कार्यक्रम तय गरिएको छ । यसमा विनियोजित बजेट यो कार्य गर्दा लाग्ने स्थलगत भ्रमण, बैठक भत्ता, अन्तरक्रिया खर्च, प्रतिवेदन तयारी र परामर्श सेवा प्रदायक मार्फत विषय विज्ञको सेवा समेत खरिद गरी यो कार्य संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागले आफू अन्तर्गतका कर्मचारीहरु परिचालन गरी तथ्यांक संकलन तथा प्रतिवेदन तयार गर्न सक्नेछ । सो कार्यका लागि विषय विज्ञहरुसंग समन्वय गरी राय सुझाव लिन सकिनेछ ।

**अपेक्षित उपलब्धि**

वार्षिक रुपमा साइटिस सचिवालयमा पठाउनु पर्ने प्रतिवेदन समयमा नै तयार भएको हुनेछ ।

## ४.३१ नेपालमा पाइने तथा रोपण भैसकेका अगरउडको अभिलेखिकरण गर्ने

नेपालमा धेरै पहिले देखि नीजि क्षेत्रमा अगरउडको वृक्षारोपण गरी रुखहरु हुर्काउँदै आएका छन । नेपालको कुन कुन क्षेत्रमा के कति अगरउडको रुख विरुवा लगाइएका छन भन्ने विवरण हालसम्म आधिकारीक रुपमा नभएकोले यस कार्यक्रमबाट विवरण लिइने छ । यसमा विनियोजित बजेट उक्त कार्य गर्दा लाग्ने स्थलगत भ्रमण, बैठक भत्ता, अन्तरक्रिया खर्च, प्रतिवेदन तयारी र परामर्श सेवा प्रदायक मार्फत विषय विज्ञको सेवा समेत खरिद गरी यो कार्य संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागले आफू अन्तर्गतका कर्मचारीहरु परिचालन गरी तथ्यांक संकलन तथा प्रतिवेदन तयार गर्न सक्नेछ । सो कार्यका लागि विषय विज्ञहरुसंग समन्वय गरी राय सुझाव लिन सकिनेछ ।

**अपेक्षित उपलब्धि**

नेपालका कुन कुन ठाउँमा के कति अगरउडका रुख विरुवा रोपण भएका छन तीनको विववरण तयार भएको हुनेछ ।

## ४.३२ साइटिस जन्य वन पैदावार प्रशोधन उद्योगको अनुगमन

यस विभागबाट साइटिस जन्य वन पैदावारको संकलन तथा ओसारपसार अनुमति लिइ प्रशोधन गर्न उद्योग सम्म लैजाने गरेका छन । यस्ता उद्योगको अनुगमन गरी के कसरी प्रशोधन गर्ने गरिएको रहेछ विवरण लिइने छ । यसमा विनियोजित बजेट उक्त कार्य गर्दा लाग्ने स्थलगत भ्रमण, बैठक भत्ता, अन्तरक्रिया खर्च, प्रतिवेदन तयारी मा खर्च गरी यो कार्य संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागले आफू अन्तर्गतका कर्मचारीहरु परिचालन गरी तथ्यांक संकलन तथा प्रतिवेदन तयार गर्न सक्नेछ । सो कार्यका लागि विषय विज्ञहरुसंग समन्वय गरी राय सुझाव लिन सकिनेछ ।

उपलब्धि

...ा कुन कुन ठाउँमा के कति साइटिस जन्य वन पैदावारको प्रशोधन उद्योग छन तीनको विववरण तयार भएको हुनेछ ।

### ४.३३ संकलन ओसार पसार तथा घाटगद्दी अनुगमन

यस विभागबाट साइटिस जन्य वन पैदावारको संकलन तथा ओसारपसार अनुमति दिने गरीएको छ । यसरी संकलन अनूमति लिइ घाटगद्दीमा राखिएको वन पैदावारके समय समयमा अनुगमन गरी विवरण लिइने छ । यसमा विनियोजित बजेट उक्त कार्य गर्दा लाग्ने स्थलगत भ्रमण, सवारी साधन, इन्धन, बैठक भत्ता, अन्तरक्रिया खर्च, प्रतिवेदन तयारी मा खर्च गरी यो कार्य संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागले आफू अन्तर्गतका कर्मचारीहरु परिचालन गरी अनुगमन तथा प्रतिवेदन तयार गर्न सक्नेछ । सो कार्यका लागि विषय विज्ञहरुसंग समन्वय गरी राय सुझाव लिन सकिनेछ ।

**अपेक्षित उपलब्धि**

समय समयमा हुने अनुगमनले घाटगद्दी स्थलमा हुनसक्ने अनियमितता नियन्त्रण भएको हुनेछ ।

### ४.३४ IEE/EIA क्षेत्रको अनुगमन

यस विभागबाट समय समयमा विभिन्न संघ संस्थालाइ IEE/EIA सहमति तथा सुझावहरु दिने गरीएको छ । त्यस्ता IEE/EIA प्रतिवेदनको कार्यान्वयनको अवस्था बुझ्न अनुगमन गरीने छ । यसमा विनियोजित बजेट उक्त कार्य गर्दा लाग्ने अनुगमन खाका तर्जुमा, स्थलगत भ्रमण, सवारी साधन, इन्धन, बैठक भत्ता, अन्तरक्रिया खर्च, प्रतिवेदन तयारी मा खर्च गरी यो कार्य संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागले आफू अन्तर्गतका कर्मचारीहरु परिचालन गरी अनुगमन तथा प्रतिवेदन तयार गर्न सक्नेछ । सो कार्यका लागि विषय विज्ञहरुसंग समन्वय गरी राय सुझाव लिन सकिनेछ ।

**अपेक्षित उपलब्धि**

समय समयमा हुने अनुगमनले IEE/EIA कार्यान्वयनको अवस्था बुझ्न सकिने छ ।

### ४.३५ शहरी वन विकास (बिरुवा उत्पादन/खरिद, बृक्षारोपण, संरक्षण)

नेपाल सरकारले आ.व. २०७६/०७७ लाई राष्ट्रिय बृक्षारोपण वर्ष अभियानको रुपमा संचालन गरेको सन्दर्भमा काठमाण्डौ उपत्यकाका विभिन्न क्षेत्र तथा सडक किनारामा बहुबर्षिय बिरुवा रोपण गरी त्यसको नियमित रेखदेख र संरक्षण कार्य हुंदै आएको छ । सोही कार्यक्रमको निरन्तरताको रुपमा

...ा.व. मा पनि शहरी क्षेत्रहरुका सार्वजनिक खाली जग्गा, सडक किनारा, खोला किनारा, नदी ... जग्गा, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको कम्पाउण्ड परिसरमा बहुबर्षिय बिरुवा रोपण गरी हुर्काउने साथसाथै सार्वजनिक उद्यानहरुको निर्माण एवं विकास गरी शहरी क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने एवं स्वच्छ वातावरण निर्माणमा टेवा पुर्याउने मूल उद्देश्यका साथ शहरी वन विकास कार्यक्रम तर्जुमा गरिएको छ । यस अन्तरगत निम्न क्रियाकलापहरु गर्न सकिनेछ ।

- बहुबर्षे वन प्रजाति, सौन्दर्य प्रजातिका बिरुवा, फलफूल प्रजातिका बिरुवा खरिद तथा रोपण, पुनरोपण
- सार्वजनिक उद्यान निर्माणका लागि वानस्पतिक तथा संरचनात्मक कार्यहरु,
- रोपण गरिएको बिरुवाको संरक्षणका लागि ट्रिगार्ड, गोडमेल, सिंचाइको व्यवस्था,
- नियमित रेखदेख, संरक्षण र सरसफाइका लागि जनशक्ति व्यवस्थापन,
- शहरी वन विकास सम्वन्धी वृत्त चित्र निर्माण,

**कार्यान्वयन प्रक्रिया**

- सम्भाव्य स्थल पहिचान, छनौट, र सर्भे
- सरोकारवालाहरुसंग अन्तरक्रिया र छलफल
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
- कार्यान्वयन (सम्बन्धित सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक मार्फत)
- पूर्वाधार निर्माण, वृक्षारोपण कार्य सम्पन्न
- नियमित अनुगत र प्रतिवेदन तयारी
- नियमित रेखदेख, संरक्षण, सञ्चालन तथा मर्मत सम्भार

**जनशक्ति व्यवस्थापन**

सम्बन्धित महाशाखा शाखाहरुमा उपलब्ध जनशक्तिबाट आवश्यकतानुसार सेवा प्रदायकहरुको सेवा समेत खरिद गरी कार्य सम्पन्न गरिनेछ ।

**अपेक्षित उपलब्धिः** उपयोगमा नरहेको जग्गाको सदुपयोग भई हरियाली प्रवर्द्धन हुने साथसाथै स्थानीय स्तरमा रोजगारीको सम्भावना समेत अभिवृद्धि हुने ।

### स्थानीय तहहरुसंगको साझेदारीमा शहरी वन विकास कार्यक्रम

प्राकृतिक वन क्षेत्र ज्यादै न्यून रही हरियाली कम भएका तथा जनसंख्या बृद्धि दर उच्च रहेका स्थानीय तहहरु (नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका) मा वन र वातावरण संरक्षणमा सहयोग पुर्याउने गरी शहरी क्षेत्रमा हरियाली प्रवर्द्धन तथा रमणीय वातावरण विकास गर्नका लागि स्वीकृत बार्षिक कार्यक्रम बमोजिम स्थानीय तहसंगको स्रोत साझेदारीमा शहरी वन विकास कार्यक्रम (बृक्षारोपण र विभिन्न प्रकारका उद्यान निर्माण) संचालन गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहनेछ । स्थानीय तहहरुसंगको स्रोत साझेदारीको विधि प्रक्रियालाई व्यवस्थित गर्दै कार्यक्रमलाई प्रभावकारी, परिणाममुखी बनाउन तथा कार्यान्वयनमा एकरुपता ल्याउन **"स्थानीय तहहरुसंगको साझेदारीमा शहरी वन विकास कार्यक्रम संचालन कार्यविधि-२०७७"** तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराइ कार्यक्रम संचालनको व्यवस्था मिलाइएको हुनाले यस शिर्षक अन्तर्गत संचालन हुने क्रियाकलापहरु र खर्चको मापदण्ड र विधि सोही कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

### ४.३७ भोगाधिकार दिएको वन क्षेत्रको डिजिटाइजेसन तथा क्षतिपुरक वृक्षारोपण क्षेत्र पहिचान

२०४२ साल देखि आ.व. २०७७/७८ को अन्त सम्म नेपाल भर ५५१ वटा आयोजना वा प्रस्तावकलाई २०१२५ हेक्टर वन क्षेत्र “वन क्षेत्र बाहेकको अन्य बिभिन्न प्राथमिकता प्राप्त आयोजना वा प्रतावाकलाई प्रयोजनको लागि भोगाधिकार” दिइएको छ | भोगाधिकार दिइएको वन क्षेत्र मध्ये कतिपय वन क्षेत्रको **GPS** तथ्यांक समेत विभागको अभिलेखमा छैन | **GPS** तथ्यांक सहितको नक्शा नभएका भोगाधिकार दिइएको वन क्षेत्र तथा क्षतिपुरक बृक्षारोपण क्षेत्रको स्थलगत GPS तथ्यांक संकलन गर्ने र **GPS** तथ्यांक उपलब्ध भएका भोगाधिकार दिइएको वन क्षेत्रको **GIS** मा तथ्यांक अद्यावाधी गरी नक्शा तयार गरिने छ |

विनियोजित रकम स्थलगत रुपमा भोगाधिकार दिइएको वन क्षेत्र तथा क्षतिपुरक बृक्षारोपन क्षेत्रको **GPS** तथ्यांक संकलन लागि दैनिक भ्रमण खर्च, यातायात खर्च, **GPS** तथ्यांक उपलब्ध भोगाधिकार दिइएको वन क्षेत्र तथा क्षतिपुरक बृक्षारोपन क्षेत्रको डिजिटाइजेसनका लागि आवश्यक सामग्री खरिद लगायतका बिभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गरिने छ ।

**जनशक्ति व्यवस्थापन**

विभागले आफू मातहतका कर्मचारी वा बिभिन्न डिभिजन वन कार्यालयका सहयोगमा यस कार्यक्रम सम्पन्न गर्नेछ ।

**उपलब्धि**

- भोगाधिकार दिइएको वन क्षेत्र तथा क्षतिपुरक बृक्षारोपण क्षेत्र नक्शा सहित तथ्यांक अद्यावाधी हुने ।

## ४.३८ वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि भोगाधिकार दिएको आयोजनाहरुको अनुगमन र प्रतिवेदन तयार

अन्य प्रयोजनका लागि भोगाधिकार दिइएको वन क्षेत्र नेपालमा करीब २०,१२५ हेक्टर भन्दा बढी रहेको छ । यस विभागबाट विभिन्न मितिमा नेपाल सरकार मन्त्रीपरिषदको निर्णय बमोजिम विभिन्न आयोजनाहरुले भोगाधिकार लिई वन क्षेत्रको प्रयोग गरिरहेका छन् । यसरी विभिन्न आयोजनाहरुले अन्य प्रयोजनका लागि लिइएको वन क्षेत्रको जग्गा प्राप्त गर्दा नेपाल सरकार (म.पं.) को निर्णय बमोजिम यस विभाग र आयोजना बीच सम्झौता गरिने गरेको र सम्झौता बमोजिमको कार्यान्वयन अवस्थाका सम्बन्धमा अनुगमन गरी अद्यावधिक गर्न वाञ्छनिय रहेको । अन्य प्रयोजनमा गएका उक्त वन क्षेत्रहरुको सम्झौता बमोजिमको कार्यन्वयन भए नभएको वर्तमान अवस्थाको बारेमा जानकारी लिनका लागि समय समयमा अनुगमन तथा मूल्यांकन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । विनियोजित बजेट स्थलगत भ्रमण, यातायात खर्च, अन्तरकृया-गोष्ठी, प्रतिवेदन, अनुगमनका लागि चाहिने समाग्री (जिपिएस आदी) तयारी आदि कार्यमा खर्च गर्न सकिनेछ । अनुगमन तथा मूल्यांकनबाट प्राप्त नतिजाहरु संलग्न गरी आयोजना अनुसारको प्रतिवेदन तयारी गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

वन तथा भू-संरक्षण विभागले वन संरक्षण शाखाको प्रतिनिधि समेतको अनुगमन टोली खटाई डिभिजन वन कार्यालयसँग समन्वय गरी यो कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**अपेक्षित उपलब्धि**

- अन्य प्रयोजनका लागि उपलब्ध गराइएका २० वटा वन क्षेत्रहरुको सम्झौता कार्यान्वयनको अवस्थाको विवरण प्राप्त भई अनुगमन तथा मूल्यांकनबाट प्राप्त नतिजा कार्यान्वयन हुने ।
- अन्य प्रयोजनका लागि उपलब्ध गराइएका २० वटा र अन्य वन क्षेत्रहरुको सम्झौता कार्यान्वयनको अवस्थाको विवरण सहितको पुस्तिका तयार हुने ।

# परिच्छेद ५. जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम

## खण्ड १ः जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा  अन्तर्गत शाखाहरु तर्फ

### ५.१ ताल क्षेत्रमा हुने थिग्रीकरण मापनका लागि आवश्यक उपकरण खरीद

विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका तालतलैयामा बर्षेनी हुने पहिरो तथा भू स्खलनको कारण ठुलो मात्रामा हुने थिग्रिकरण मापन गर्न आवश्यक देखिएकाले यो कार्यक्रमलाई प्रभावकारी र बैज्ञानिक बनाउनकालागि आवश्यक उपकरण खरिद गर्न आवश्यक देखिन्छ। कर्मक्रममा विनियोजित बजेट खर्च गर्ने क्रममा प्रचलित कानुनको पुर्ण पालना गरिनेछ । यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ ।

- आवश्यक पर्ने यन्त्र, उपकरण, डाटा तथा आवश्यकता अनुसार अन्य वस्तुहरुको खरिद
- यन्त्र/उपकरणहरुको प्रयोग तथा संचालन सम्बन्धि अभिमुखीकरण तालिम

**कार्यान्वयन प्रक्रिया**

- आवश्यक पर्ने यन्त्र/उपकरणहरुको पहिचान,
- बस्तु स्थितिको विश्लेषणः मौज्दात रहेको समानहरुको एकिन,
- कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयारी
- आवश्यक पर्ने यन्त्र, उपकरण, डाटा तथा आवश्यक्तानुसार अन्य वस्तुहरुको खरिद (प्रचलित नियम/ कानुन अनुसार)
- यन्त्र/उपकरणहरुको प्रयोग तथा संचालन सम्बन्धि अभिमुखीकरण तालिम (मातहतका निकाय सहितको)
- यन्त्र/उपकरणहरुको कार्यान्वयन तहमा उपयोग

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम संचालनका लागि विभागमा मौज्दात भएको जनसक्तिले, भए जिल्ला दर रेट नभएबजार , भाउलाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने छ ।

**अपेक्षित उपलब्धिहरु**

- नयाँ प्रविधियुक्त सामाग्रीहरु खरीद अनि उपलब्ध भई अध्ययन अनुसन्धानलाई अझ प्रभावकारी बनाउन मद्दत पुग्ने ।
- कार्यालयको श्रोतसाधनमा बढोत्तरी हुने ।

## लीय पुनर्भरण क्रियाकलाप प्रदर्शन स्थल निर्माण

जलवायु परिवर्तन लगायत अन्य विभिन्न क्रियाकलापले गर्दा पानीका मुहानहरु सुक्दै गएको परिवेशमा विगतका केहि वर्षमा यस विभागको वार्षिक कार्यक्रम अन्तर्गत कृत्रिम जलभरण सम्बन्धि अध्ययन तथा अनुसन्धान कार्य भएको छ। सो अध्ययनबाट प्राप्त जानकारी तथा परिणाम अनुरुप यस कार्यक्रममा विभिन्न प्रविधि तथा उपायको प्रयोग गरी जलीय पुनर्भरणका अति सम्भावित स्थानहरुमा संरचना निर्माण तथा प्रविधिको प्रयोग गरि सो क्षेत्रमा रहेको पानीका श्रोतमा के कस्तो प्रवाभ पार्छ भनि हेर्नु नै यस कार्यक्रमको मुख्य उदेश्य रहेको छ। यस कार्यक्रम संचालन गर्न निश्चित क्षेत्रफलको स्थान छनौट गर्नु पर्नेछ। प्रचलित कानुन तथा नियमको पूर्ण अधिनमा रही यो कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ ।

- कृत्रिम जलभरणका लागि आवश्यक संरचना निर्माण, बायोइन्जिनियरिंग कार्य
- जलीय पुनर्भरण सम्बन्धि जनचेतनामुलक कार्यक्रम

**कार्यान्वयन प्रक्रिया**

- विगतका अध्ययन अनुसन्धानको आधारमा स्थान छनौट,
- बस्तु स्थितिको विश्लेषण :आवश्यक प्रविधि पहिचान, समुदायस्तरको क्षलफल,
- कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयारी,
- प्रचलित नियम/ कानुन अनुसार कार्यक्रम संचालनका लागि सम्झौता/ कार्य थालनी
- समुदायमा कृत्रिम जलभरण सम्बन्धि ज्ञान तथा सीप आदान प्रदान,
- यन्त्र/उपकरणहरुको कार्यान्वयन तहमा उपयोग

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

यस कार्यक्रम संचालनका लागि विभागमा मौज्दात भएको जनशक्तिले, भए जिल्ला दर रेट नभएबजार , भाउलाई आधार मानि तथा स्वीकृत नर्म्सको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने छ ।

**अपेक्षित उपलब्धिहरु**

- नयाँ प्रविधियुक्त क्रियाकलाप गर्न सकिने
- जलीय पुनर्भरण क्रियाकलाप प्रदर्शनी स्थल निर्माण हुने

## ख्खाग्रस्त जलाधार क्षेत्रमा एकीकृत पानी श्रोत व्यवस्थापन नमूना कार्यक्रम, दिक्तेल रुपाकोट, ोटांग

सुनकोशी/दुधकोशी जलाधार अन्तर्गत दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा पर्ने सुक्खाग्रस्त क्षेत्रमा रहेका विभिन्न पानी श्रोतहरु मध्ये कुनै दुई संबेदनशिल पानी श्रोत व्यवस्थापनका लागि यो कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ । प्रचलित कानुन तथा नियमको पूर्ण अधिनमा रही यस कार्यक्रम संचालन गरिनेछ। यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ ।

- पानी श्रोत व्यवस्थापन सम्बन्धि प्रविधिमुलक कार्य जस्तै आवश्यक संरचना निर्माण, बायोइन्जिनियरिंग कार्य
- पानी श्रोत संरक्षण तथा दिगो व्यवस्थापन सम्बन्धि जनचेतनामुलक कार्यक्रम

### कार्यान्वयन प्रक्रिया

- विगतका अध्ययन अनुसन्धान, क्षेत्रफल तथा सिकाईका आधारमा स्थान छनौट,
- बस्तु स्थितिको विश्लेषणः आवश्यक प्रविधि पहिचान, समुदायस्तरको क्षलफल,
- कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयारी,
- प्रचलित नियम/ कानुन अनुसार कार्यक्रम संचालनका लागि सम्झौता/ कार्य थालनी
- समुदायमा एकिकृत पानी श्रोत व्यवस्थापन सम्बन्धि ज्ञान तथा सीप आदान प्रदान,
- यन्त्र/उपकरणहरुको कार्यान्वयन तहमा उपयोग,

### जनशक्ति व्यवस्थापन

यस कार्यक्रम संचालनका लागि विभागमा मौज्दात भएको जनशक्तिले, भए जिल्ला दर रेट नभएबजार , भाउलाई आधार मानि तथा स्वीकृत नर्म्सको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने छ ।

## ५.४ सिमसार संरक्षण तथा व्यवस्थापन, जन जागृति सामुदायिक वन, चितवन

चितवन जिल्लामा अवस्थित जनजागृति सामुदायिक वन भित्रको सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय र सहकार्य गरी आवश्यक कृयाकलापहरु यस कार्यक्रम अन्तर्गत संचालन गरीने छ । सिमसारक्षेत्र तथा तालतलैया क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्दै जैविक विविधता संरक्षण मानवीय जिविकोपार्जनमा सुधारपानी , कृषि ,आपूर्ति तथा वन क्षेत्रको उत्पादकत्वमा बृद्धिपर्यापर्यटन प्रवर्द्धन यस कार्य ,क्रमको मुख्य उद्देश्य रहनेछ । सिमसार क्षेत्रको संरक्षण व्यवस्थापनको लागि आवश्यक सम्पूर्ण वानस्पतिक तथा

मक उपायहरु प्याकेजको रुपमा प्रयोग गरिनेछ । यस अन्तर्गत् निम्न क्रियाकलापहरु गर्न ... ।

- सिमसारको जलाधार क्षेत्रको सरसफाई, संरक्षण, व्यवस्थापन कार्य,
- भूमिगत जल पुनर्भरणका कार्यक्रमहरु संचालनका लागि ICIMOD Manual on Protocol for Reviving Springs in the Hindu Kush Himalaya लाई समेत आधार मानी आवश्यकता अनुसार लैंगिक तथा सामाजिक समावेशीकरणलाई केन्द्रबिन्दुमा राखि विभिन्न उपायहरु सञ्चालन गर्ने,
- पानी निकास व्यवस्थापनको लागि इनलेट आउटलेट निर्माण,
- भिरालो व्यवस्थापनका लागि समोच्च खाडल, बण्ड निर्माण,
- दह/ताल संरक्षण र थिग्रीकरण व्यवस्थापन कार्य,
- बायोइन्जिनियरिङ्ग संरचना निर्माण,
- वृक्षारोपण तथा फलफूल रोपण, सौन्दर्य वृक्षारोपण,
- घेराबेरा तथा तारबार
- भूस्खलन रोकथाम तटबन्ध निर्माण
- संयुक्त स्थलगत अनुगमन,
- अनुभव आदान प्रदान, अध्ययन अवलोकन

**कार्यान्वयन प्रक्रिया**

- स्थलगत भ्रमण तथा स्थल छनौट
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
- कार्य सम्पन्न

**अपेक्षित उपलब्धि**

सिमसारया क्षेत्रको संरक्षण व्यवस्थापनबाट वातावरणीय स्वच्छता कायम हुनुका साथै स्थानीय तालतलै/ समुदायको जीविकोपार्जनमा उल्लेख्य टेवा पुग्ने ।

**ष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका सिमसार क्षेत्र पहिचानका लागि अध्ययन, अनुसन्धान तथा सूचना ध्यावधिक**

हालसम्म पहिचान भइसकेका र केहि पहिचान हुन बाँकि राष्ट्रिय तथा अन्तरास्ट्रिय महत्वका सिमसार क्षेत्रहरुको तथ्यांङ्क संकलन गरि अध्यावधिक गर्नका लागि यो कार्यक्रम तय गरिएको हो। यसमा विनियोजित बजेट फिल्ड भिजीट, अध्ययन अनुसन्धान, अन्तरक्रिया, दैनीक भ्रमण भत्ता, इन्धन, खाजा, स्टेशनरी आदिमा खर्च गर्न सकिनेछ । यस कार्य संचालन गर्दा सेवा प्रदायकबाट परामर्श सेवा खरिद गरी यसमा विनियोजित बजेटको बढीमा ४ प्रतिशत रकम कार्यक्रम संचालनका लागि व्यवस्थापकीय कार्यमा खर्च गर्न सकिनेछ ।

- अध्ययन अनुसन्धान
- सरोकारवालाहरुसँग अन्तरक्रिया (तालिम/गोष्ठी)
- संरक्षण समिति सशक्तिकरण

**कार्यान्वयन प्रकृया**

- स्थल छनौट ( महत्व पहिचान गरी कुनै दुइ छुट्टा छुट्टै स्थान)
- बस्तु स्थितिको विश्लेषण :अध्ययन अनुसन्धान, अन्तरक्रिया
- कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयारी
- स्थलगत अनुगमन, सुचना/तथ्यांक संकलन ,रेखांकन, व्यवस्थापकीय चुनौती पहिचान ,
- सरोकारवाला निकयाहरु सम्बन्धित स्थानीय निकाय, संरक्षण समिति, आदि) संग समन्वय गरी ) तथ्य सूचना/तथ्यांक सहितको मस्यौदा प्रतिवेदन तयारी तथा पृष्ठपोषण
- अन्तिम प्रतिवेदन तयारी, सूचना आध्यावाधिक तथा प्रतिवेदन प्रकाशन

**जनशक्ति व्यवस्थापन**

विभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान, सीप तथा समयको कमी भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

**अपेक्षित उपलब्धी**

- राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका सिमसार क्षेत्र पहिचान भई सूचना अध्यावधिक हुने
- हाल सम्म पहिचान नभएका सिमसार क्षेत्रहरुको समेतको सूचना संकलन हुने

**रक्षित क्षेत्र भन्दा बाहिरका रामसार सुचीकृत सीमसार क्षेत्रहरुको पानीको गुणस्तर मापन गर्ने त्रिविवि वातावरण विज्ञान केन्द्रीय विभागसंगको सहकार्यमा)**

संरक्षित क्षेत्रभन्दा वाहिरका रामसारमा सुचिकृत सिमसारक्षेत्रहरुको पानीको गुणस्तर नियमित मापन भई तथ्यांङ्क संकलन गरि अध्यावधिक गर्नका लागि यो कार्यक्रम तय गरिएको हो । यसमा विनियोजित बजेट फिल्ड भिजीट, अध्ययन अनुसन्धान, पानीको नमुना संकलन तथा परीक्षण, अन्तरक्रिया, दैनीक भ्रमण भत्ता, इन्धन, खाजा, स्टेशनरी आदिमा खर्च गर्न सकिनेछ । यो कार्यक्रम संरक्षित क्षेत्र भन्दा वाहिरका चारवटा सिमसार क्षेत्रहरुमा संचालन गर्नु पर्नेछ । यस कार्यक्रम अन्तर्गत निम्न कृयाकलापहरु गर्न सकिने छ।

- सरोकारवालाहरुसँग अन्तरक्रिया
- रामसारमा सुचिकृत सिमसार क्षेत्रहरुको स्थलगत अवलोकन, पानिको नमुना संकलन, मापन तथा परीक्षण गर्ने कार्य

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट
- बस्तु स्थितिको विश्लेषण : अध्ययन अनुसन्धान, अन्तरक्रिया
- कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयारी
- त्रि.वि.वि. वातावरण विज्ञान केन्द्रीय विभागसंगको सहकार्यमा रामसारमा सुचिकृत सिमसार क्षेत्रहरुको स्थलगत अवलोकन, पानिको नमुना संकलन गरि मापन गर्ने कार्य
- ल्याव परिक्षण गरि आएको नतिजा विश्लेषण
- मस्यौदा प्रतिवेदन तयारी तथा पृष्ठपोषण
- अन्तिम प्रतिवेदन तयारी

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम संचालन गर्ने क्रममा त्रिविवि वातावरण विज्ञान केन्द्रीय विभागसंग प्राविधिक कार्य गर्न सम्झौता हुनेछ । विभागको सम्बन्धित शाखाको शाखा प्रमुख अथवा अधिकृत स्तरको कर्मचारीले उक्त कार्यको लागि आवश्यक समन्वय तथा सहकार्यको कार्य गर्नेछ ।

अपेक्षित उपलब्धी

रामसारमा सुचिकृत सिमसारहरुको पानीको गुणस्तर नियमित मापन भई तथ्याङ्क अध्यावधिक हुने ।

- रामसारमा सुचिकृत सिमसार क्षेत्रहरुको पानीको गुणस्तरको अवस्थावारे जानकारी हुने ।
- विगतको कार्यको निरन्तरता

## ५.७ सिमसार कार्यक्रम संचालन/व्यवस्थापन, अनुगमन प्रतिबेदन तयारी

रामसारमा सुचिकृत सिमसार क्षेत्र तथा राष्ट्रिय तथा अन्तरास्ट्रिय महत्वका सिमसार क्षेत्रको नियमित अनुगमन तथा निरिक्षण गर्नका निमित्त यो कार्यक्रम स्वीकृत भएको हो । यस कार्यक्रममा विनियोजित बजेट अनुगमन तथा भ्रमण खर्चमा खर्च गर्न सकिने छ यो कार्यक्रम अन्तर्गत निम्न कार्यहरु संचालन गर्न सकिने छ ।

- सरोकारवालाहरुसँग अन्तरक्रिया
- भ्रमण, अनुगमन तथा फिल्ड प्रतिवेदन तयारी
- सिमसार क्षेत्रको वस्तुस्थिति विश्लेषण तथा तथ्यांक अध्यावधिक

### कार्यान्वयन प्रक्रिया

- स्थल छनौट
- वस्तु स्थितिको विश्लेषण : अध्ययन अनुसन्धान, अन्तरक्रिया
- फिल्ड प्रतिवेदन तयारी

### अपेक्षित उपलब्धी

- रामसारमा सुचिकृत, राष्ट्रिय तथा अन्तरास्ट्रिय महत्वका सिमसार क्षेत्रहरुको नियमित अनुगमन हुने
- सिमसार क्षेत्रहरुको व्यवस्थापन तथा संरक्षणका त्रुटिहरु पहिचान हुने

## ५.८ आकस्मिक बाढी/पहिरो विपद व्यवस्थापन एकीकृत कार्यक्रम

### जनशक्ति ब्यबस्थापन तथा समय सिमा

यस बिभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अबस्थामा प्रचलित नियामानुसार कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

मासिक सम्ममा स्थान छनौट,बस्तुस्थितिको विश्लेषण, तथा ल इ सम्पन्न गरी दोश्रो , तेश्रो ,चौठो ... भित्र कार्यक्रम कार्यन्वयन गरी स्थानीय समुदायहरुलाई ब्यबस्थापनको जिम्मेबारी समेत दिने प्रयास गरिने छ ।

**अपेक्षित उपलब्धि**

पहिरोबाट हुन सक्ने सम्भावित जोखिम हरुको न्यूनीकरण गर्दै स्थानीय नागरिकको जिउ धनको सुरक्षामा टेवा पुग्नेछ ।

**कार्यान्वयन प्रक्रिया**

- सम्भावित क्षेत्रको अबलोकन भ्रमण गरी माग संकलन गर्ने ।
- प्राप्त मागहरुलाई प्राथमिकताको आधारमा screening गरी उपयुक्त स्थानको छनौट गर्ने ।
- सरोकारवाला उपभोक्ता समुहको गठन गरी, स्थानिय सरकारको सिफारिस सहित आयोजना मागको निर्णय गरा प्रतिलिपी सहितको निबेदन संकलन गर्ने ।
- सर्भे, डिजाइन तथा इस्टिमेट गर्ने ।
- कार्य्रक्रम कार्यन्वयनको लागि उपभोक्ता समूहसंग सम्झौता गर्ने ।

माथि उल्लेखित प्रक्रियाको अलावा फिल्ड स्तरमा निर्माण कार्य गर्नुपर्दा सार्बजनिक खरिद ऐन तथा नियमावलीले तोके बमोजिमको प्रक्रिया अबलम्बन गर्न पनि सकिनेछ ।

## ५.९ पहिरो नियन्त्रण कार्यक्रम

**जनशक्ति ब्यबस्थापन तथा समय सिमा**

यस बिभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अबस्थामा प्रचलित नियामानुसार सेवा प्रदायकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ । प्रथम त्रैमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण,बिस्तृत अध्ययन, सर्भे डिजाइन तथा ल. इ. सम्पन्न गरी दोश्रो र तेश्रो त्रैमासिक भित्र कार्यक्रम कार्यन्वयन गरी स्थानीय समुदायहरुलाई ब्यबस्थापनको जिम्मेबारी समेत दिने प्रयास गरिने छ यस बर्ष स्थान तोकी कार्यक्रम स्वीकृत भइ आएकोमा तत् तत् स्थानमा कार्यक्रम संचालन गरिने छ भने स्थान नतोकिएको हकमा कार्यक्रम कार्यन्वयन स्थल छनौट गर्दा कार्यक्रमको आबस्यकता, सम्बेदनसिलता तथा उपादायता आदिलाई स्थान छनौटको आधार बनाइने छ ।

**अपेक्षित उपलब्धि**

पहिरोबाट हुन सक्ने सम्भावित जोखिमहरुको न्यूनीकरण गर्दै जिउ धनको सुरक्षा गर्न टेवा पुग्नेछ ।

यन प्रक्रियाः

- सम्भावित क्षेत्रको अवलोकन भ्रमण गरी माग संकलन गर्ने ।
- प्राप्त मागहरुलाई प्राथमिकताको आधारमा screening गरी उपयुक्त स्थानको छनौट गर्ने ।
- पहिचान भएका जोखिम युक्त बस्तीहरुको बिस्तृत अध्ययन गरी ब्यबस्थापन योजना तयार गर्ने ।
- पहिचान भएका क्षेत्रका सरोकारवाला उपभोक्ता समुहको गठन गरी, स्थानिय सरकारको सिफारिस सहित आयोजना मागको निर्णय गरा प्रतिलिपी सहितको निबेदन संकलन गर्ने ।
- सर्भे, डिजाइन तथा इस्टिमेट गर्ने ।
- कार्य्रक्रम कार्यन्वयनको लागि उपभोक्ता समूहसंग सम्झौता गर्ने ।

माथि उल्लेखित प्रक्रियाको अलावा फिल्ड स्तरमा निर्माण कार्य गर्नुपर्दा सार्बजनिक खरिद ऐन तथा नियमावलीले तोकेबमोजिमको प्रक्रिया अबलम्बन गर्न पनि सकिनेछ ।

## ५.१० Impact study of watershed management projects on GESI

**जनशक्ति ब्यबस्थापन तथा समय सिमा**

यस बिभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अबस्थामा प्रचलित नियामानुसार सेवा प्रदायकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

**अपेक्षित उपलब्धि**

जलाधार ब्यबस्थापन परियोजना कार्यान्वयन भएको क्षेत्रमा **लैङ्गिक समानता तथा सामाजिक समबेसिकरण** बिषयमा पारेको प्रभावको अध्ययन प्रतिबेदन तयार हुनेछ ।

**कार्यान्वयन प्रक्रिया**

प्रचलित सार्बजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम सेवा प्रदायक मार्फत कार्यक्रम कार्यन्वयन गरिने छ ।

## ५.११ पहिरो सम्बन्धि समाचारहरुको संकलन/संग्रह तथा प्रतिबेदन तयारी

**जनशक्ति ब्यबस्थापन तथा समय सिमा**

यस बिभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गरी उनीहरुको ज्ञान तथा सिपको दक्षताको भरपुर सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

निरन्तर रुपमा बर्षा भरिमा प्रकाशन भएका समाचार संकलन गर्नुपर्ने भएकोले प्रथम त्रैमासिक कार्यक्रम शुरु गरि चौठो त्रैमासिक भित्र कार्य सम्पन्न  गरिने छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमको कार्यन्वयन भएपछी बर्षा भरि प्रकाशित मुख्य राष्ट्रियस्तरका अखवारहरुमा आएको पहिरो एवं भूस्खलन सम्बन्धि समाचारहरुको संग्रह तयार हुनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत TOR र ल.इ. बमोजिम सार्बजनिक खरिद ऐन तथा नियमावली अनुसार सुचिकृत सेवा प्रदायकबाट समेत कार्यक्रम कार्यन्वयन गर्न सकिने छ ।

## ५.१२ लैंगिक सशक्तिकरण गोष्ठि

जनशक्ति व्यवस्थापन तथा समय सिमा

यस बिभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अबस्थामा प्रचलित नियामानुसार सेवा प्रदाएकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ । प्रथम त्रैमासिक सम्ममा स्थान छनौट,बस्तुस्थितिको विश्लेष TOR तथा ल इ सम्पन्न गरी दोश्रो, तेश्रो चौठो त्रैमासिक भित्र कार्यक्रम कार्यन्वयन गरी स्थानीय समुदायहरुलाई ब्यबस्थापनको जिम्मेबारी समेत दिने प्रयास गरिने छ ।

अपेक्षित उपलब्धि

पहिचान भएका समुहहरुमा जलाधार ब्यबस्थापन सम्बन्धि लैंगिक स शक्तिकरण , जन चेतना तथा क्षमता समेत अभिबृध्दी हुनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- सम्भावित क्षेत्रको अबलोकन भ्रमण गरी समूह तथा आबस्यकता पहिचान गर्ने ।
- स्वीकृत TOR र ल.इ. बमोजिम सार्बजनिक खरिद ऐन तथा नियमावली अनुसार सुचिकृत सेवा प्रदायकबाट समेत कार्यक्रम कार्यन्वयन गर्न सकिने छ ।

## ५.१३ राष्ट्रिय स्तरका बृहत पहिरोहरुको सर्भेक्षण तथा अध्ययन तथा अभिलेखीकरण कार्य

**जनशक्ति ब्यबस्थापन तथा समय सिमा**

यस बिभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अबस्थामा प्रचलित नियामानुसार सेवा प्रदाएकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम

यन गर्न सकिने छ । प्रथम त्रैमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण TOR तथा ... सम्पन्न गरी दोश्रो , तेश्रो चौठो त्रैमासिक भित्र कार्यक्रम कार्यन्वयन गरी स्थानीय समुदायहरुलाई ब्यबस्थापनको जिम्मेबारी समेत दिने प्रयास गरिने छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यबाट राष्ट्रिय स्तरका बृहत पहिरो हरुको अध्ययन भई सो को अभिलेख तयार हुने ।

**कार्यान्वयन प्रक्रिया**

स्वीकृत TOR र लागत अनुमान बमोजिम सार्बजनिक खरिद ऐन तथा नियमावली अनुसार सुचिकृत सेवा प्रदायकबाट समेत कार्यक्रम कार्यन्वयन गर्न सकिने छ ।

## ५.१४ काठमाण्डौ उपत्यका भित्रका घनावस्ती क्षेत्रको जोखिमयुक्त पहिरो व्यवस्थापन

यस बिभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अबस्थामा प्रचलित नियामानुसार सेवा प्रदायकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ । प्रथम त्रैमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण TOR तथा ल. इ. सम्पन्न गरी दोश्रो , तेश्रो चौठो त्रैमासिक भित्र कार्यक्रम कार्यन्वयन गरी स्थानीय समुदायहरुलाई ब्यबस्थापनको जिम्मेबारी समेत दिने प्रयास गरिने छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यबाट राष्ट्रिय स्तरका बृहत पहिरोहरुको अध्ययन भई सो को अभिलेख तयार हुने ।

**कार्यान्वयन प्रक्रिया**

स्वीकृत TOR र लागत अनुमान बमोजिम सार्बजनिक खरिद ऐन तथा नियमावली अनुसार सुचिकृत सेवा प्रदायकबाट कार्यक्रम कार्यन्वयन गरिने छ ।

## ५.१५ धार्मिक पुरातात्विक महत्व स्थलको संरक्षण योजना तर्जुमा

प्रायजसो धर्म तथा संस्कृतिमा पानीलाई शुद्दिकरणको माध्यमको रुपमा प्रयोग गरिन्छ। कुनै जलश्रोत वा जलश्रोतको केहि अंशलाई धार्मिक मानेर पूजापाठ गर्ने चलन पनि प्राचिनकाल देखि चलिआएको छ । धेरै धर्मावलम्बीहरु केहि पबित्र नदि तथा तालतलैयामा धार्मिक स्नान गरे स्वर्ग जान पाउने विस्वास राख्छन् । महत्वपूर्ण पुरातातत्वीक, धार्मिक स्थल संग जलाधार क्षेत्रको गहिरो सम्बन्ध छ तसर्थ यस्ता पुरातातत्वीक, धार्मिक स्थलहरुको योजनाबध्द ढंगले संरक्षण तथा व्यस्थापन कार्यक्रम गर्दा जलाधार क्षेत्रको पनि संरक्षण हुन्छ।साथै गत आर्थिक वर्षमा पुरातात्विक, धार्मिक तथा साँस्कृतिक महत्व बोकेका जलाधार क्षेत्रको बिवरण प्रतिवेदन तयार गरिएकोमा सो प्रतिबेदनलाई समेत आधार मानेर यस वर्ष सो जलाधार क्षेत्रको पुरातात्विक, धार्मिक महत्व कायम गर्दै जलाधरिय स्वस्थतामा सहयोग समेत

रे के कस्तो संरक्षण तथा दिगो व्यस्थापनका क्रियाकलापहरु गर्न सकिन्छ सो का लागि बृहत तर्जुमा गर्नु यस कार्यक्रमको उदेश्य रहेको छ ।

**कार्यान्वयन प्रक्रिया**

- कार्यविवरणतयारि
- स्थान छनौट तथा लागत अनुमान तयार तथा स्वीकृत
- छनौट भएको क्षेत्रको स्थलगत भमण गरि आवस्यक तथ्यांक संकलन
- सरोकारवाला निकायहरु/विषय विज्ञहरु सँग छलफल/कार्यशाला
- मस्यौदा प्रस्तुति
- अन्तिम प्रतिबेदन स्वीकृत
- अन्तिम भुक्तानी

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

विभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

- पुरातात्विक, धार्मिक तथा साँस्कृतिक महत्व बोकेको जलाधार क्षेत्रको पहिचान, हालको अवस्थाको अध्ययन र दास्तावेजिकरण (**Documentation**) सहितको आवश्यक व्यस्थापन योजना तयार
- भविष्यमा सो क्षेत्रको संरक्षण र व्यस्थापन कार्य अगाडी बढाउनका लागि मार्गदर्शन

## ५.१६ पानी श्रोत सर्वेक्षण एकीकृत योजना निर्माण र कार्यान्वयन

देशभर विगतमा प्रशस्त पानी बग्ने पानीका श्रोत/मूहानहरु विभिन्न कारणहरुले गर्दा हाल नांसिदै गएको वा लोप हुन गइरहेको अवस्था छ । तर विगतमा कति संख्यामा यस्ता पानी श्रोत/मूहान थिए र हाल कति संख्यामा रहेका छन् भन्ने बारेमा यथार्थ लेखाजोखा राखेको पाइंदैन । कुनै पनि क्षेत्रमा पानी श्रोत/मूहानको अवस्था बारेमा संख्यात्मक र गुणात्मक जानकारी राख्न सके पानीको नियमित आपूर्तीका लागि संरक्षण योजना तयारी देखि नीति निर्माणमा समेत योगदान गर्न सकिनेछ ।यसका लागि पानी

र्वेक्षण एकीकृत योजना तयार गरी नमूनाको रूपमा योजना अनुसार पानी श्रोतको संरक्षण कार्य र्नु यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ ।

**कार्यान्वयन प्रकृया**

- अवधारणा पत्र सहितको कार्यविवरण तयारी
- स्थान छनौट, लागत अनुमान तयारी तथा स्वीकृत
- **Google Earth, Air Photo** आदिको माध्यमबाट छनौट भएको स्थानको प्रारम्भिक सूचना संकलन,
- छनौट भएको क्षेत्रको स्थलगत भ्रमण गरी आवश्यक तथ्यांक संकलन,
- सरोकारवाला निकायहरु/विषय विज्ञहरुसँग छलफल/कार्यशाला
- पानी श्रोतहरूको गणना र नक्सांकन
- पानी श्रोत सर्वेक्षण एकीकृत योजना निर्माण
- पानी श्रोत संरक्षण गर्न स्थान छनौट
- कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयारी,
- प्रचलित नियम/ कानुन अनुसार कार्यक्रम संचालनका लागि सम्झौता/ कार्य थालनी
- पानी श्रोत संरक्षण वा जलाधार क्षेत्र संरक्षण

**जनशक्ति व्यवस्थापन**

विभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान, सीप तथा समयको कमी भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

**अपेक्षित उपलब्धी**

- पानी श्रोत सर्वेक्षण एकीकृत योजना निर्माण भएको हुनेछ ।
- तयार भएको योजना अनुसार नमूनाको रूपमा पानी श्रोत संरक्षण वा पानी श्रोत अन्तर्गत पर्ने जलाधार क्षेत्रको संरक्षण भएको हुनेछ ।

**भू तथा जलाधार संरक्षण सम्बन्धि नीतिगत बहस, पैरवी एवं समन्वयात्मक अन्तरक्रिया**

भू तथा जलाधार संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने नीति, रणनीत मापदण्ड तथा कार्यविधि तयार गर्न साथै सो सम्बन्धि हालसम्म तयार भएका विभिन्न मस्यौदाहरूको सरोकारवालाहरूसँग बहस, पैरवी एंव अन्तरक्रिया गर्ने र अन्तरक्रियाबाट प्राप्त सुझाव तथा सल्लाहरूलाई मस्यौदामा समेटी अन्तिम रूप दिने प्रयास गरिनेछ । यस कार्यक्रम अन्तर्गत भू तथा जलाधार संरक्षण ऐन २०३९ लाई समय सापेक्ष परिमार्जन गर्न अन्तरक्रिया समेत गर्न सकिनेछ ।

**कार्यान्वयन प्रकृया**

- अवधारणा पत्र तयारी तथा लागत अनुमान स्वीकृत
- सरोकारवालाहरूसँग बहस, पैरवी एंव अन्तरक्रिया
- आवश्यक नीति, रणनीति, मापदण्ड तथा कार्यविधि तयारका लागि समन्वयात्मक कार्यक्रम सञ्चालन गरी मस्यौदा तयार गर्ने
- विभिन्न मस्यौदाहरूलाई अन्तिम रूप दिन सरोकारवालाहरूसँग अन्तरक्रिया गर्ने

**जनशक्ति व्यवस्थापन**

विभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान, सीप तथा समयको कमी भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

भू तथा जलाधार संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने नीति रणनीति, मापदण्ड तथा , कार्यविधिहरूको मस्यौदा वा अन्तिम प्रतिवेदन तयार भएको हुनेछ ।

## संघ, प्रदेश र स्थानीय तह बीच कार्यक्रम व्यवस्थापन सम्बन्धि अन्तरक्रिया

संघीय संरचना अनुसार भू तथा जलाधार व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु संघ, प्रदेश र स्थानीय तहहरुमा विभाजन भएको सन्दर्भमा एकआपसमा समन्वयात्मक र सहकार्यको रुपमा के कसरी क्रियाकलापहरु सञ्चालन गर्न सकिन्छ भन्ने उद्धेश्य अनुसार अन्तर तह र अन्तर निकायगत अन्तरक्रिया गरी साझा प्रयासको थालनी गर्ने उपायहरु पहिचान गर्नु यस क्रियाकलापको प्रमुख उद्धेश्य रहेको छ । यसमा संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित क्रियाकलापहरुको जानकारी आदान प्रदान गर्नुको साथसाथै भावी सहकार्यको विचार, विषयगत क्षेत्रको पहिचान र कार्य योजना समेत आदान प्रदान हुनेछ ।

### कार्यान्वयन प्रक्रिया

- स्थल छनौट
- अवधारणा पत्र तयारी तथा लागत अनुमान स्वीकृत
- कार्यान्वयन चरणः गोष्ठी, अन्तरक्रिया र साझा अवधारणाको विकास

### जनशक्ति व्यवस्थापन

विभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान, सीप तथा समयको कमी भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

### अपेक्षित उपलब्धि

तिनै तहबाट सञ्चालन हुने क्रियाकलापहरुको **Duplication** नहुन सहकार्य र समन्वय भई कार्यक्रम कार्यान्वयनको प्रभावकारितामा अभिवृद्धि भएको हुनेछ ।

## थप १० ओटा जलाधार क्षेत्र घोषणाको सम्भाव्यता अध्ययन

बयना। वर्षातको समयमा आउने बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपहरूबाट हुने भू क्षय, बाढी लगायत मानविय जीउधन र कृषियोग्य जमिनमा हुने क्षति जस्ता प्रकोप न्यूनीकरणका लागि भू तथा जलाधार संरक्षण ऐन २०३९ र नियमावली २०४२ मा व्यवस्था भए बमोजिम संरक्षित जलाधार क्षेत्र घोषणा गर्न महत्वपूर्ण जलाधार क्षेत्रहरू पहिचान गरी सो को सम्भाव्यता अध्ययन गर्ने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ ।

**कार्यान्वयन प्रकृया**

- स्थल छनौटका लागि सरोकारवाला निकायहरूसँग अन्तरक्रिया
- बस्तु स्थितिको विश्लेषण  :अध्ययन अनुसन्धान, अन्तरक्रिया
- कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयारी
- स्थलगत अनुगमन  ,सूचना/तथ्यांक संकलन, रेखांकन, व्यवस्थापकीय चुनौती पहिचान ,
- मस्यौदा प्रतिवेदन तयारी तथा पृष्ठपोषण
- अन्तिम प्रतिवेदन तयारी तथा प्रतिवेदन प्रकाशन

**जनशक्ति व्यवस्थापन**

विभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान, सीप तथा समयको कमी भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

**अपेक्षित उपलब्धि**

संरक्षित जलाधार क्षेत्र घोषणा प्रकृया अगाडी बढाउन थप १० वटा सम्भावित महत्वपूर्ण जलाधार क्षेत्रहरूको पहिचान भई सम्भाव्यता अध्ययन भएको हुनेछ ।

## Watershed Atlas को स्तरोन्नती तथा प्रकाशन

बेसिन, सब-बेसिन, जलाधार क्षेत्रलाई राजनैतिक सिमानासँग मिलान गरी जलाधार क्षेत्रहरुको नामाकरण र क्षेत्रफल देखिने गरी अन्य जलाधारसंग सम्बन्धित तथ्यांक र विवरण सहितको मानचित्रावली (Watershed Atlas) आ.व. २०७७/७८ मा तयार भएको छ । यस मानचित्रावालीमा सब बेसिन अन्तर्गतका जलाधारहरुको विस्तृत तथ्याकंहरूको संकलन, अध्यावधिक तथा नक्सांकन गरी स्तरोन्नती र सोको प्रकाशन गर्नु यस क्रियाकलापको मुख्य उद्धेश्य रहेको छ । यसका लागि विगतमा तयार गरिएका नक्साहरु, वृहत जलाधार व्यवस्थापन केन्द्रहरुले तयार गरेका प्रतिवेदनहरु समेत सन्दर्भ सामाग्रीका रुपमा प्रयोग गर्न सकिनेछ ।

यस अन्तर्गत निम्न क्रियाकलापहरु गर्न सकिनेछः

- विभिन्न विषयगत नक्साहरुको खरिद,
- GIS Processing सँग जोडिएका Software/Tools हरुको खरिद,
- विषयगत सरोकारवालाहरुसंग अन्तरक्रिया,
- Color print गर्न चाहिने सामाग्रीहरु,
- फिल्ड भेरिफिकेशनका कार्यहरु,
- मानचित्रावाली प्रकाशन सम्बन्धी कार्यहरु,
- विज्ञसंग परामर्श, अन्तरक्रिया/गोष्ठी, तालिम

### कार्यान्वयन प्रक्रिया

- सन्दर्भ सामाग्री संकलन र तथ्यांक सूचनाको विश्लेषण
- जलाधार क्षेत्र/राजनैतिक क्षेत्र पहिचान र नक्शांकन
- GIS Software/Tools को प्रयोग, Data Processing, Map Preparation
- स्थलगत verification सम्बन्धी कार्यहरु (आवश्यकता अनुसार)
- विज्ञसंग परामर्श, अन्तरक्रिया/गोष्ठी, तालिम
- प्रतिवेदन प्रकाशन

### जनशक्ति व्यवस्थापन

विभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान, सीप तथा समयको कमी भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

उपलब्धि

..., सब-बेसिन, जलाधार, उपजलाधार क्षेत्रलाई राजनैतिक सिमानासँग मिलान गरी जलाधार क्षेत्रको नामाकरण र क्षेत्रफल देखिने गरी जलाधार क्षेत्रको मानचित्रावली (Watershed Atlas) प्रतिवेदन तयार हुने।

## ५.२१ पहिरो प्रकोप न्यनिकरण पूर्व सूचना प्रणाली स्थापना (सुनकोशी जलाधार क्षेत्र)

सम्भावित पहिरोको पूर्वसूचना दिई जनधनको क्षति हुनबाट जोगाउनु यस कार्यक्रमको मुख्य उद्धेश्य रहेको छ । विगतमा विभिन्न संरक्षण साझेदार संस्थाहरुसंगको सहकार्यमा दोलखा र नुवाकोट जिल्ला र विभागको पहलमा ललितपुरको मेथुममा स्थापना भएका समुदायमा आधारित पूर्वसूचना प्रणालीका सफलतम अभ्यासहरुलाई सुनकोशी जलाधार क्षेत्रमा समेत प्रयोग गर्ने तथा स्थापित पूर्वसूचना प्रणालीहरुको मर्मत सम्भार समेत गरिनेछ ।

सहयोगी कार्यहरु

- स्थान छनौट
- पूर्वसूचना प्रणाली स्टेशन स्थापना
- संरक्षण समिति गठन तथा सशक्तिकरण

**कार्यान्वयन प्रकृया**

- स्थान छनौट
- अवधारणा पत्र, लागत अनुमान तयारी तथा स्वीकृति
- सरोकारवाला पक्षहरुसँग अन्तरकृया
- पूर्वसूचना प्रणाली **(System)** स्थापना
- अध्ययन अनुसन्धान, तथ्यांक सकंलन
- अनुगमन तथा मुल्याङ्कन
- मर्मत सम्भार कार्ययोजना

**अपेक्षित उपलब्धिः** पहिरो पूर्वसूचना प्रणालीका आधारमा पहिरोको प्रकोप आउनु अगाडी नै जनधनको सुरक्षा गर्न सकिनेछ ।

**जलाधार व्यवस्थापन सम्बन्धि अध्ययन अनुसन्धानको लागि वन विज्ञान अध्ययन संस्थानसँग सहकार्य**

जलाधार क्षेत्रलाई विभिन्न प्राकृतिक तथा मानव सृजित कारणहरुले प्रभाव पारी भूमिको उत्पादकत्व तथा उत्पादन घट्दै गइरहेको, पानीको गुणस्तर तथा परिमाणमा ह्रास आइरहेको, जलवायु परिवर्तनजन्य जोखिमको बढोत्तरी साथै जलउत्पन्न बहुप्रकोप समेत बढ्दै गइरहेको र यसबाट स्थानीय समुदायको जीविकोपार्जनमा समेत असहज परिस्थिति सृजना भएको सन्दर्भमा समस्टिगत रुपमा जलाधार सम्वेदनशिलताको अवस्था तथा त्यसबाट भविष्यमा आउन सक्ने सम्भावित असरहरु समेतको आधारभूत तथ्यांक संकलन सहित जलाधार व्यवस्थापन अध्ययन अनुसन्धान गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहने छ । हाल विकसित भएका प्रविधि र विषयगत प्राज्ञिक ज्ञान सीप समेतलाई समायोजन गरी अध्ययन अनुसन्धान कार्यलाई थप प्रभावकारी बनाउने उद्धेश्यका साथ वन विज्ञान अध्ययन संस्थानसंगको सहकार्यमा जलाधार व्यवस्थापनका विविध आयामहरुको अध्ययन अनुसन्धान गर्ने गरी यो कार्यक्रम प्रस्ताव गरिएको छ । यस अध्ययन अनुसन्धान कार्यक्रमबाट जलाधार क्षेत्रहरुको संवेदनशिलता पहिचान र प्राथमिकीकरण, व्यवस्थापकीय कार्ययोजना तयारी तथा कार्यन्वयनमा टेवा पुग्ने नयाँ विषयहरु उजागर भइ आगामी दिनमा जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयनमा थप सहजता हुनेछ ।

कार्यान्वयन प्रक्रिया

- अवधारणा पत्र, लागत अनुमान तयारी तथा स्वीकृति,
- वन विज्ञान अनुसन्धान संस्थानसंग समेत प्रारम्भिक अवधारणा पत्र माग,
- वन विज्ञान अध्ययन संस्थानसंग समझदारी पत्र **(MOU)** मा हस्ताक्षर र सम्झौता,
- व.वि.अ.सं. संगको सहकार्यमा अनुसन्धानका लागि योग्य विषयगत प्रस्तावहरुको छनौट,
- वन विज्ञान अध्ययन संस्थानबाट अध्ययन अनुसन्धान कार्यको कार्यान्वयन,
- आवश्यकता अनुसार संयुक्त अनुगमन,
- अध्ययन तथा अनुसन्धानको मस्यौदा प्रस्तुति,
- अध्ययन तथा अनुसन्धानको अन्तिम प्रतिवेदन स्वीकृत र अन्तिम भुक्तानी,
- सरोकारवालाहरु बीच अनुसन्धानका नतिजाहरुको सार्वजनिकीकरण र प्रसार,

**अपेक्षित उपलब्धिः** जलाधार संवेदनशिलता र व्यवस्थापनमा प्रभाव पार्ने विभिन्न कारणहरु तथा असरहरुको अध्ययन अनुसन्धान भइ जलाधार क्षेत्रको संवेदनशिलताको हालको अवस्था थाहा हुनका

ध्ययन अनुसन्धानको नतिजाबाट भविष्यमा योजना तर्जुमा तथा कार्यक्रम प्राथमिकीकरणको लागि वालाहरुलाई दिशानिर्देश प्राप्त हुनेछ ।

## ५.२३ क्षतिग्रस्त भुमि पहिचान र योजना निर्माण कार्यक्रम

भू-जैविक, आर्थिक सामाजिक तथ्याङ्कको आधारमा कुनै प्रकारको क्षतिग्रस्त भुमि–क्षेत्र वा क्षतिग्रस्त जलाधार क्षेत्रको योजना निर्माण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

**जनशक्ति व्यवस्थापन**

वन तथा भु संरक्षण विभागले जनशक्तिको व्यवस्थापन गरी कार्य सम्पादन गरिने छ ।

**अपेक्षित उपलब्धी**

क्षतिग्रस्त भुमि क्षेत्र वा क्षतिग्रस्त जलाधार क्षेत्रको योजना निर्माण हुनेछ ।

## ५.२४ नदी उकास जग्गा पहिचान र पुर्नस्थापना कार्यक्रम

खोलानाला/खहरेखोला/नदीले वहाव परिवर्तन सँगै छोडेको जमिनको वा खोलानाला/खहरेखोला/नदीले क्षति गरेको/क्षति गर्न सक्ने जमिनको वा खोलानाला/खहरेखोला /नदीसँग जोडिएको जमिनको पहिचान/छनौट गरी संरक्षण गर्नु, उपयोगमा ल्याउनु र उक्त जमिनको भू उत्पादकत्व वृद्दि गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

यस अन्तर्गत निम्न कुनै पनि कार्यहरु सञ्चालन गर्न सकिने छ ।

- वृक्षारोपण , बाँस अमिृसो रोपण, फलफल खेती तथा कृषि वन प्रणाली विकास विस्तार, आयमुलक कार्यक्रमहरु
- खोला–नदी किनारा संरक्षण ,व्यवस्थापन (Civil structural measures as well as vegetative measures)
- River green cooridor development नदी/खोला हरित पेट्टी विकास, Picinic spots/recreational park development
- वृक्षारोपण, बाँस अमिृसो रोपण, फलफल खेती तथा कृषि वन प्रणाली विकास विस्तार, आयमुलक कार्यक्रमहरु
- अन्य एकिकृत भु-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यहरु,

**ान/कार्य संचालन प्रक्रिया**

- स्थान छनौट, लागत ईष्टिमेट, कार्य सञ्चालन र कार्य सम्पन्न ।

**जनशक्ति व्यवस्थापन**

वन तथा भु संरक्षण विभागले जनशक्तिको व्यवस्थापन गरी कार्य सम्पादन गरिने छ ।

**अपेक्षित उपलब्धी**

एक स्थान/क्षेत्रमा खोलानाला/खहरेखोला/नदी उकास जग्गा वा खोलानाला/खहरेखोला/नदीसँग जोडिएको क्षति भएको जग्गा संरक्षण, व्यवस्थापन कार्यक्रम सञ्चालन हुनेछ । यस कार्य सञ्चालनबाट १०० भन्दा बढी जनताहरुले प्रत्येक्ष-अप्रत्येक्ष फाइदाहरु पाउने छ ।

## खण्ड २ः बृहत् जलाधार व्यवस्थापन केन्द्रहरु तर्फ

### ५.२.१ बहुवर्षिय बिरुवा उत्पादन

**उद्देश्य**

संरक्षणका लागि आवश्यक र उपयुक्त तथा स्थानीय समुदायको चाहना समेतलाई मध्यनजर गरी विविध प्रजातिका बिरुवाहरु उत्पादन गरी समुदायमा हरियाली प्रवर्द्धन गर्नु ।

**गर्न सकिने क्रियाकलापहरु**

नर्सरीको मर्मत् सुधार, उपयुक्त प्रजाति छनौट, विभिन्न प्रजातिका बीउ संकलन र खरीद, बिरुवा उत्पादन, बिरुवा वितरण, बिरुवा व्यवस्थापनका लागि आवश्यक जनशक्ति व्यवस्थापनको कार्य समेत ।

नर्सरीमा बिरुवा उत्पादन कार्य बहुवर्षिय हुने भएको हुँदा ठूलो प्रजातिका बिरुवा उत्पादनका लागि प्रजाति अनुसारको साईजको पोलीब्याग प्रयोग गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

बिरुवा उत्पादन कार्य प्राविधिक विषय भएकोले विभागीय नर्मस र जिल्ला दररेटको आधारमा बिरुवा उत्पादनको लागि लागत अनुमान तयार गरी बिरुवा उत्पादन कार्य वृहत् जलाधार व्यवस्थापन केन्द्रबाट प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा गरिनेछ ।

**अपेक्षित उपलब्धिः** लक्षित बिरुवा परिमाणात्मक तथा गुणात्मकता कायम गर्दै विभिन्न प्रजातिका बिरुवा उत्पादन भई समुदायमा वितरण भई रोपण हुनेछन् जसबाट वातावरणीय स्वच्छता कायम हुनमा मद्दत पुग्न जानेछ ।

### ५.२.२ बहुउद्देश्यीय बहुवर्षिय नर्सरी स्थापना

**उद्देश्य**

वृहत् जलाधार क्षेत्र अन्तर्गत् विभिन्न स्थानहरुमा रहेको खाली तथा बाँझो जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्धन, स्थानीय समुदायको आयमूलक क्रियाकलापमा अभिवृद्धि तथा जलवायु परिवर्तृन अनुकूलन कार्यमा टेवा पुर्याउने उद्देश्यले उपयुक्त जग्गाको पहिचान गरी स्थायी प्रकृतिको बहुउद्देश्यीय नर्सरी स्थापना गरिनेछ ।

**गर्न सकिने क्रियाकलापहरु**

नर्सरीमा बिरुवा उत्पादनका लागि आवश्यक भौतिक संरचना निर्माण, विद्युत, सिंचाई, कम्पोष्टिंग, ट्यागिंग, नर्सरी लेआउट देखिने गरि होर्डिंगबोर्ड, नर्सरीको सुरक्षा व्यवस्था, जनशक्तिको व्यवस्थापन आदिको उपयुक्त व्यवस्था गरिने छ ।

**यन प्रक्रिया**

विभागीय नर्मस, प्रचलित जिल्ला दररेट बमोजिमको लागत अनुमान तयार गरी नेपाल सरकारको प्रचलित ऐन, नियमको परिधिभित्र रही केन्द्रको प्रत्यक्ष निगरानी वा सेवाप्रदायक संस्थाबाट नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन ।

**अपेक्षित उपलब्धिः** यस कार्यबाट एउटा स्थायी बहुवर्षीय बहुउद्देश्यीय नर्सरी स्थापना भई विभिन्न प्रकारका बायोइन्जिनियरिंगमा उपयोगी प्रजाती, काष्ठ, सौन्दर्यमूलक, डालेघाँस, जडिबुटी प्रजातिका बिरुवाहरु उत्पादन हुनुका साथै यस कार्यबाट स्थानीयस्तरमा रोजगारी श्रृजना हुनेछ ।

५.२.३ हरियाली पार्क निर्माण तथा वृक्षारोपण

**उद्देश्य**

खाली सार्वजनिक जग्गा, सरकारी जग्गा, नदीउकास जग्गा, खेर गइरहेको जग्गा, बाँझो जग्गा, निजी जग्गा हरुमा हरियाली प्रवर्द्धनबाट स्वच्छ वातावरण निर्माण गरी प्रकृतिसंगको निकटता महसुस गराउने ।

**गर्न सकिने कार्यहरु**

हरियाली पार्क निर्माण तथा वृक्षारोपण कार्यक्रम निजी तथा सार्वजिनक जग्गामा निम्नानुसारका क्रियाकलापहरु सहित सञ्चालन गर्न सकिनेछ ।

- उद्यान निर्माणका लागि वानस्पतिक तथा संरचनात्मक कार्यहरु
- मनोरञ्जन स्थल निर्माण
- विश्राम स्थल निर्माण
- पानी व्यवस्थापन
- पार्क सम्मको पहुँच मार्ग निर्माण, पदमार्ग निर्माण,टहरा निर्माण, गोलघर निर्माण लगायतका पार्क सौन्दर्यीकरण कार्य
- शौचालय निर्माण
- सौन्दर्य प्रजातिका बिरुवा, रुख प्रजातिका बिरुवा, फलफूल प्रजातिका बिरुवा रोपण
- विभिन्न मनोरञ्जनका सामग्रीहरु खरीद तथा व्यवस्थापन
- घेराबेरा तथा तारबार
- उद्यानको लेआउट सहितको होर्डिङ्गबोर्ड
- संयुक्त स्थलगत अनुगमन
- अनुभव आदान प्रदान, अध्ययन अवलोकन

**यन प्रक्रिया**

- सम्भाव्य स्थल पहिचान, छनौट, र सर्भे
- सरोकारवालाहरुसंग अन्तरक्रिया र छलफल
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
- पूर्वाधार निर्माण, वृक्षारोपण, कार्य सम्पन्न
- प्रतिवेदन तयारी
- उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी
- सञ्चाचालन तथा मर्मत सम्भार

**अपेक्षित उपलब्धिः** उपयोगमा नरहेको जग्गाको सदुपयोग भई हरियाली प्रवर्द्धन हुनुका साथै स्थानीय स्तरमा रोजगारीको सम्भावना समेत अभिवृद्धि हुने ।

## ५.२.४ सव-वेसिन जलाधार व्यवस्थापन एकिकृत कार्यक्रम

### उद्देश्य

यस कार्यक्रम अन्तरगत गण्डकी वृहत जलाधार अन्तरगत रहेको उप-वृहत जलाधारमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमवाट वाढी पहिरो, खोला कटानका असरहरु न्यूनिकरण गर्न तथा घट्दै/सुक्दै गईरहेका पानीका स्रोतहरुको व्यवस्थापन गरी पानीको दीगो व्यवस्थापन मार्फत समुदायको जिविकोपार्जनमा टेवा पुऱ्याउने।

### संभावित कार्यक्रम तथा कृयाकलापहरु

- पहिरो उपचार (भल तर्काउने कुलो, नाला, चेक ड्याम, वाल, बायोईन्जिनियरिङ प्रविधिका लागि घाँस, बाँस, अम्रिसो लगायतका बुट्यान तथा रुख प्रजाति विरुवा रोपण) गर्ने
- पहिरो पूर्वसूचना प्रणाली विकास, जडान परिक्षण गर्ने
- गल्छि नियंत्रण (भल तर्काउने कुलो, नाला, चेक ड्याम, वाल, बायोईन्जिनियरिङ प्रविधिका लागि घाँस, वाँस, अम्रिसो लगायतका बुट्यान तथा रुख प्रजाती विरुवा रोपण) गर्ने,
- क्षतिग्रस्त भूमी पुनरुत्थान (भल तर्काउने कुलो, नाला, चेक ड्र्याम, वाल, बायोईन्जिनियरिङ प्रविधिका लागि घाँस, वाँस, अम्रिसो, फलफूल लगायतका बुट्यान तथा रुख प्रजाती विरुवा रोपण) गर्ने,
- संरक्षण खेति, कृषिवन प्रणालीको प्रबर्धन, भिरालो जमिनमा खेति प्रणाली **(Sloping Agriculture Land Technology_SALT)** आदि भू-संरक्षण प्रविधिहरुको अवलम्वन गर्ने,
- पानीका स्रोत हरुको उपलब्धता बढाउन पानी पुनर्भरण क्रियाकलापहरु संचालन गर्ने,

सव-वेसिन अन्तरगतका सहायक खोलाहरु, उप जलाधार क्षेत्रमा रहेका खानेपानीका स्रोतहरुको पानीको मात्रा एवं गुणस्तर बढाउने खालका क्रियाकलाप आदि सञ्चालन गर्ने ।

**कार्यान्वयन प्रकृया**

- स्थल छनौटः सरोकारवालाहरुसंगको छलफल तथा परामर्श लिई प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्ने स्थल छनौट गरिने छ ।
- सरोकारवालाहरुसँग अन्तरक्रियाः प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जलप्रवाह प्रणाली (खोला, खहरे, गल्छि) र सम्मुखमा रहेका वस्ती समुदाय, त्यस क्षेत्रमा रहेका वडाका प्रतिनिधिहरु, उपभोक्ता समुह/समिति तथा अन्य सरोकारवाला निकायहरुसँग कार्यक्रम कार्यान्वयन तथा संचालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहकार्यका लागि छलफल गरिने छ ।
- सर्भे डिजाईन तथा लागत अनुमान तयारीः यसमा स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भू-उपयोग देखिने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भूबनौट, प्रकोपको प्रकृति **(Mud flow, debris flow, Gulley Erosion size etc.)** तथा प्रभावित हुने घर परिवार, संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुनेछन् ।
- उपभोक्ता समितिसंग कार्य सम्झौता, स्रोत, साधन, जनसहभागिता आदि परिचालन, सम्पन्न योजना समूहलाई हस्तान्तरण गर्ने,
- इन्जिनियरिङ्ग संरचना निर्माण र संरक्षण वृक्षारोपण गर्ने,
- उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी गर्ने,
- सञ्चालन तथा मर्मत सम्भार उपभोक्ताबाट गर्ने,
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा तथा आवश्यकता अनुसार) गर्ने,

सव-वेसिनस्तरमा रहेको संस्थासंग समन्वय गरी प्रभावित उपभोक्ताहरु मार्फत यो कार्यक्रम संचालन गर्नुपर्ने छ । मानवीय कृयाकलापका कारण सृजित पहिरो तथा भू-क्षय स्थल तथा प्रत्यक्ष रुपमा मानव बस्ती र मानवको जिउधनको रक्षासंग जोडिएका पहिरो तथा भू-क्षय स्थलहरुको उपचारमा प्राथमिकता दिईनेछ भने भौगर्भिक कारणले सृजित प्राकृतिक पहिरोहरु कम प्राथमिकतामा रहनेछन र प्रत्यक्ष रुपमा मानवीय जोखीम र महत्वपुर्ण पूर्वाधार (जलविद्युत जलाशय, महत्वपुर्ण सडक) मा संभावित क्षती हुने प्रकोपहरु बढी प्राथमिकतामा रहनेछन् ।

**अपेक्षित उपलव्धिः** सव-वेसिन स्तरमा जलाधार संरक्षण तथा व्यवस्थापन गरी पानी स्रोतको दीगो संरक्षण, भू-क्षय तथा बाढी पहिरोको तात्कालिन तथा दीर्घकालिन समाधान तथा आयआर्जनमा बृद्धि भई जनताको जीविकोपार्जनमा दीगो टेवा पुग्नेछ ।

## संरक्षण कार्यको व्यवस्थापन रेखदेख

**उद्देश्य**

वृहत् जलाधार व्यवस्थापन केन्द्रबाट सम्पादित कार्यक्रमहरुको संरक्षण व्यवस्थापन तथा रेखदेख गरी दिगो उपयोग तथा लाभ प्राप्त गर्नका साथै स्थानीयस्तरमा रोजगारी श्रृजना गर्ने ।

**गर्न सकिने क्रियाकलापहरु**

निर्मित संरचनाहरुको मर्मत सम्भार, नर्सरीको व्यवस्थापनमा थप निर्माण कार्य, आवश्यक रेखदेख तथा मर्मत सम्भारको लागि जनशक्ति तथा स्रोतको व्यवस्थापन ।

**कार्यान्वयन प्रकृया**

- सम्भाव्य स्थल पहिचान, छनौट, र सर्भे
- सरोकारवालाहरुसंग अन्तरक्रिया र छलफल
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
- कार्यान्वयन र कार्य सम्पन्न
- प्रतिवेदन तयारी
- उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी
- सञ्चालन तथा मर्मत सम्भार

**अपेक्षित उपलब्धिः** यस कार्यक्रमबाट विभिन्न स्थानमा निर्मित संरचनाहरु तथा क्षेत्रको उचित व्यवस्थापन तथा रेखदेख भई दिगोपना कायम हुन गई स्थानीय स्तरमा रोजगारी श्रृजना समेत हुन जानेछ ।

## ५.२.६ हरितपेटी सहितको खहरे/खोला/नदी किनार संरक्षण तथा तटबन्धन

**उद्देश्य**

प्राकृतिक, मानवीय, जलवायु परिवर्तनजन्य कारणहरुबाट वर्षेनी धनजनको ठूलो क्षति पुर्याउने बाढी, नदी किनार कटान तथा अन्य भूस्खलनहरुको असरबाट सिर्जित समस्या समाधान गर्न वातावरणमैत्री रुपबाट नदी किनारको दुवै छेउमा बिरुवाको हरित पेटीका सहितको संरचना निर्माण गरी खोला खहरे किनारा संरक्षण गर्ने साथसाथै हरियाली प्रवर्द्धन समेत गर्ने ।

**गर्न सकिने क्रियाकलापहरु**

- खोलाकिनार सुदृढीकरण कार्य
- खोलाकिनार तटबन्ध

- खहरे रोकथाम
- नदी नियन्त्रण
- नदीकटान नियन्त्रण
- सेल्टरबेल्ट ग्रीनबेल्ट निर्माण
- बाँध निर्माण/डाइक निर्माण
- जोखिमयुक्त बस्तीहरुको संरक्षण
- बायोइन्जिनियरिग संरचना निर्माण
- स्पर, डाईक, चेकड्याम निर्माण
- संरक्षण आयमूलक कार्यक्रम, फलफूल बिरुवारोपण
- संयुक्त स्थलगत अनुगमन,
- अनुभव आदान प्रदान, अध्ययन अवलोकन

**कार्यान्वयन प्रक्रिया**

- सम्भाव्य स्थल पहिचान
- स्थलगत भ्रमण तथा स्थल छनौट
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
- कार्य सम्पन्न, उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी
- सञ्चालन तथा मर्मत सम्भार उपभोक्ताबाट

**अपेक्षित उपलब्धिः** अनियन्त्रित र अव्यवस्थित खोला कटानबाट कृषियोग्य जमिनको संरक्षण, सिंचाई कूलो व्यवस्थापन हुन गई खोला किनारको जमिन संरक्षण हुनुको साथै भूमि उत्पादकत्व अभिवृद्धी हुनेछ । साथै खोला नदी किनार संरक्षणको लागि प्रदर्शन स्थलको विकास समेत हुनेछ ।

५.२.७ एकीकृत भू-क्षय रोकथाम तथा गल्छी/पहिरो नियन्त्रण/व्यवस्थापन कार्यक्रम

**उद्देश्य**

पहिरोबाट हुने भू-क्षय न्यूनिकरण गर्नुका साथै पहिरो तथा अन्य भूस्खलनबाट यसको तल्लोतटीय र वरिपरिका क्षेत्रमा सृजित नकारात्मक असरबाट हुन सक्ने असर र जोखिमहरुको न्यूनिकरण गरी स्थानीय समुदायको जनजीवनलाई सहज बनाउने ।

**गर्न सकिने कार्यहरु**

[illegible] तथा अन्य भूस्खलनको व्यवस्थापनका लागि उपयुक्त वानस्पतिक तथा संरचनात्मक दुवै [illegible] प्याकेजको रुपमा कार्यान्वयन गरिनेछ । भौगर्भिक/प्राकृतिक पहिरोबाट बस्ती तथा विकासका पूर्वाधारहरुलाई असर नपर्दा सम्म यस्ता पहिरोलाई प्राथमिकतामा राखिनेछैन । पहिरो तथा अन्य भूस्खलनहरु विविध विषयसंग सम्बन्धित भएकोले निम्न कार्यहरु गर्न सकिनेछ ।

- भूस्खलन रोकथाम उपायको लागि चेकड्याम, टेवापर्खाल लगायतका इन्जिनियरिंग संरचना निर्माण,
- पानीभल व्यवस्थापनका लागि संरक्षण पोखरी निर्माण, पानीनिकास संरचना निर्माण,
- स्थलगत सुदृढीकरण तथा विकासका लागि उपयुक्त भू-उपयोग, बिरुवा तथा घाँस रोपण, समोच्च रेखामा वाटलिङ्ग, भिरालो सुधार, बायोइन्जिनियरिङ्ग संरचना निर्माण, तथा पशुचौपाया रोकथामका लागि घेराबेरा निर्माण
- भू-क्षय नियन्त्रण
- पहिरो नियन्त्रण
- समुदायको आयआर्जनका लागि फलफूल बिरुवारोपण
- प्रविधि प्रदर्शन स्थलको रुपमा विकास
- संयुक्त स्थलगत अनुगमन,
- अनुभव आदान प्रदान, अध्ययन अवलोकन

**कार्यान्वयन प्रक्रिया**

- सम्भाव्य स्थल पहिचान
- स्थलगत भ्रमण तथा स्थल छनौट
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
- कार्य सम्पन्न
- उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी
- सञ्चालन तथा मर्मत सम्भार उपभोक्ताबाट

**अपेक्षित उपलब्धिः** यस कार्यबाट पहिरो तथा भूस्खलन क्षेत्रको एकीकृत व्यवस्थापन, भू-क्षय न्यूनिकरण, विकासका संरचना संरक्षण तथा जनधनको क्षति न्यूनिकरण हुनुका साथै स्थानीय समुदायको जीविकोपार्जनमा सुधार भई पहिरो तथा भूस्खलन नियन्त्रणको प्रविधि विकासको एउटा प्रदर्शन स्थलको रुपमा विकास हुने ।

## आकस्मिक बाढी पहिरो/विपद् व्यवस्थापन कार्यक्रम

**उद्देश्य**

अधिक वर्षाको कारण बाढी/पहिरोवाट प्रभावित भएका व्यक्तिगत घरवस्ती, विकासका पूर्वाधार तथा कृषियोग्य जमिनको संरक्षणको लागि तुरुन्तै गर्न सकिने सुरक्षात्मक कृयाकलापहरु संचालन गरी जनधनको सुरक्षा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हुनेछ।

### गर्न सकिने कार्यहरु

- भूस्खलन रोकथाम उपायको लागि चेकडयाम, टेवापर्खाल जस्ता इन्जिनियरिंग संरचना निर्माण,
- पानीभल व्यवस्थापनका लागि संरक्षण पोखरी निर्माण, पानी निकास संरचना निर्माण,
- स्थल सुदृढिकरण तथा विकासका लागि उपयुक्त भूउपयोग, बिरुवा तथा घाँस रोपण, समोच्च रेखामा वाटलिङ्ग, भिरालो सुधार, बायोइन्जिनियरिङ्ग संरचना निर्माण तथा पशुचौपाया रोकथामका लागि घेराबेरा निर्माण,
- भू-क्षय नियन्त्रण,
- पहिरो नियन्त्रण,
- बाढी पहिरो जस्ता जलजन्य विपद् व्यवस्थापनका लागि आवश्यक तारजाली सामग्री सहित प्राविधिक सहयोग

### कार्यान्वयन प्रक्रिया

आकस्मिक रुपमा आइपर्ने विपदले व्यक्तिको घरवार नै उठिवास हुने अवस्था भई पिडित व्यक्तिले उपभोक्ता समिति वनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा जोखिममा रहेका उपभोक्ताको व्यक्तिगत निवेदन मार्फत पनि कार्यक्रम कार्यान्यन गर्न सकिने गरी कार्यालयवाट तत्काल राहत उपलव्ध गराउन यो कार्यक्रम संचालन गरिने छ । यस कार्यक्रम संचालन गर्दा स्थानीय प्रहरीको मुचुल्का, जिल्ला प्रशासन कार्यालय, विपद व्यवस्थापन समिति तथा सम्वन्धित वडा कार्यालयको सिफारिशको आधारमा स्थलगत निरिक्षण एवं लागत अनुमान तयार गरी कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रम संचालन गर्दा स्थानीय रुपमा उपलव्ध साधन स्रोतहरुको उपयोगमा प्राथमिकता दिनुपर्नेछ। तपशिल वमोजिमको कार्यान्वयन प्रक्रिया हुनेछ।

- निवेदन संकलन
- सम्भाव्य स्थल पहिचान
- स्थलगत भ्रमण तथा स्थल छनौट
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन

सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)

- कार्य सम्पन्न
- उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी
- सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्ताबाट

**अपेक्षित उपलब्धिः** जनताको तात्कालिन समस्याको निवारण भई जनधनको सुरक्षा हुने । स्थानीयस्तरमा भू-संरक्षण तथा जलाधार संरक्षणका स्थानीय स्रोतमा आधारित प्रविधिको विस्तार हुनेछ।

### ५.२.९ सिमसार संरक्षण, व्यवस्थापन तथा पर्यापर्यटन प्रवर्द्धन

**उद्देश्य**

सिमसार क्षेत्र वर्षा अथवा भूमिगत जलस्रोतबाट निर्मित प्राकृतिक वा मानव निर्मित चीरस्थायी वा अस्थायी प्रकृतिका बाह्रैमहिना जलभण्डार भएको क्षेत्र हो जसले वरिपरिको कृषिक्षेत्र, पानी जमेको दलदलक्षेत्र समेतलाई समेटेको हुन्छ । सिमसारक्षेत्र कृषिको लागि उर्वराक्षेत्र र जैविक विविधताको दृष्टिकोणले अति नैं धनी क्षेत्र मानिन्छ । अतः सिमसारक्षेत्र तथा तालतलैया क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्दै जैविक विविधता संरक्षण, मानवीय जिविकोपार्जनमा सुधार, पानी आपूर्ति, माछापालन, कृषि, वन, पर्यापर्यटन प्रवर्द्धन यस कार्यक्रमको मुख्य उद्देश्य रहनेछ ।

**गर्न सकिने कार्यहरु**

सिमसार क्षेत्रको संरक्षण व्यवस्थापनको लागि आवश्यक सम्पूर्ण वानस्पतिक तथा संरचनात्मक उपायहरु प्याकेजको रुपमा प्रयोग गरिनेछ । यस अन्तर्गत् निम्न क्रियाकलापहरु गर्न सकिनेछ ।

- सिमसारको जलाधार क्षेत्रको सरसफाई, संरक्षण, व्यवस्थापन कार्य,
- भूमिगत जल पुनर्भरणका कार्यक्रमहरु संचालनका लागि **ICIMOD Manual on Protocol for Reviving Springs in the Hindu Kush Himalaya** लाई समेत आधार मानी आवश्यकता अनुसार लैंगिक तथा सामाजिक समावेशीकरणलाई केन्द्रबिन्दुमा राखि विभिन्न उपायहरु सञ्चालन गर्ने,
- पानी निकास व्यवस्थापनको लागि इनलेट आउटलेट निर्माण,
- भिरालो व्यवस्थापनका लागि समोच्च खाडल, बण्ड निर्माण,
- दह/ताल संरक्षण र थिग्रीकरण व्यवस्थापन कार्य,
- बायोइन्जिनियरिङ्ग संरचना निर्माण,
- वृक्षारोपण तथा फलफूल रोपण, सौन्दर्य वृक्षारोपण,
- घेराबेरा तथा तारबार
- भूस्खलन रोकथाम तटबन्ध निर्माण

पर्यापर्यटन विकासका कार्यक्रम जस्तैः पार्क निर्माण, मनोरञ्जनस्थल निर्माण, टहरा निर्माण, पदमार्ग निर्माण, दृश्यावलोकन टावर निर्माण आदि,

- संयुक्त स्थलगत अनुगमन,
- अनुभव आदान प्रदान, अध्ययन अवलोकन

**कार्यान्वयन प्रक्रिया**

- सम्भाव्य स्थल पहिचान
- स्थलगत भ्रमण तथा स्थल छनौट
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
- कार्य सम्पन्न
- उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी
- सञ्चालन तथा मर्मत सम्भार उपभोक्ताबाट

**अपेक्षित उपलब्धिः** सिमसार/तालतलैया क्षेत्रको संरक्षण व्यवस्थापनबाट वातावरणीय स्वच्छता कायम हुनुका साथै स्थानीय समुदायको जीविकोपार्जनमा उल्लेख्य सुधार हुने ।

५.२.१० सिंचाई पोखरी निर्माण तथा व्यवस्थापन

**उद्देश्य**

वर्षामा भलबाट हुने भू-क्षय न्यूनिकरण गर्नुका लागि पानीको व्यवस्थापन गर्ने भलपानी सङ्कलन गरी खेतिपाती र पशुपालन लगायत बहुउद्देश्यीय उपयोगको लागि पानी उपलब्ध गराउने ।

**गर्न सकिने कार्यहरु**

वर्षातमा परेको पानीको भलबाट हुने भू-क्षयको समस्यालाई न्यून गर्न पोखरी निर्माण गरी अधिक पानीलाई भण्डारण गरेर पछी खेतिपाती लगायतका कार्यमा प्रयोग गर्नका लागि यस अन्तर्गत् सिंचाईपोखरी तथा यसको जलाधारक्षेत्रमा संरचनात्मक र वानस्पतिक उपायहरु प्रयोग गरिनेछ । यसमा सिंचाईको लागि पानीको वितरणको लागि गरिने अन्य आवश्यक क्रियाकलापहरु समेत समावेश गर्न सकिनेछ ।

- पानी सदुपयोगको लागि नयाँ पोखरी निर्माण अथवा पुराना पोखरीको सुधार कार्य,

भूमिगत जल पुनर्भरणका लागि **ICIMOD Manual on Protocol for Reviving Springs in the Hindu Kush Himalaya** लाई समेत आधार मानी आवश्यकता अनुसार लैंगिक तथा सामाजिक समावेशीकरणलाई केन्द्रबिन्दुमा राखि विभिन्न उपायहरु सञ्चालन गर्ने,

- आवश्यक संरक्षणका उपायहरु जस्तै कन्टूर ट्रेञ्च, कन्टूर गह्रा, कन्टूर बण्ड, ससाना गल्छी पहिरो नियन्त्रण, चेकड्याम, टेवापर्खाल निर्माण लगायत बिरुवा तथा घाँस रोपण,
- सुरक्षित पानी निकासको लागि डाइभर्सन च्यानेल, इनलेट र आउटलेट निर्माण,
- सिंचाई कुलो निर्माण तथा सुधार,
- पोखरीको सुरक्षाका लागि घेराबेरा तथा तारबार,
- प्लाष्टिक पोखरी निर्माण,
- आयआर्जनका लागि फलफूल बिरुवा रोपण,
- जलवायु परिवर्तन अनुकूलनमैत्री संरचना निर्माण,
- संयुक्त स्थलगत अनुगमन,
- अनुभव आदान प्रदान, अध्ययन अवलोकन

**कार्यान्वयन प्रक्रिया**

- सम्भाव्य स्थल पहिचान
- स्थलगत भ्रमण तथा स्थल छनौट
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
- कार्य सम्पन्न
- उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी
- सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्ताबाट

**अपेक्षित उपलब्धिः** सिंचाई पोखरी निर्माण तथा सुधार भई वर्षाको अत्यधिक पानीको व्यवस्थापनबाट भू-क्षय न्यूनिकरण हुनुका साथै सिंचाईको लागि पानीको उपलव्धतामा अभिवृद्धि हुन गई स्थानीय समुदायको जीविकोपार्जनमा समेत सुधार हुनेछ ।

## ५.२.११ कुवा/मुहान संरक्षण

**उद्देश्य**

भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यबाट पानीको उत्पादकत्व र गणस्तर अभिवृद्धी गरी स्थानीय समुदायमा पानीको सहज आपूर्ति गर्ने ।

**...ने कार्यहरु**

...िक तथा संरचनात्मक उपायहरुको उपयोग गरी पानी मुहान र यसको जलाधार/मूलाधारक्षेत्रको व्यवस्थापन गर्नका लागि यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

- भूस्खलन रोकथामका उपायहरुः गल्छी/पहिरो रोकथाम, कन्टूर वाटलिङ्ग, कन्टूर गह्रा, कन्टूर खाडल, कन्टूर बाँध, टेवापर्खाल, छेकबाँध, डाईभर्सन च्यानेल, सुरक्षित पानी निकास संरचना निर्माण कार्य गर्ने,
- भूमिगत जल पुनर्भरणका लागि **ICIMOD Manual on Protocol for Reviving Springs in the Hindu Kush Himalaya** लाई समेत आधार मानी आवश्यकता अनुसार लैंगिक तथा सामाजिक समावेशीकरणलाई केन्द्रबिन्दुमा राखि विभिन्न उपायहरु सञ्चालन गर्ने,
- पानी संकलन ट्याङ्की निर्माण, पानी वितरण संरचना निर्माण, पोखरी निर्माण कार्य
- तारबार, घेराबेरा, हेरालु व्यवस्थापन कार्य
- जलाधारक्षेत्रमा उपयुक्त भू-उपयोग व्यवस्थापन कार्य
- पानीको मात्रा तथा गुणस्तर जाँच
- पानी व्यवस्थापनको संरचना निर्माण
- संयुक्त स्थलगत अनुगमन,
- अनुभव आदान प्रदान, अध्ययन अवलोकन

**कार्यान्वयन प्रक्रिया**

- सम्भाव्य स्थल पहिचान
- स्थलगत भ्रमण तथा स्थल छनौट
- सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
- कार्य सम्पन्न
- उपभोक्ता समूह/सेवाप्रदायकको खातामा भुक्तानी
- सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्ताबाट

**अपेक्षित उपलब्धिः** भू तथा जलाधार व्यवस्थापन कार्यबाट पानीमुहान र यसको जलाधार/मूलाधार व्यवस्थित भई पानीको स्वच्छता र उत्पादकत्व अभिवृद्धिबाट स्थानीय समुदायमा पानीको व्यवस्थित आपूर्ति हुनेछ ।

५.२.१२ तालतलैया क्षेत्रको थिग्रीकरण न्युनिकरण एकीकृत कार्यक्रम

**उद्देश्य**

...या क्षेत्रमा उपल्लोतटीय क्षेत्रबाट हुने थिग्रिकरण रोकथाम गरी तालतलैयाको स्वच्छता कायम ...थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउने ।

**गर्न सकिने कार्यहरु**

